काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक


दैनिक

**आर्थिक**

जापानी सहयोग नियोग जाइकाले निर्माण गरेको नागढुंगा सुरुङमार्गको सञ्चालन र व्यवस्थापन चिनियाँ कम्पनीले गर्ने भएको छ।

**समाचार**

प्राध्यापक डा. लक्ष्मण ज्ञवाली भन्छन्- जीवन बुझाउन सक्ने व्यावहारिक शिक्षा नीति चाहिन्छ।




**क्यान्सरको व्यवस्थापन**

परम्परागत फर्मेन्टेड खाना, सन्तुलित आहार, सक्रिय जीवनशैली र दीर्घ स्तनपानले शरीरको 'माइक्रोबायोम' सन्तुलन राख्दै क्यान्सरको जोखिम घटाउन मद्दत गर्छ।

वर्ष १७, अंक ३३१, पृष्ठ ८, मंगलबार १७ चैत २०८२, चैत्र शुक्लपक्ष त्रयोदशी, Tuesday, 31 March, 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com



सिंहदरबारस्थित प्रधानमन्त्रीको कार्यालयमा सोमबार बसेको मन्त्रिपरिषद् बैठक। *तस्बिर सौजन्य : प्रधानमन्त्रीको सचिवालय/रासस*

### मन्त्रिपरिषद्मा नयाँ अनुहार, नयाँ व्यवहार

# प्रधानमन्त्री शाह आफैंले भेटघाट नगर्ने, कार्यालयलाई नै जिम्मेवार बनाउने

**टपेन्द्र कार्की**

*काठमाडौं, चैत १६*

प्रधानमन्त्री बालेन्द्र शाहले प्रधानमन्त्री कार्यालयलाई जिम्मेवार बनाउने र समस्याको समाधान त्यहीबाट गर्ने सन्देश दिएका छन्। सांसदहरूसँग सोमबार संवाद थाल्दै उनले कुनै समस्या भए प्रधानमन्त्री कार्यालयमा राख्न अनुरोध गरे।

सबै खाले गुनासाहरूको सम्बोधन प्रधानमन्त्री कार्यालयबाटै हुने सन्देश उनले दिएका हुन्। उनले सांसदहरूसँग भएका समस्यालाई पहिला सुन्ने र त्यसको समाधानका उपायहरू निकाल्ने बताए। चरणबद्ध छलफल गर्ने हेतुले प्रधानमन्त्री शाहले सोमबार कोसी र कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्ने विभिन्न दलका सांसदहरूलाई बोलाएका थिए।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार निर्वाचन क्षेत्रका समस्या र समाधानका उपायका साथै राष्ट्रिय रूपमा के-कस्ता विषयमा काम गर्न सकिन्छ भनेर प्रधानमन्त्री शाहले सांसदहरूसँग राय लिएका थिए। त्यसक्रममा उनले सुशासन, बजेटमा सामानुपातिक वितरणमा कुनै कमजोरी नहुने विश्वास सांसदहरूलाई दिलाएका थिए। उनले सांसदहरूसँग तत्कालका समस्या बुझ्दै तिनको समाधानको उपायबारे छलफल गरे। सांसदबाट उठेका सवालको जवाफ दिने क्रममा उनले मूलतः ६ सन्देश दिन खोजेका थिए।



**सांसदहरूलाई प्रम शाहका मुख्य ६ सन्देश**

- सुशासनमा जोड दिने
- स्वकीय सचिव नराख्ने
- राजनीतिक मुद्दामा नबोल्ने
- संविधान संशोधनमा बहस चलाउने
- बजेट समानुपातिक रूपमा वितरण गर्ने
- समस्या भए प्रधानमन्त्री कार्यालयमा सम्पर्क राख्ने

सांसदहरूले सबै सांसद विज्ञ नहुने भएकाले स्वकीय सचिव राख्ने व्यवस्था गर्नुपर्ने, विकास निर्माणको बजेटमा अन्याय हुन नहुने, राजनीतिक प्रतिशोधका आधारका कोहीकसैलाई थुन्न नहुनेजस्ता समस्या र गुनासा राखेका थिए। सांसदहरूले आफ्ना क्षेत्रका समस्या मात्र नभएर राजनीतिक प्रतिशोधको विषय पनि उठाएका थिए। प्रधानमन्त्री शाहले सुशासनमा जोड दिने, स्वकीय सचिव नराख्ने, संविधान संशोधनमा बहस चलाउने, बजेट समानुपातिक रूपमा वितरण गर्ने, प्रधानमन्त्री कार्यालयलाई जिम्मेवार बनाउने र राजनीतिक मुद्दामा नबोल्ने सन्देश दिएका थिए। कोसी र कर्णालीका सांसदहरूसँग तीन घण्टा बिताएका उनले छोटो समय मात्र बोलेका थिए। त्यसक्रममा उनले सांसदहरू आफैं फाइल बोकेर हिँड्ने प्रणालीको अन्त्य हुनुपर्ने पनि बताएका थिए।

कोसी प्रदेशका सांसद राजेन्द्र राईका अनुसार सांसदहरूले उठाएको विषयहरूमध्ये राजनीति मुद्दा र स्वकीय सचिवबारे प्रधानमन्त्री शाहले केही जवाफ दिएनन्। उनले बजेटमा अन्याय हुन नदिने बताएका थिए। उनले समस्या भए प्रधामन्त्री कार्यालयमा टिपाउन अनुरोध गर्दै त्यहीबाट समाधान हुने जानकारी गराए। उनले सकेसम्म प्रधानमन्त्रीलाई नै भेटेर गुनासो गर्ने वातावरण बनाउन नहुने सन्देश पनि दिएका थिए।

नेकपा एमालेका सांसदहरूले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई प्रतिशोधका आधारमा पक्राउ गरिएकाले उनीहरूलाई छाड्न गरेका थिए। उक्त आग्रहबारे प्रधानमन्त्री शाहले कुनै जवाफ दिएनन्। उनले यस्ता विषयमा नबोल्ने नीति लिएको आभाससमेत दिलाएका थिए। त्यसक्रममा उनले संविधान संशोधनको विषयमा सरकारले कार्यदल गठन गर्ने जानकारी गराएका थिए। त्यसपछि बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्रीका सल्लाहकार असिम साहको संयोजकत्वमा संविधान संशोधनको बहसपत्र तयार पार्न कार्यदल गठन गरिसकेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा दुवै प्रदेशका सांसदले स्थानीय समस्या, विकास आयोजना, बजेट, सामाजिक सुरक्षा, संविधान संशोधनलगायत विषयमा धारणा राखेका थिए। उनले आफू प्रधानमन्त्री भएको तेस्रो दिनमै सांसदहरूसँग समस्या र समाधानको उपायबारे छलफल थालेका हुन्। यसलाई सांसदहरूले सकारात्मक रूपमा लिएका छन्।

प्रधानमन्त्री शाहले आफू मधेसमा जन्मिएको, काठमाडौंको मेयर भएको र झापाबाट चुनाव जितेको बताउँदै उनले सुशासनका लागि एक वर्ष काम गर्ने र त्यसपछि विकासका काम गर्ने बताएका थिए। 'एक वर्ष सुशासनको काम हुन्छ बाँकी समय विकास निर्माणमा केन्द्रित हुनेछौं,' प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै एक सांसदले भने। प्रधानमन्त्रीले दुई-दुई प्रदेशका सांसदसँग क्रमशः संवाद गर्ने र समस्या समाधानका उपायबारे छलफल गर्ने प्रधानमन्त्री कार्यालयले जनाएको छ।

### ओली र लेखकको बन्दी प्रत्यक्षीकरण रिट

# सरकारका नाममा कारण देखाऊ आदेश

**नागरिक संवाददाता**

*काठमाडौं, चैत १६*

काठमाडौं, चैत १६ (नागरिक)- सर्वोच्च अदालतले नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता एवं पूर्वगृहमन्त्र रमेश लेखकको बन्दी प्रत्यक्षीकरण रिटमा सरकारका नाममा कारण देखाऊ आदेश जारी गरेको छ। सर्वोच्च अदालतका बेग्लाबेग्लै इजलासले सोमबार ओली र लेखकलाई पक्राउ गर्नुको कारण लिखित रूपमा पेस गर्न आदेश दिएका हुन्।



केपी शर्मा ओली



रमेश लेखक

सर्वोच्चका न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले पूर्वप्रधानमन्त्री ओलीलाई जरुरी पक्राउ पुर्जी दिएर पक्राउ गर्नुको कारण पेस गर्न आदेश जारी गरेको हो। त्यस्तै सर्वोच्चकै अर्का न्यायाधीश कुमार रेग्मीको एकल इजलासले पूर्वगृहमन्त्री लेखकलाई पक्राउ गर्नुको कारण पनि लिखित रूपमै पेस गर्न आदेश दिएको हो। दुवै इजलासले आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक तीन दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न भनेका छन्।

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा भएको दमनमा जिम्मेवार ठहर गर्दै घटना जाँचबुझ गर्न गौरीबहादुर कार्की नेतृत्वमा गठित आयोगले ओली र लेखकविरुद्ध फौजदारी कसुरमा मुद्दा चलाउन सिफारिस गरेको थियो। सोही आधारमा सरकारले ओली र लेखकलाई शनिबार निवासबाटै पक्राउ गरेको थियो। नियन्त्रणमा लिइएलगत्तै ओलीलाई स्वास्थ्य जाँचका लागि त्रिवि शिक्षण अस्पताल महाराजगन्ज लगिएकोमा चिकित्सकको सुझावअनुसार त्यहीँ नै भर्ना गरिएको छ भने लेखकलाई प्रहरीको दुई नम्बर गण महाराजगन्जमा राखिएको छ। काठमाडौं जिल्ला अदालतले ओली र लेखकलाई पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न आइतबार अनुमति दिएको थियो। म्याद थपका लागि ओलीलाई प्रहरीले भर्चुअल रूपमा अदालत उपस्थित गराएको थियो भने लेखकलाई अदालतमै लगिएको थियो।

'यसमा के कसो भएको हो? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनुनपर्ने हो?' पोखरेलको इजलासले दिएको आदेशमा भनिएको छ।

*बाँकी पृष्ठ २*

### चैत १९ मा संसद्को पहिलो अधिवेशन

काठमाडौं, चैत १६ (नागरिक)- प्रतिनिधिसभाको पहिलो अधिवेशन यही चैत १९ गते बस्ने भएको छ। निर्वाचनपछि बनेको सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पोडेलले सोमबार चैत १९ का लागि संघीय संसद्का दुवै सदनको अधिवेशन आह्वान गरेका हुन्। मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले चैत १९ गते बिहीबार अपराह्न २ बजे बस्ने गरी संघीय संसद्का दुवै सदनको अधिवेशन बोलाउन सिफारिस गरेको थियो। संसद्को यो अधिवेशनले सभामुख र उपसभामुख निर्वाचित गर्नेछ। संवैधानिक व्यवस्थाअनुसार निर्वाचनपछिको पहिलो अधिवेशनको १५ दिनभित्र सभामुख-उपसभामुखको निर्वाचन गराउनुपर्छ। संसद्को ठुलो दल रास्वपाले सांसद डिपी अर्यालला‌ई सभामुखमा बनाउने निर्णय गरिसकेको छ। उपसभामुख को हुने भन्ने टुंगो लागिसकेको छैन। उपसभामुख अर्कै दलबाट हुनुपर्ने व्यवस्था छ।

पढ्नुहोस्
nagariknews.com
www.nagariknews.com

# पेचिलो बन्दै कांग्रेस विवाद

### बढ्यो समानान्तर गतिविधि, अनुशासनको कारबाही गर्ने तयारी


काठमाडौं, चैत १६ (नागरिक)- नेपाली कांग्रेसको आन्तरिक विवाद फेरि पेचिलो बन्न पुगेको छ। केही समययता सुस्ताएको आन्तरिक विवाद नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र कांग्रेसका नेता रमेश लेखकलाई सरकारले गिरफ्तार गरेसँगै सतहमा आएको हो।

सरकारले भदौ २३ गतेको हिंसाका आरोपित भन्दै तत्कालीन प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकलाई शनिबार गिरफ्तार गरेको थियो। त्यससँगै पुस अन्तिम साता विशेष महाधिवेशनबाट आएको नेतृत्व र त्यसको विपक्षमा अदालत गएको पक्षले अलग र फरक धारणा बाहिर ल्याएका छन्।

माघ २ गते विशेष महाधिवेशनबाट आएको नेतृत्वलाई निर्वाचन आयोगले आधिकारिकता दिएपछि अर्को पक्ष सर्वोच्च अदालत पुगेको छ। उक्त विषयमा अदालतले निर्णय गर्न बाँकी रहेका बेला ओली र लेखकको गिरफ्तारीबारे कांग्रेसको संस्थापन र अर्को पक्षले अलग र फरक धारणा सार्वजनिक गरेका थिए। त्यससँगै कांग्रेसभित्र सुषुप्त रहेको विवाद सतहमा आएको हो।



गगनकुमार थापा



पूर्णबहादुर खड्का

> विशेष महाधिवेशनबाट पार्टीको नेतृत्वमा पुगेको सभापति गगनकुमार थापा पक्षले पूर्णबहादुर खड्कासहितका नेताहरूको अगुवाइमा समानान्तर गतिविधि चलाइरहेको पक्षलाई अनुशासनको कारबाही गर्ने तयारी थालेको छ।

विशेष महाधिवेशनबाट पार्टीको नेतृत्वमा पुगेको सभापति गगनकुमार थापा पक्षले पूर्णबहादुर खड्कासहितका नेताहरूको अगुवाइमा समानान्तर गतिविधि चलाइरहेकोअर्को पक्षलाई अनुशासनको कारबाही गर्ने तयारी थालेको छ। सोही बेला खड्कासहित विशेष महाधिवेशनमा सहभागी नभएको अर्को पक्षले सोमबार संघीय संसद्मा नवनिर्वाचित सांसदहरूलाई बधाई तथा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। नेता खड्का सम्मिलित पक्षले मंगलबारका लागि १४औं महाधिवेशनबाट आएको केन्द्रीय समितिको बैठक पनि बोलाएको छ। प्रदेश सभापतिसहितका नेताहरूलाई बैठकमा आमन्त्रण गरिएको सोही पक्षका एक नेताले जानकारी दिए। त्यस्तै उक्त पक्षले नै चैत १९ गतेका लागि जिल्ला सभापतिहरूको भेलासमेत बोलाएको छ।

केन्द्रदेखि तल्लो तहसम्म समानान्तर गतिविधि गर्ने गरी कांग्रेसको अर्को पक्षले तयारी थालेको एक सदस्यले जानकारी दिए। अदालतले पार्टीको आधिकारिताको विषयमा कुनै छिनोफानो नगरेकाले संगठन चलायमान गर्ने गरी गतिविधि अघि बढाउन लागिएको ती नेताको दाबी छ। त्यसको क्रम शनिबारबाट सुरु भएको जनाउँदै ती नेताले अब त्यसले निरन्तरता पाउने बताए।

सोमबार संघीय संसद्मा नवनिर्वाचित सांसदहरूलाई शुभकामना दिने कार्यक्रममा नेता खड्काले प्रतिनिधिसभा र राष्ट्रियसभामा निर्वाचित पार्टीका सांसदको भूमिका अनुकरणीय र प्रभावकारी रहने बताए। दुवै सदनका बैठकहरूमा राष्ट्र र जनताको हितमा काम गर्न उनले सांसदहरूलाई आग्रह गरे। नेपाली जनताका हक र अधिकारका लागि कांग्रेसले वर्षौं लडेको स्मरण गर्दै लोकतान्त्रिक गणतन्त्रको संविधान र त्यो संविधानले उपलब्ध गराएको नेपाली जनताको अधिकार उपभोग र उपयोग गर्ने कुरा सुनिश्चित गर्ने भूमिका प्रखर रूपमा निर्वाह गर्न उनले आग्रह गरे।

*बाँकी पृष्ठ २*

# न्यायाधीश आवास परिसरमै नयाँ मन्त्रीको बास



**भुवन शर्मा**

*काठमाडौं, चैत १६*

वर्तमान सरकारका चार मन्त्री ललितपुरको पुल्चोकस्थित पुरानो मन्त्री निवासमै बस्ने भएका छन्। उनीहरू सर्वोच्च अदालतका १३ न्यायाधीशसँग एउटै परिसरमा बस्न लागेका हुन्। गृहमन्त्री सुधन गुरुङ आइतबार नै पुरानो मन्त्री निवासमा सरिसकेका छन्। नयाँ मन्त्रीहरूलाई सरकारी आवास सुविधा उपलब्ध गराउन सहरी विकास मन्त्रालयअन्तर्गतको संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयले केही मन्त्रीलाई पुरानो मन्त्री निवासमै सार्न लागेको हो। अधिकांश नयाँ मन्त्री हाल आ-आफ्नै हिसाबले बसिरहेका छन्। उनीहरूलाई छुट्टै आवासका लागि सरकारले भवन उपलब्ध गराएको छैन।

ललितपुरको भैंसेपाटीमा रहेको नयाँ मन्त्री निवास गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त भएको छ। हाल त्यहाँ एउटा ब्लक मात्र प्रयोगयोग्य अवस्थामा छ। त्यस ब्लकमा भौतिक पूर्वाधार, यातायात तथा सहरी विकासमन्त्री सुनिल लम्साल सरिसकेका छन्। त्यसअघि निवर्तमान भौतिक पूर्वाधारमन्त्री माधव चौलागाईं त्यहाँ बस्दै आएका थिए। व्यवस्थापन कार्यालयले हाल भैंसेपाटी मन्त्री क्वार्टरको पुनर्निर्माणको कामलाई पनि अघि बढाएको छ।

संघीय सचिवालयमा कार्यरत कर्मचारी किरण राईका अनुसार गृहमन्त्री गुरुङ पुल्चोकस्थित पुरानो मन्त्री निवासको डी-२ ब्लकमा बस्न थालेका छन्। अब पुरानो मन्त्री निवासमै ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ, स्वास्थ्य, जनसंख्या, खानेपानीमन्त्री निशा मेहता र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम तत्काल सर्दै छन्। राईका अनुसार श्रेष्ठ ए-१, मेहता बी-१ तथा गौतम सी-१ ब्लकमा बस्ने भएका छन्।

यता पुरानो मन्त्री निवासमा सर्वोच्चका मुख्य रजिस्ट्रार विमल पौडेलसहित १३ न्यायाधीश २०८१ पुसदेखि नै बसिरहेका छन्। हाल त्यहाँ सपना प्रधान मल्ल, कुमार रेग्मी, शारंगा सुवेदी, महेश शर्मा पौडेल, हरिप्रसाद फुयाँल, अब्दुल अजिज मुसलमान, नित्यानन्द पाण्डे, श्रीकान्त पौडेल, शान्ति सिंह थापा, मेघराज पोखरेल, टेकप्रसाद ढुंगानालगायत न्यायाधीश बस्दै आएका छन्। स्रोतका अनुसार एउटै परिसरमा बहालावाला मन्त्री बस्न थालेपछि आफूहरू त्यहीँ बस्ने कि पुरानै ठाउँमा सर्ने भनेर न्यायाधीशहरू दोधारमा परेका छन्। 'स्वाभाविक रूपमै मन्त्री र न्यायाधीश सँगसँगै एउटा परिसरमा बस्न मिल्दैन।

> स्रोतका अनुसार एउटै परिसरमा बहालावाला मन्त्री बस्न थालेपछि आफूहरू त्यहीँ बस्ने कि पुरानै ठाउँमा सर्ने भनेर न्यायाधीशहरू दोधारमा परेका छन्।

त्यसैले उहाँहरू अन्योलमा हुनुहुन्छ। मन्त्रीहरू नै नयाँ ठाउँमा सर्नुभयो भने बेग्लै कुरा हो, नभए श्रीमान्ज्यू (न्यायधीश) हरूलाई पुल्चोकमा बस्न अप्ठ्यारो लागेको देखिएको छ,' स्रोतले भन्यो।

मन्त्रालय स्रोतका अनुसार केही न्यायाधीशनिकट परिवारका सदस्यहरूले पुल्चोकमा बहालवाला मन्त्रीको आवास नबनाउन सरकारका केही कर्मचारीलाई आग्रह गरेका थिए। तर ५/६ दिन अघिदेखि नै संघीय सचिवालयका कर्मचारीहरूले पुरानो मन्त्री निवासका केही ब्लकको रङरोगन सुरु गरिसकेका थिए।

*बाँकी पृष्ठ २*

# स्वास्थ्य बिमामा भेदभाव गर्नेलाई कारबाहीको चेतावनी

काठमाडौं, चैत १६ (नागरिक)- स्वास्थ्य बिमा बोर्डले स्वास्थ्य संस्थाहरूलाई बिमित सेवाग्राहीमाथि कुनै पनि प्रकारको भेदभाव गरे वा स्वास्थ्य बिमा ऐन या नियमावलीविपरीत कार्य गरेको पाइए ऐनबमोजिम कारबाही गर्ने चेतावनी दिएको छ। बोर्डले सोमबार मातहतका सेवाप्रदायक स्वास्थ्य संस्थाहरूलाई परिपत्र जारी गर्दै त्यस्तो चेतावनी दिएको हो।

बोर्डले केही सेवाप्रदायक स्वास्थ्य संस्थाहरूले बिमित सेवाग्राहीलाई सेवा लिन आउनुअघि अग्रिम समय लिन बाध्य बनाउने, भेदभावपूर्ण व्यवहार गर्ने तथा आवश्यक सेवा र औषधिसमेत उपलब्ध नगराउनेजस्ता गुनासा आएको भन्दै यस्ता गतिविधि स्वास्थ्य बिमा ऐन २०७४ र स्वास्थ्य बिमा नियमावली २०७५ विपरीत रहेको जनाएको छ। अब




सेवा प्रदायक स्वास्थ्य संस्थाहरूले ऐन र नियमावलीविपरीत सेवाग्राहीलाई कुनै पनि प्रकारको भेदभावजन्य क्रियाकलाप गरे ऐनबमोजिम कारबाही हुने चेतावनी दिएको हो।

'यस प्रकारका गतिविधिहरू नगर्न/नगराउन तथा प्रचलित ऐन, नियमावली र कार्यविधिको पूर्ण पालना गर्न/गराउन निर्देशन गरिन्छ,' बोर्डका कार्यकारी निर्देशक डा. कृष्णप्रसाद पौडेलद्वारा सोमबार जारी परिपत्रमा उल्लेख छ, 'अनुगमनका क्रममा कुनै सेवा प्रदायक स्वास्थ्य संस्थाबाट नियमविपरीत कार्य भएको प्रमाणित भए स्वास्थ्य बिमा ऐन २०७४ को दफा (१२) को उपदफा (१) खण्ड (ख) बमोजिम भइजाने व्यहोरासमेत जानकारी गराइन्छ।'

**स्वास्थ्यमन्त्री मेहतासँग छलफल**

यसैबिच स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहतासँग स्वास्थ्य बिमा बोर्डका पदाधिकारीले सोमबार छलफल गरेका छन्। मन्त्रालयमा आयोजित छलफल कार्यक्रममा मन्त्री मेहताले छरिएर रहेका स्वास्थ्य सुरक्षा कार्यक्रम स्वास्थ्य बिमामार्फत एकद्वार प्रणालीमा सञ्चालन गर्ने गरी अघि बढाइने बताइन्।

*बाँकी पृष्ठ २*



राष्ट्रपति रामचन्द्र पौडेलसँग सोमबार शीलतनिवासमा भेटवार्ता गर्दै प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत। *तस्बिर : रासस*

# सरकारका नाममा कारण देखाऊ आदेश

**पृष्ठ १ बाट**

अगाडि भनिएको छ, 'आदेश जारी हुनुनपर्ने भए सोको आधार कारणसहित यो आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक तीन दिन भित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूको नाउँमा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाइ म्यादभित्र लिखितजवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू।'

त्यसैगरी रेग्मीको इजलासले दिएको आदेशमा भनिएको छ, 'लिखित जवाफमा यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनुनपर्ने हो ? आदेश जारी हुनुनपर्ने भए सोको आधार र कारण तथा निवेदकलाई पक्राउ गर्दा मुलुकी फौजदारी कार्यविधिसंहिता २०७४ को दफा ९ (६) को पूर्वअवस्थाको विद्यमानता रहे नरहेकोसमेत खुल्ने गरी बाटोको म्यादबाहेक सूचना पाएका मितिले तीन दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नू।'

साथै २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित आयोगले सरकारसमक्ष पेस गरेको प्रतिवेदन तथा अनुसन्धानका क्रममा तयार पारिएको सक्कल मिसिल महान्यायाधिवक्ताको कार्यालयमार्फत झिकाइ पेस गर्न पनि आदेशमा भनिएको छ।

ओली तर्फबाट उनकी पत्नी राधिका शाक्य र लेखकका तर्फबाट उनकी पत्नी यशोदा लेखकले गैरकानुनी रूपले थुनामा राखिएकाले थुनामुक्त गर्न माग गर्दै आइतबार बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गरेका थिए।

## न्यायाधीश आवास परिसरमै नयाँ मन्त्रीको बास

**पृष्ठ १ बाट**

भैंसेपाटीमा नयाँ मन्त्री निवास तयार भएपछि २०८१ असार पहिलो साताबाटै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारका मन्त्रीहरू सर्न सुरु गरेका थिए। भैंसेपाटीमा मन्त्री आवास बनाउन सरकारले २०७६ कात्तिकमा केसी-समानान्तर जेभी व्यावसायिक कम्पनीसँग सम्झौता गरेको थियो।

भैंसेपाटी मन्त्री निवास बनाउन तीन अर्ब रुपैयाँ हाराहारी खर्च लागेको थियो। भैंसेपाटीमा संघीय सरकारका मन्त्री, राष्ट्रियसभाका अध्यक्ष र उपाध्यक्ष, प्रतिनिधिसभाका उपसभामुखका लागि २७ वटा छुट्टाछुट्टै भवन निर्माण गरिएका थिए। यता पुरानो मन्त्री निवास ७२ रोपनी जग्गामा फैलिएको छ।

## स्वास्थ्य बिमामा भेदभाव गर्नेलाई कारबाहीको चेतावनी

**पृष्ठ १ बाट**

उनले स्वास्थ्यका सामाजिक सुरक्षा कार्यक्रमलाई एक ठाउँमा ल्याउन सके वित्तीय अवस्था बलियो हुने समेत बताइन्। छलफलमा मन्त्री मेहतासँग स्वास्थ्य बिमा कार्यक्रमलाई कसरी प्रभावकारी बनाउने र यसका चुनौतीबारे छलफल गरिएको बोर्डका सूचना अधिकारी विकेश मल्लले जानकारी दिए। उनका अनुसार मन्त्री मेहतालाई स्वास्थ्य बिमा बोर्डले हालसम्म भोग्नुपरेका चुनौती, भुक्तानी समस्याबारे पनि अगवत गराइएको छ। छलफलमा प्युठानबाट निर्वाचित सांसद सुशान्त वैदिकले स्वास्थ्य बिमालाई व्यवस्थित बनाउनुपर्नेमा जोड दिए। कार्यक्रममा स्वास्थ्य सचिव डा. विकास देवकोटा, बोर्डका कार्यकारी निर्देशक डा. कृष्णप्रसाद पौडेलेको सहभागिता थियो।

## सारंगीको धुनमा गुजारा

दमौली (तनहुँ), चैत १६ (रासस)- बुटवल बसोबास गर्दै आएका ७३ वर्षीय लोकबहादुर गन्धर्व र तनहुँको भानु नगरपालिका-१ माइती हुनुभएकी ६० वर्षीया डल्ली गन्धर्व नेपाली सारंगी बजाउँदै विभिन्न ठाउँ पुग्छन्। परम्परागत गन्धर्व समुदायसँग सम्बन्धित यी दम्पतीले जीवनको अधिकांश समय सारंगीको मधुर धुनमा गीत गाउँदै बिताएका छन्।

वर्षौंदेखि उहाँहरूको दिनचर्या नै फरक छ, बिहानै घरबाट निस्कने, विभिन्न गाडी चढ्दै यात्रीहरूसामु गीत प्रस्तुत गर्ने। बस, माइक्रोबस वा अन्य सार्वजनिक सवारीसाधनमा यात्रा गर्दै उनीहरू सारंगी बजाएर लोकगीत गाउँछन्। उहाँहरूको स्वर र धुनले यात्रीलाई भावुक बनाउँछ, कतिपयलाई आफ्नो गाउँघर, परिवार र विगतका सम्झनामा डुबाउँछ।



यात्रीहरूले गीतको प्रशंसा गर्दै स्वेच्छाले दिने रकम नै उनीहरूको आम्दानीको मुख्य स्रोत हो। 'कहिलेकाहीँ धेरै राम्रो कमाइ हुन्छ, यहीँबाटै हाम्रो घर चलेको छ,' लोकबहादुरले भने। उनका अनुसार दैनिक कमाइ स्थिर नभए पनि नियमित मेहनतले घरखर्च टार्न गाह्रो छैन।

उनीहरुका चार छोराछोरी छन्। उनीहरूले यही पेसाबाट कमाएको आम्दानीले छोराछोरीलाई हुर्काएका हुन्। 'आफ्नै मेहनतले परिवार पाल्न सकेका छौं, यही नै ठुलो कुरा हो,' डल्ली गन्धर्व भन्छिन्। उहाँहरु गीत गाउँदै देशका विभिन्न जिल्ला पुगिसकेका छन्। पूर्वदेखि पश्चिमसम्मका सडकमा यात्रा गर्दै, नयाँ ठाउँ हेर्दै र मानिससँग भेटघाट गर्दै उनीहरूको जीवन बितेको छ।

आधुनिक प्रविधिको विकाससँगै मनोरञ्जनका माध्यम परिवर्तन भइरहेका बेला सारंगीजस्ता परम्परागत बाजा र गन्धर्व समुदायको पेसा सङ्कटमा परेको छ। नयाँ पुस्ता वैकल्पिक पेसातर्फ आकर्षित हुँदा यस्ता मौलिक कला लोप हुने खतरा बढ्दो रहेको लोकबहादुर बताउँछन्। 'यो हाम्रो पहिचान हो, हाम्रो संस्कृति हो। जबसम्म सक्छौं, हामी यही गर्दै जानेछौं,' उनले भने। गन्धर्व दम्पतीको कथा केवल जीविकोपार्जनको कथा मात्र होइन, यो संघर्ष, आत्मसम्मान र सांस्कृतिक संरक्षणको कथा पनि हो।


## प्रमुख कार्यकारी अधिकृतको आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।१२।१७

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत पत्र प्राप्त राष्ट्रियस्तर कार्यक्षेत्र भएको यस वित्तीय संस्थाका लागि प्रमुख कार्यकारी अधिकृत (Chief Executive Officer) आवश्यकता भएकाले देहायको योग्यता पुगेको ईच्छुक योग्य नेपाली नागरिकले निवेदनका साथ हालसालै खिचेको पासपोर्ट साईजको फोटो, नेपाली नागरिकताको प्रतिलिपि, बायोडाटा, शैक्षिक तथा अनुभव प्रमाणका प्रतिलिपी सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तोकिएको ठेगानामा आवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं. | पद | श्रेणी | उमेर | आवश्यक न्यूनतम शैक्षिक योग्यता/कार्य अनुभव |
|---|---|---|---|---|
| ०१ | प्रमुख कार्यकारी अधिकृत (CEO) | कार्यकारिणी | ३५ वर्ष पुरा भई ५८ वर्ष ननाघेको | चार्टड एकाउण्टेन्सी वा व्यवस्थापन बैंकिङ, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, कृषि, समाजशास्त्र वा कानुन विषयमा स्नाकोत्तर उपाधि हाँसिल गरी बैकिङ तथा वित्तीय क्षेत्र, सहकारी, सरकारी निकाय, संगठित संस्था, विश्वविद्यालय वा त्यस्तो कार्य गर्ने अन्तराष्ट्रिय संघ वा संस्थाको व्यवस्थापकीय श्रेणीमा रहि कम्तीमा १० वर्षको कार्यअनुभव वा उल्लेखित विषयमा स्नातक उपाधि हाँसिल गरी बैकिङ तथा वित्तीय क्षेत्र, सरकारी निकाय, संगठित संस्था, विश्वविद्यालय वा त्यस्तो कार्य गर्ने अन्तराष्ट्रिय संघ वा संस्थाको व्यवस्थापकीय श्रेणीमा कम्तीमा १५ वर्षको कार्यअनुभव। |

**तलब तथा अन्य सुविधाः** आपसी समझदारीमा तय गरिनेछ।

**छनौटको किसीमः** व्यवसायिक योजना, प्रस्तुतीकरण तथा अन्तर्वार्ता।

**आवेदन दिनका लागिः** vacancy@cycnlbsl.org.np

**परीक्षा दस्तुरः** रु. ५०००।- यस सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को नाममा रहेको ग्लोबल आई.एम.ई. बैंक लि., बागलुङको खाता नं. १२०१०१००००५६९ मा रकम जम्मा गरी, भौचर आवेदन सहित पठाउनु पर्नेछ।

**नोटः** रितपूर्वक प्राप्त दरखास्तहरु मध्येबाट छनोट सुचीमा (Short List) मा परेका उम्मेदवारहरुलाई मात्र कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि सम्पर्क गरिने छ। कर्मचारी छनौट सम्बन्धी सम्पूर्ण अधिकार तथा निर्णय संस्थामा निहीत रहनेछ।

**सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Cyc Nepal Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तरको)
ठेगाना: पोखरा महानगरपालिका वडा नं. ८ सभागृहचोक पोखरा, नेपाल
सम्पर्क: ०६१-५९०८९४, ०६१-५९०८९५ ईमेल: info@cycnlbsl.org.np, वेभसाईट: www.cycnlbsl.org.np


# हिमाली चरनभूमि संरक्षण गर्न चारवर्षे परियोजना

**भीष्मराज ओझा**

*काठमाडौं, चैत १६*

परम्परागत ज्ञान र आधुनिक विज्ञान र प्रविधिमार्फत मुलुकका उच्च हिमाली क्षेत्रमा रहेका चरनभूमिको संरक्षण गरिने भएको छ। चरनभूमिको संरक्षण गर्न 'नेपालका उच्च हिमाली चरनभूमि संरक्षणका लागि धार्मिक नेतृत्वको पुनर्जीवन' नामक चार वर्षे परियोजना सुरु गरिएको हो। नेपाल सरकारले विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालको सहयोगमा उक्त परियोजना बिहीबारदेखि प्रारम्भ गरेको छ।



यो परियोजनाको उद्देश्य कर्णाली प्रदेशस्थित डोल्पाको माथिल्लो दुर्गम क्षेत्रमा रहेका उच्च हिमाली चरनभूमिको संरक्षण गर्नु तथा स्थानीयको जीविकोपार्जन सुधार गर्नु, सांस्कृतिक सम्पदाको संरक्षण तथा पर्यटन प्रवर्द्धन गर्नुलगायत छन्। संयुक्त अधिराज्यको 'डर्विन इनिसिएटिभ'मार्फत वित्त पोषित यो सहकार्यले सरोकार भएका निकायको क्षमता उपयोग गर्दै सहव्यवस्थापनको नवीन दृष्टिकोण अपनाउने छ। जसमा स्थानीय परम्परागत ज्ञान र आधुनिक विज्ञानको समन्वय गरिने छ।

सन् २०२६ लाई 'चरनभूमि तथा पशुपालकको अन्तरराष्ट्रिय वर्ष' का रूपमा मनाइँदै छ। नेपालको उच्च हिमाली चरनभूमिले हजारौं वर्षदेखि प्रकृति र मानव जीवनलाई धान्दै आएको छ। चरनभूमि आम्दानीसँगै जल सुरक्षामा महत्त्वपूर्ण मानिन्छ। डोल्पासहित हिमाली क्षेत्रस्थित चरनभूमिले हिउँ चितुवालगायत विविध जैविक सम्पदालाई संरक्षण गर्छ भने आदिवासी तथा स्थानीय समुदायका लागि सामाजिक-आर्थिक जीवनरेखाको काम पनि गर्छ। बढ्दो मानवीय दबाब तथा जलवायु परिवर्तनको प्रभावले चरनभूमि प्रत्यक्ष जोखिममा छन्।

डब्लुडब्लुएफ नेपालले देशका दुर्गम क्षेत्रमा रहेका वञ्चित समुदायसँग काम गर्ने सुदृढ अनुभव हासिल गरेको जनाएको छ। डब्लुडब्लुएफ नेपालका राष्ट्रिय प्रतिनिधि डा. घनश्याम गुरुङले 'डर्विन इनिसिएटिभ'को सहयोगमा यसअघि तराई क्षेत्रमा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदायको जीवनस्तर सुधारका कार्य गरिएको बताए। 'डोल्पाको माथिल्लो क्षेत्रमा सञ्चालन हुने यो नयाँ परियोजनामार्फत समुदायमा आधारित संरक्षण र जीविकोपार्जनलाई सुदृढ गर्दै समान प्रभाव हासिल गर्ने हाम्रो लक्ष्य छ', उनले भने।

नेपालले चरनभूमिको प्राकृतिक तथा सांस्कृतिक अखण्डता संरक्षणलाई उच्च प्राथमिकता दिएको छ। चरनभूमिबाट अनुकूल वातावरण सिर्जना हुन्छ। तरनभूमि संरक्षणमा आदिवासी तथा स्थानीय समुदायको सार्थक सहभागिता सुनिश्चित गरिएको छ। तर पनि दुर्गमता, सीमित स्रोतसाधन र व्यवस्थापनसम्बन्धी अस्पष्ट जिम्मेवारीजस्ता व्यावहारिक चुनौतीले प्रभावकारी संरक्षणमा अवरोध छ।

डब्लुडब्लुएफ नेपालले वन तथा वातावरण मन्त्रालयअन्तर्गतको राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग र स्थानीय समुदायसँग सहकार्य गर्दै से-फोक्सुन्डो राष्ट्रिय निकुन्जमा समग्र संरक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ। जहाँ हिउँ चितुवालाई प्रमुख वन्यजन्तुको रूपमा लिइएको छ।

संरक्षणको दिगोपन सरोकार भएका निकायको सक्रिय सहभागिता र जिम्मेवारीमा निर्भर हुने भएकाले यी प्रयासले प्रकृति र मानव कल्याणबिचको सकारात्मक सम्बन्धलाई मजबुत बनाउँदै सहअस्तित्व प्रवर्द्धनलाई प्राथमिकता दिएका छन्। वन्यजन्तुसँगको द्वन्द्व व्यवस्थापन, जीविकोपार्जन विविधिकरण, शिक्षा तथा स्वच्छ ऊर्जामा पहुँच विस्तार यसका प्रमुख प्राथमिकता हुन्। 'चरनभूमि व्यवस्थापनमा समुदायको सहभागिता र परम्परागत ज्ञानको एकीकरण नेपाल सरकारको प्राथमिक रणनीति हो। यो परियोजनामा योगदान पुऱ्याउने दातृ निकाय र साझेदारलाई विभाग धन्यवाद दिन चाहन्छ', राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. बुद्धिसागर पौडेलले भने।

परियोजनाले संयुक्त अधिराज्यद्वारा वित्तपोषित परियोजनाले हालसम्मका प्रयासलाई आधार मानेर चरनभूमि तथा तिनबाट प्राप्त हुने मूर्तअमूर्त सेवालाई दीर्घकालीन रूपमा सुरक्षित गर्दै मानव कल्याणमा योगदान पुऱ्याउने लक्ष्य राखेको जानकारी उनले दिए।

विभाग र से-फोक्सुन्डो राष्ट्रिय निकुन्जको नेतृत्व तथा से-फोक्सुन्डो गाउँपालिकाको मार्गदर्शनमा सञ्चालन हुने यो परियोजनाले नेपालको उच्च हिमाली चरनभूमिका लागि पुनरावृत्ति गर्न सकिने प्रभावकारी शासन ढाँचा विकास गर्ने लक्ष्य राखेको छ।

परियोजना क्षेत्रका चरनभूमिले बुद्ध र मुक्पोरङ मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका ६५० भन्दा बढी परिवारलाई सहयोग पुऱ्याइरहेको छ। जहाँ समुदाय जीविकोपार्जनका लागि पशुपालन, गैरकाठ वन उपज तथा परम्परागत औषधिमा निर्भर छ।

नेपाल सरकारका नीति, परम्परागत ज्ञान र अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासको मार्गदर्शनमा यस परियोजनाले स्थानीय समुदायका सदस्य विशेषगरी युवा, महिला र गोठालालाई सशक्त बनाउने अपेक्षा छ। जसले मध्यवर्ती क्षेत्र प्रयोगकर्ता समितिका चरनभूमि व्यवस्थापन उपसमितिमा सक्रिय भूमिका निर्वाह गर्नेछन्। 'यो परियोजना 'डर्विन इनिसिएटिभ'मार्फत संयुक्त अधिराज्यको सहयोगले स्थानीय नेतृत्व सुदृढ गर्दै मानव र प्रकृतिलाई समान रूपमा लाभ पुऱ्याउने उत्कृष्ट उदाहरण हो। धार्मिक अगुवा र समुदायस्तरीय चरनभूमि समितिसँग सहकार्य गर्दै हामी बुद्धले लामो समयदेखि सिकाउँदै आएको एउटा सरल सत्यलाई स्वीकार गर्छौं। मानव र प्राकृतिक संसारको कल्याण आपसमा गहिरो रूपमा सम्बन्धित छन्', नेपालका लागि संयुक्त अधिराज्यका राजदूत रोब फेनले भने।

डब्लुडब्लुएफ नेपालबाहेक यो परियोजनाका साझेदार संस्थामा दिगो कृषि र जैविक स्रोतका लागि एसियाली सञ्जाल (एन्साब) नेपाल र सोवा रिग्पा एसोसिएसन अफ नेपाल (एसआरएएन) छन्। एन्साब नेपालले गैरकाठ वन उपजको दिगो संकलन, मूल्य अभिवृद्धि तथा बजार पहुँचमा सहयोग गर्नेछ भने एसआरएएनले बौद्ध परम्परामा आधारित सोवा रिग्पा (उपचारको विज्ञान) को संरक्षण र समसामयिक सन्दर्भअनुसार सुदृढीकरणमा योगदान पुऱ्याउनेछ।

परम्परागत ज्ञान प्रणालीको संरक्षण र सुदृढीकरणका लागि चरनभूमि व्यवस्थापन उपसमितिहरूको नेतृत्व धार्मिक अगुवा तथा परम्परागत चिकित्सक 'अम्ची'हरूले गर्नेछन्। साथै अम्चीहरूलाई कानुनी तथा दिगो औषधिजन्य सामग्री प्रयोगतर्फ रूपान्तरण गर्न सहयोग गरिने से-फोक्सुन्डो राष्ट्रिय निकुन्जका वरिष्ठ संरक्षण अधिकृत नुरेन्द्र अर्यालले जानकारी दिए। 'जसले लोपोन्मुख वन्यजन्तु तथा वनस्पतिमा निर्भरता घटाउँदै परम्परागत सोवा रिग्पा उपचार पद्धतिको मौलिकता संरक्षण गर्नेछ', उनले भने। रासस

## क्यान्सरको निःशुल्क परीक्षण सुरु

काठमाडौं, चैत १६ (रासस)- काठमाडौं महानगरपालिकाले सोमबारदेखि स्तन, पाठेघरको मुख तथा सर्भाइकल (पाठेघरको तल्लो भागमा पलाउने) क्यान्सर निःशुल्क परीक्षण सुरु गरेको छ। कामपाले वीर अस्पतालसँगको सहकार्यमा सोमबार देखि महिलाको स्तन, पाठेघर तथा सर्भाइकल क्यान्सरको परीक्षण लिएको हो।

कार्यक्रमको शुभारम्भ गर्दै कामपाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले स्वास्थ्य जाँच गराएकी छन्। सो क्रममा उनले भनिन्, 'समयमा पत्ता लगाउन सकिएन भने क्यान्सरले जीवन लान्छ। आर्थिक अवस्था कमजोर बनाउनुका साथै परिवारको मानसिक अवस्थालाई पनि कमजोर बनाउँछ। जाँच गरेर समयमा क्यान्सर पहिचान गर्न सकियो भने उपचार सरल र कम खर्चिलो हुन्छ। जीवन बचाउन सकिन्छ।' महिलाले घरमा परिवारका सदस्य बिरामी पर्नुहोला कि भनेर जसरी सचेतना अपनाउनुहुन्छ, त्यसरी नै आफ्नो स्वास्थ्यको पनि ख्याल राख्न उनले सबै महिलालाई अनुरोध गरिन्।

चिकित्सा विज्ञान-प्रतिष्ठानका उपकुलपति प्राध्यापक डा. भूपेन्द्रकुमार बस्नेतले समयमा क्यान्सर पहिचान गर्न नसकेकाले यो डरलाग्दो बनेको उल्लेख गर्दै कामपाले क्यान्सर पहिचानलाई प्राथमिकता राखेर कार्यक्रम सञ्चालन गर्नु सकारात्मक कदमका रूपमा रहेको बताए। 'पाठेघरको मुखको क्यान्सर भए/नभएका बारेमा समयमा परीक्षण गराउँदा ह्युमन प्यापिलोमा भाइरस (एचपिभी) पोजेटिभ देखिए महिला र परिवारका सदस्य क्यान्सर भयो भनेर डराउनुहुन्छ। एचपिभी पोजेटिभ हुनु क्यान्सरहुनुहोइन।यसबाटसङ्क्रमणभएर क्यान्सरकोजोखिमहुनसक्नेसम्भावनाको सङ्केत हो,' वीर अस्पतालका क्यान्सर रोग विशेषज्ञप्राध्यापकडा.सन्ध्याचापागाईंले भनिन्। महिलाको पाठेघरको मुखको क्यान्सर जाँच गराउँदा अहिलेसम्म एचपिभी-१६ र एचपिभी-१८ को परीक्षण हुँदै आएको गर्ने गरिएको उनले जानकारी दिइन्।

क्यान्सर रोग विशेषज्ञ प्राध्यापक डा. चापागाईंका अनुसार गत वर्ष ९८ जनाको परीक्षण गर्दा एचपिभी-१६ र एचपिभी-१८ देखिएको थिएन। यसकारण यस वर्षको परीक्षणमा एचपिभी-६, एचपिभी-११, एचपिभी-१६, एचपिभी-१८, एचपिभी-३१, एचपिभी-३३, एचपिभी-४५, एचपिभी-५२ र एचपिभी-५८ को पनि जाँच गर्ने तयारी गरिएको वीर अस्पताल प्रयोगशालाका प्रमुख प्रकाश नेपालले जानकारी दिए।

## पेचिलो बन्दै कांग्रेस विवाद

**पृष्ठ १ बाट**

कार्यक्रममा नेता शेखर कोइरालाले संसद्मा समन्वय गरेर अघि बढ्न आग्रह गरे। देश, जनता, संविधान र विकासका मुद्दामा केन्द्रित हुन कोइरालाले आग्रह गरेका थिए। त्यसअघि नेता प्रकाशशरण महतले एक भिडियो सन्देशमार्फत विशेष अधिवेशनमा जोडिएका तथा नजोडिएका पंक्ति एउटा साझा बिन्दुमा पुगेर महाधिवेशनमा जानुपर्ने जनाएका छन्। नियमित अधिवेशन गर्न आयोजक समिति बनाएर पार्टीलाई एकताबद्ध बनाएर जानुपर्नेमा उनले जोड दिएका छन्। विशेष महाधिवेशनबाट आएको नयाँ नेतृत्वले असोजको दोस्रो साता महाधिवेशन गर्ने गरी कार्यतालिका सार्वजनिक गरेको छ। त्यसलाई अर्को पक्षले अस्वीकार गर्दै समानान्तर गतिविधि सुरु गरेको हो। त्यससँगै विशेष महाधिवेशनबाट आएको नयाँ नेतृत्वसहितका पदाधिकारी कसरी अघि बढ्ने भन्ने आन्तरिक छलफलमा जुटेको छ।


**Ichchhakamana Rural Municipality**
**Office of Rural Municipal Executive**
Kurintar
Chitwan, Nepal

## Notice for Invitation of Bid

First Date of publication: 2082-12-17 (31st March, 2026)

Ichchhakamana Rural Municipality, Chitwan invites electronic bids from Nepalese eligible bidders for the Sustainable Extraction of river Bed materials from Ichchhakamana Rural Municipality under National Competitive Bidding procedures.

| S N | Name of Project | IFB No: | Estimated Amount in NRs (Without VAT & PS) | Bid Document fee amount in NRs. |
|---|---|---|---|---|
| 1 | Sustainable Extraction of river Bed materials from Khageri Khola and Syangdi khola. | IR/IRM/01/082/83 | 1,26,75,980.19 | 3,000.00 |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website http://www.bolpatra.gov.np/egp or may visit website of Ichchhakamana official website ( http://www.Ichchhakamanamun.gov.np). The Last date of submission of bid is 30th April 2026 (2083-01-17) till 12:00 noon time.

Chief Administrative Officer



काठमाडौंको माइतीघरमा सोमबार केपी शर्मा ओलीको रिहाइको माग गर्दै नेकपा एमालेका कार्यकर्ता। *तस्बिर : नागरिक*

# बलियो सरकार निरकुंश बन्ने खतरा छ : मुख्यमन्त्री पाण्डे

**सन्देश श्रेष्ठ**

*पोखरा, चैत १६*

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकार निरकुंश हुने खतरा रहेको बताएका छन्। नेपाल पत्रकार महासंघ कास्की शाखाको पत्रकारिता सम्मान तथा पुरस्कार अर्पण कार्यक्रममा बोल्दै उनले बलियो सरकार निरकुंश बन्ने खतरा हुने औंल्याए। 'निर्वाचनपछि देशमा सत्तापक्ष बलियो र प्रतिपक्ष कमजोर बनेकाले सरकार निरकुंश हुने खतरा रहेको उनको आशंका छ। राज्य भनेको जब बलियो हुन्छ, त्यसबेला निरकुंशता बन्ने खतरा उत्पन्न हुन्छ', उनले भने, 'पार्लियामेन्ट जहाँ गणितको हिसाब हुन्छ सरकार बनाउनलाई, त्यो हिसाबले सत्ता पक्ष निकै बलियो बनेको छ। र, यस्तो बेला सरकार निरकुंश बन्ने खतरा हुन्छ।'




मुख्यमन्त्री पाण्डेले सरकार गलत बाटो र अधिनायकवादी सोच राखेर अगाडि बढ्न खोजेमा त्यसलाई पत्रकारिता जगत्ले चिर्नुपर्ने बताए। किनकि पत्रकारिता जगत् स्थायी प्रतिपक्ष भएको र यो आवाजविहीनको आवाज, नसुनिने आवाज भएको पेसा र संस्था भएकाले पनि यसले खेल्ने भूमिका र जिम्मेवारी महत्त्वपूर्ण हुने उनको भनाइ छ। 'सत्ता पक्ष असाध्यै बलियो भएको छ र प्रतिपक्ष कमजोर छ', उनले भने, 'यो बेलामा पत्रकारिता जगत् पनि कमजोर भयो वा डग्मगायो भने सत्ता निरकुंश हुन सक्छ।'

मुख्यमन्त्री पाण्डेले सरकारले बदला भाव राख्न नहुने बताए। साथै न्यायपालिकाले पनि आफ्नो संयमता गुमाउन थालेमा न्याय मर्ने उनले टिप्पणी गरे। सरकारले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई गरेको धरपकडप्रति संकेत गर्दै उनले भने, 'सरकारले संयमता गुमाउन मिल्दैन। सरकार बदलाको भावनाले चल्न मिल्दैन। त्यस्तो भयो भने स्वतन्त्रता र न्याय मर्छ।' सरकारलाई निरकुंश बन्नबाट पत्रकारिता जगत् र न्यायपालिकाले रोक्नुपर्ने उनको भनाइको आशय थियो। 'पत्रकारिता जगत् र न्यायपालिकाको आगामी दिनको भूमिका नेपालको इतिहासमा सबैभन्दा कठिन र सबैभन्दा टड्कारो हुने देखिन्छ', उनले भने।

मुख्यमन्त्री पाण्डेले देशमा निर्वाचनपछि राजनीतिक परिवर्तन भए पनि संविधान र कानुन परिवर्तन नभएकाले जथाभावी गर्न नमिल्ने बताए। 'निर्वाचनपछि नेपालको राजनीतिक परिस्थिति अलिकति परिवर्तन भएको छ', उनले अगाडि थपे, 'तर कानुन परिवर्तन भएको होइन। संविधान परिवर्तन भएको छैन। केवल परिस्थिति मात्र परिवर्तन भएको हो। यो भनेको सरकारले संयमता गुमाउने र बदला भावमा चल्न पाउँदैन।' मुख्यमन्त्री पाण्डेले आफू प्रेस स्वतन्त्रताको पक्षपाती भएको र आफ्नो कार्यकालमा कसैको पनि कलम भाँचिने र कापी च्यातिने काम नहुने बताए। स्वतन्त्रता कति प्यारो हुन्छ भन्ने मैले आफैंले पटकपटक जेल बसेर अनुभव गरेको छु', उनले भने, 'त्यसैले मेरो कार्यकालभरि कोही पनि पत्रकारको कलम भाँचिने, कापी च्यातिने काम हुँदैन।'

# 'प्रकृतिको कुचीकार' गिद्ध संरक्षणमा समुदायको साथ महत्त्वपूर्ण

**किरणमान बज्राचार्य**

*कपिलवस्तु, चैत १६*

'प्रकृतिको कुचीकार' गिद्ध संरक्षणमा समुदायले साथ दिनुपर्नेमा जोड दिइएको छ। नेपाल पंक्षी संरक्षण संघ काठमाडौंको आयोजना, नेपाल पारा भेटेरिनरी एन्ड लाइभस्टक एसोसिएसनको सहआयोजना तथा तिलौराकोट साझेदारी वन व्यवस्थापन समुहको समन्वयमा बुद्धभूमि नगरपालिका-१० चेत्रादेईमा आयोजना गरिएको अन्तरक्रियामा लोप हुन लागेको गिद्ध संरक्षणमा सरोकारवालाले जोड दिएका हुन्।

गत फागुन ७ मा यही वडाको मोतीनगर गाउँमा विषादीयुक्त सिनो खाएर सात डाँगर र दुईवटा हिमाली गिद्ध मरेका थिए। सरकारले २०६३ जेठ १३ देखि नै डाइक्लोफेमिनक विषादी बिक्रीवितरण र प्रयोगमा प्रतिबन्ध लगाएको थियो। जिल्लालाई सो विषादीमुक्त जिल्लासमेत घोषणा गरिएको हो, तर पनि यही विषादी प्रयोग गरिएको सिनो खाएर गिद्ध मर्नु दुःखद् भएको सोही गाउँका अगुवा तथा सनसाइन सामाजिक विकास केन्द्रका अध्यक्ष कृष्णकुमार श्रेष्ठले बताए। उनले भने, 'गिद्ध संरक्षणमा समुदायको धेरै ठुलो हात हुन्छ। समुदायका मानिसले सरकारले प्रतिबन्ध लगाएको विषादी प्रयोग बन्द गर्ने र यो विषयलाई समुदायस्तरमै लगेर सचेत गराउनुपर्छ।'

विषादी प्रयोगले अस्तित्व नै संकटमा पर्नुको मुख्य कारण डाइक्लोफेमिन र मानवीय अतिक्रमणका कारण गिद्धहरूको जीवन संकटमा परेको पक्षी संरक्षणकर्मी बताउँछन्। एसोसिएसन कपिलवस्तुका जिल्ला पूर्वअध्यक्ष परमेश्वर यादवले जिल्लामा नेपाल सरकारले प्रतिबन्ध लगाएका औषधि प्रयोग करिब ९५ प्रतिशत नियन्त्रणमा आइसकेको दाबी गरे। तर पनि जोखिम नघटेको र निरन्तर अनुगमन र सबै पक्षको सहकार्य आवश्यक रहेको उनले बताए। भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख डा. सुकई चौधरीले गिद्ध संरक्षणमा किसान र समुदायले सबैभन्दा सचेत हुनुपर्ने बताए। उनले भने, 'सिनोमा विष प्रयोग, विद्युत् प्रसारण लाइन, मानवीय गतिविधि, डढेलो, हावाहुरी, रोग आदिका कारण गिद्धको जीवन संकटमा परेको छ।'

पन्छी संरक्षण संघका कार्यक्रम अधिकृत भूपाल नेपालीले सन् २००९ देखि गिद्ध संरक्षण कार्ययोजना कार्यान्वयनमा आएको बताए। पञ्चवर्षीय योजनाअनुसार गिद्ध संरक्षण कार्यक्रम भइरहेको उनको भनाइ छ। उनले भने, 'सन् २०१७ देखि गिद्धको स्वास्थ्य परीक्षण तथा स्याटेलाइट ट्यागिङ सुरु भएपछि गिद्धको अवस्था पत्ता लगाउन सहज भएको छ। सुरक्षित मापदण्ड पूरा गरेपछि गण्डकी र लुम्बिनी क्षेत्र विश्वकै पहिलो गिद्ध सुरक्षित क्षेत्र घोषणा भएको छ। गिद्ध संरक्षण दीर्घकालीन बनाउन सरकारी निकाय, निजी क्षेत्र र समुदायबिच सहकार्य आवश्यक छ।'

विषालु औषधिले गिद्धको कलेजो र मिर्गौलामा गम्भीर असर पुऱ्याउने भन्दै पशु उपचारमा सुरक्षित औषधि प्रयोग गर्नुपर्ने पशु चिकित्सकको भनाइ छ। गिद्ध प्रकृतिको कुचीकार रहेकाले वातावरणीय सन्तुलन, सार्वजनिक स्वास्थ्य तथा जैविक विविधता संरक्षणका लागि महत्त्वपूर्ण मानिएको छ। चिकित्सकका अनुसार सामान्यतः एउटा गिद्धले तीन दिनमा एक किलो तथा वर्षमा एक सय २० किलो सिनो खान्छ। यसले सिनो र फोहोर खाएर वातावरण स्वच्छ राख्न सहयोग गर्दछ।


विश्वमा करिब २३ प्रजातिका गिद्ध पाइन्छ। नेपालमा नौ प्रजातिका गिद्ध भेटिएको छ। नेपालमा पाइने प्रजातिमा सानो खैरो, राज, हिमाली, खैरो र हाडफोर, डांगर, सुन, गोब्रे हुन्; जसमध्ये डांगर, सानो खैरो, लामो ठुडे र सुन गिद्ध अति संकटापन्न अवस्थामा छन्।

# 'जीवन बुझाउन सक्ने व्यावहारिक शिक्षा नीति चाहिन्छ'

निर्वाचनपछि गठित सरकारले शिक्षासम्बन्धी तयारी कक्षा र बृजकोर्स बन्द गर्ने र कक्षा ५ सम्मको आन्तरिक परीक्षा हटाउने गरी नयाँ शिक्षा नीति ल्याउने विषयले चौतर्फी चर्चा पाएको छ। यसमा सकारात्मक र नकारात्मक दुवै तहबाट आवाज उठिरहेको छ। सरकारले तय गर्न लागेको अबको शिक्षा नीति कस्तो हुनुपर्छ त ? प्रस्तुत छ यही विषयमा नागरिककर्मी **रुबी रौनियार**ले **प्रा.डा. लक्ष्मण ज्ञवाली**सँग गरेको कुराकानीको सम्पादित अंश।

**आगामी शैक्षिक सत्रदेखि कक्षा ५ सम्मका विद्यार्थीसँग आन्तरिक परीक्षा नलिने सरकारले नीति ल्याउन लागेको छ, यसलाई कसरी लिनुहुन्छ ?**

बालेन्द्र साह काठमाडौं महानगरपालिकाको मेयर हुँदा उहाँको टिममा शिक्षा क्षेत्रअन्तर्गत 'बुक फ्री फ्राइडे' मा रहेर मैले काम गर्ने मौका पाएँ। यसमा हामीले अध्ययन गऱ्यौं। सातामा एक दिन विनाकिताब स्कुल जान पाउँदा बालबालिका निकै रमाए। अघिपछि सिकेका विषयवस्तुभन्दा शुक्रबार जीवनसँग जोडिएका धेरै विषयवस्तु सहजरूपमा बालबालिकाले सिकेको पायौं। कक्षा ५ सम्मको आन्तरिक परीक्षा मात्र हटाउँदा बालबालिका पढाइको बोझबाट तनावमुक्त हुने अध्ययनले देखायो। कतिपय देशमा पनि प्राथमिक तहमा प्रवेश परीक्षा वा आन्तरिक परीक्षा हुँदैन। कक्षाकोठाको पढाइ-लेखाइभन्दा अरू गतिविधि बालबालिकाको सिकाइ-हुर्काइका लागि महत्त्वपूर्ण हुने रहेछ। चाहिनेभन्दा बढी प्रतिस्पर्धा गराउने र चाहिनेभन्दा बढी सिकाउने नाममा बालबालिकामाथि थोपरिएको बोझबाट छुटकारा दिलाउन प्राथमिक तहको आन्तरिक परीक्षा बन्द हुनुपर्छ। यसबाट अभिभावकको बोझ पनि घट्छ। यस अर्थमा पनि सरकारको पछिल्लो नीतिलाई सकारात्मक रूपमा लिन सकिन्छ।




**हाम्रो शिक्षण सिकाइ प्रणाली त्यसका लागि तयार छ त ?**

हो, यो विचारणीय विषय हो। यसमा तयार छ पनि छैन पनि। परीक्षाको तनावबाट मुक्त राख्ने विकल्प तयार पारेपछि मात्र यसमा जान सकिन्छ। हालको अवस्थामा निरन्तर मूल्यांकन प्रणाली कार्यान्वयन गरिएको भए पनि त्यो विद्यालयमा व्यावहारिक रूपमा कार्यान्वयन भएको छैन। म धेरै विद्यालयका कक्षामा पुगेको छु।

कतिपय सामुदायिक विद्यालयले राम्रो शिक्षा दिएका छन्। कतिपय विद्यालयबाट निस्किएका विद्यार्थी बिदेसिन बाध्य छन् भने कतिपय प्राविधिकतिर जान्छन्। यस्ता विद्यालयका विद्यार्थीले जीवनसँग जोडिएका सिकाइ नसिकेको पनि पाइयो। यसकारण यसका निम्ति शिक्षक तयार गर्नुपर्छ। शिक्षा जीवनका लागि हो, आजको लागि होइन। कक्षाकोठामा शिक्षण सिकाइको व्यावहारिक वातावरण अब राज्यले तयार पार्दै जानुपर्छ। अहिलेको अवस्थामा युनिट टेस्ट, टर्मिनल टेस्ट, फाइनल टेस्टसहित चारवटा परीक्षा हुन्छ। विद्यार्थीलाई टेस्टका लागि नभई जीवनका लागि पो सिकाउने हो। सरकारले आन्तरिक मूल्यांकन मात्र हटाउने भनेको हो, अन्तिम परीक्षा होइन। यसकारण मूल्यांकनको आधार तयार पारेर जाँदा प्रभावकारी हुन्छ।

**कक्षा १२ सम्म सञ्चालन हुने इन्ट्रान्स प्रिपरेसन र बृजकोर्स किन बन्द गर्नुपऱ्यो र ?**

हो, प्रिपरेसन कोर्स र बृजकोर्स हटाउने मन्त्रीको पछिल्लो निर्णय सही छ। बृजकोर्सले धनी र गरिबबिच खाडल बढाएको छ। बृजकोर्स सबै सहरी क्षेत्रमा केन्द्रित छ। पहुँचवालाले मात्र बृजकोर्स गर्ने हो। यो कोर्स किन्न नसक्ने पछाडि पर्ने भए। यसकारण मेरिटका आधारमा अगाडि बढ्न सक्ने व्यवस्था कार्यान्वयन हुनुपर्छ नकि पैसाको बलमा शिक्षा किन्ने होइन। हो, उदारवादी अर्थतन्त्रमा पैसा खर्च गरेर सेवा किन्नु पनि ठिक हो तर अर्को पाटो पनि छ। त्यो के हो भने विद्यालयमा सिक्यो डिग्री लियो तर अर्को कक्षा चढ्न बाहिरी शिक्षा किन चाहियो ? बृजकोर्स र तयारी कक्षामा एउटै मेथड छ- घोकाउने र परीक्षा लिने। हप्तैपिच्छेको परीक्षाले विद्यार्थीलाई उही मानसिक तनाव र अभिभावकलाई आर्थिक बोझ थप्ने हो। जुन कुरा हामीले शिक्षाबाट हटाउन खोज्यौं फेरि त्यहीं किन फस्ने ? अतिरिक्त रकम तिरेर बृज र तयारी कक्षा गर्ने हो भने विद्यालय शिक्षाको गुणस्तरको जिम्मा कसले लिने भन्ने सवाल खडा हुन्छ।

**यस्ता कक्षाले कस्तो प्रभाव पारेको छ ?**

विद्यार्थीलाई घोक्ने र रट्ने मात्र बनाएको छ।

**बन्द भएपछि कस्तो प्रभाव पर्छ त ?**

अहिलो बन्द होइन, अनुगमन र नियमन गर्नुपर्छ। छाया शिक्षा हो, औपचारिक शिक्षा होइन। यसकारण राज्यले सिक्ने-सिकाउने अधिकार खोस्नुभएन। छोटो समयको करिअर काउन्सिलिङ गर्ने-गराउने हो भने रोक्नु हुँदैन। मेडिसिन र इन्जिनियरिङ कता जानेबारे स्पष्ट बाटो देखाउने करिअर काउन्सिलिङ कक्षा चाहिन्छ।

**अब सरकारले कस्तो शिक्षा नीति लिनुपर्छ ?**

वास्तविक जीवनजगत् बुझ्न सक्ने व्यावहारिक शिक्षा नीति लिनुपर्छ। खर्चिलो शिक्षा हुनु हुँदैन। समतामूलक समाज निर्माण गर्ने खालको शिक्षा नीतिको परिकल्पना राज्यले गर्नुपर्छ, ताकि विद्यार्थीलाई स्वदेशमै टिक्न सहज होस्।

# 'एयर एम्बुलेन्स' ले जगायो आशा

**गणेश विशु**

*बाँके, चैत १६*

नेपाल सरकार, मन्त्रिपरिषद्को चैत १३ को पहिलो बैठकले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये दुर्गम क्षेत्रका नागरिकका लागि महत्त्वपूर्ण स्वास्थ्य निर्णय गरिएको छ। विशेषगरी सुदूरपश्चिम, मध्यपहाड तथा पूर्वीपहाडी भेगका नागरिकलाई लक्षित गर्दै आपत्कालीन अवस्थामा 'एयर एम्बुलेन्स' सेवा तयारी अवस्थामा राख्ने निर्णयले दुर्गम बस्तीमा नयाँ आशा जगाएको छ।



सिन्धुलीकी सुत्केरी हेमकुमारी तोलाङ्गे उद्धारपछि। फाइल तस्बिर।

वर्षौंदेखि सडक पहुँच नपुगेका गाउँमा सामान्य बिरामीसमेत समयमा अस्पताल नपुग्दा ज्यान गुमाउने अवस्था रहेको छ। गर्भवती महिला, दुर्घटनामा घाइते भएका नागरिक, हृदयघात वा अन्य गम्भीर बिरामीलाई बोकेर घन्टौं हिँड्नुपर्ने बाध्यता अझै पनि कायम छ। कतिपय अवस्थामा स्ट्रेचरमा बोकेर दिनभरि हिँड्दा पनि अस्पताल नपुग्ने अवस्थाले धेरैको ज्यान गएको स्थानीय बताउँछन्। अछामको रामारोशन क्षेत्रकी स्थानीय माया बोहराले भनिन्, 'हाम्रो गाउँमा कोही गम्भीर बिरामी भयो भने सबैभन्दा पहिले भगवान् भरोसा नै गर्नुपर्छ। बाटोमै मान्छे मरेका घटना नयाँ होइनन्।'

बाजुराको बडिमालिका क्षेत्रका प्रेम रावलका अनुसार हेलिकप्टर बोलाउन सकिने भए पनि त्यसको खर्च सामान्य नागरिकको पहुँचभन्दा बाहिर छ। 'एयर एम्बुलेन्स भनेको हामीले सुनेको मात्रै हो, प्रयोग गर्न पाएका छैनौं। सरकारले सस्तो र सहज बनाइदिए मात्रै हामीले ज्यान बचाउन सक्छौं', उनले भने। सरकारको नयाँ निर्णयअनुसार सुदूरपश्चिम, मध्य तथा पूर्वीनेपालका पहाडी क्षेत्रमा आपत्कालीन स्वास्थ्य सेवाका लागि एयर एम्बुलेन्स तयारी अवस्थामा राखिने छ। यो सेवा प्रभावकारी रूपमा सञ्चालन भएमा दुर्गम गाउँबाट बिरामीलाई छिटो सहरका ठूला अस्पतालमा पुऱ्याउन सकिने छ।

स्वास्थ्य क्षेत्रका विज्ञहरूका अनुसार 'गोल्डेन आवर' (दुर्घटनापछि पहिलो एक घन्टा) भित्र उपचार पाए धेरै बिरामीको ज्यान बचाउन सकिन्छ, तर नेपालका पहाडी तथा हिमाली जिल्लामा यो अवधिमा अस्पताल पुऱ्याउनु लगभग असम्भवजस्तै छ। यही समस्यालाई सम्बोधन गर्न एयर एम्बुलेन्स अत्यावश्यक रहेको उनीहरूको भनाइ छ। स्थानीय तहका जनप्रतिनिधिले पनि यो निर्णयलाई सकारात्मक रूपमा लिएका छन्। एक वडा सदस्यले भनिन्, 'हामीले धेरैपटक केन्द्र सरकारसँग यस्तो सेवा माग गरेका थियौं। अहिले निर्णय भएको छ, अब कार्यान्वयन छिटो होस् भन्ने अपेक्षा छ।' बर्सेनि दर्जनौं मानिस अस्पतालको ढोकासम्म पुग्न नसकी प्राण त्याग्छन्।

रास्वपाका वरिष्ठ नेता बालेन साह प्रधानमन्त्री भएपछि बसेको पहिलो मन्त्रिपरिषद् बैठकले नै यस्तो निर्णय गर्नुले सरकार दुर्गम क्षेत्रका नागरिकको जीवनरक्षाप्रति संवेदनशील रहेको सन्देश दिएको छ। 'साझा प्रतिबद्धता, समन्वय र जनविश्वास' भन्ने मूल नारासहित ल्याइएको कार्यसूचीले सेवा प्रवाहलाई प्रभावकारी बनाउने लक्ष्य लिएको छ। यद्यपि चुनौती पनि उत्तिकै छन्। एयर एम्बुलेन्स सञ्चालनका लागि पर्याप्त बजेट, दक्ष जनशक्ति, मौसमको अनुकूलता र समन्वय आवश्यक हुन्छ। साथै, स्थानीय तहसँग समन्वय गरेर आवश्यक स्थानमा हेलिप्याड निर्माण तथा व्यवस्थापन गर्नुपर्ने देखिन्छ। स्वास्थ्यकर्मीहरू भन्छन्, 'निर्णय मात्रै पर्याप्त हुँदैन, कार्यान्वयन नै मुख्य कुरा हो। यदि सरकारले स्पष्ट कार्ययोजना बनाएर निरन्तर सेवा सञ्चालन गर्न सके भने हजारौं नागरिकको ज्यान बच्न सक्छ।'

दुर्गम क्षेत्रका नागरिक अहिले पनि सानो उपचारका लागि ठूलो जोखिम मोल्न बाध्य छन्। कतिपयले ऋण काढेर हेलिकोप्टर चार्टर गर्छन् भने धेरैले त्यो पनि गर्न नसक्दा उपचार नपाएरै मृत्यु रोज्नुपर्ने अवस्था छ। यस्तो पीडादायी यथार्थबिच आएको एयर एम्बुलेन्ससम्बन्धी निर्णयले दुर्गम बस्तीका नागरिकमा आशा र भरोसा दुवै थपिएको छ। यहाँका नागरिक भन्छन्, 'यो निर्णय कागजमा मात्रै सीमित नहोस्, छिटो कार्यान्वयनमा जाओस् र दुर्गमका नागरिकले समयमै उपचार पाउने अधिकार सुनिश्चित होस्।'

**पिपरा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
पिपरा, महोतरी मधेश प्रदेश

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सुचना**

प्रकाशित मिति:२०८२/१२/१७ (३१-०३-२०२६)

| क्र.स. | ठेक्का न.: | योजनाको नाम : |
| --- | --- | --- |
| १. | PIPRA/NCB/WORK/082/83/3 | CONSTRUCTION OF HEAD WORKS IN BIGHI RIVER |

माथि उल्लेखित ठेक्काको मिति २०२८/१०/२९ मा सुचना प्रकाशन गरी प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिएकामा माथि उल्लेखित फर्म/संस्था प्राविधिक प्रस्तावमा सफल भएकाले यिनीहरुको आर्थिक प्रस्ताव २०८२/१२/२४ गते दिनको २:०० बजे यस कार्यालयमा खोल्ने भएकाले उपस्थितिका लागि सम्बन्धित फर्म / संस्थाहरुलाई सुचित गरिन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**

**Molung Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Prapcha, Okhaldhunga**

**Invitation of Bid**

Date of Publication: 31-03-2026

This is to inform all the concerned bidders that the bids (Work under NCB) as per the invitation notice published on national daily newspaper as mentioned below.
For the further information, please visit E-GP portal of PPMO i.e. (https://www.bolpatra.gov.np).

| S.N. | Description of Work | Contract Identification No | Last date of bid submission | Estimated Amount, NRs (including VAT) | Bid Security amount NRs | Bid Document Fee NRs |
| --- | --- | --- | --- | --- | --- | --- |
| 1 | Construction of Sport Ground at Rampur, Molung Rural Municipality, Ward No.-2 | 09/NCB/WORKS/MRM/082/83 | 01-05-2026, 12:00 | 1,65,72,286.38 | 4,40,000.00 | 3,000.00 |

**Chief Administrative Officer**

कमजोरले कहिल्यै क्षमा दिन सक्दैन। क्षमा दिनु ठुलो मान्छेको गुण हो।
–महात्मा गान्धी

# पाहुनालाई प्राथमिकता

कुनै बेला पर्यटक भनेकै विदेशबाट आएका मानिस हुन् भन्ने ठानिन्थ्यो । तथापि विविध कारणले बाह्य पाहुनाको आगमन प्रवाह यथोचित रूपमा नहुन सक्छ। तर, केही वर्षयता स्वदेशी पाहुना प्रवाह बढेको छ। देशभित्रकै नागरिक अर्को ठाउँमा पुगेर रमाउने र त्यहाँका बासिन्दाले तिनीमार्फत कमाउने व्यवस्था आन्तरिक पर्यटनले दिएको छ।

अचेल यसै पनि स्वदेशीहरूले देशका विभिन्न भूभागमा घुमघाम गर्न जाने प्रचलन बढेको छ। धार्मिक, सांस्कृतिक र पर्यटकीय यात्राहरू निरन्तर भइरहेका छन् । दिनभरि आफू निकटका डाँडाकाँडाको पदयात्रामा जाने मात्र होइन, एक दिनभन्दा बढीका निम्ति विभिन्न ठाउँमा जाने प्रक्रियाले देशदर्शनलाई मद्दत पुगेको छ। यसले आफ्नै देश चिन्न मात्र होइन, यहाँभित्रका सांस्कृतिक सम्पदालाई आत्मसात गर्न बल पुगेको छ। हामी कति सुन्दर विविधताबिच बाँचेका छौं भन्ने अनुभूति पनि यसले दिन्छ।

विदेशी पाहुनाको अभाव हुन थालेपछि पोखराले अढाई दशकअघि आन्तरिक पाहुनाको खोजी गर्न थालेको हो । कतिपय अवस्थामा स्वदेशी पाहुनालाई बेवास्ता गर्ने गरेको पनि देखिन्थ्यो । पदयात्रामा निस्केका नेपालीले कतिपय अवस्थामा बेवास्तामा परेको अनुभूति पनि गर्नुपर्थ्यो । बिस्तारै स्वदेशी पर्यटकले पनि विदेशीले जस्तै खर्च गर्ने र कतिपय अवस्थामा स्वदेशीबाट दिगो तथा निरन्तर आम्दानी हुने बुझेपछि महत्त्व बढ्दै गएको हो।

विगतमा द्वन्द्वका बेला विदेशबाट पाहुना नआउँदा पोखराका होटल व्यवसायीले 'जाऊँ है पोखरा' भन्ने अभियान चलाएका थिए। त्यसमा स्वदेशी पाहुनाले अर्थतन्त्रलाई बढ्ता टेवा दिन थालेपछि तिनको महत्त्व आन्तरिक पर्यटनमा देखिएको हो । आन्तरिक पाहुनाका कारण होटल व्यवसाय चल्न थालेपछि उद्यमीहरू उत्साहित हुने नै भए।

अचेल पोखरा मात्र होइन, देशका विभिन्न पर्यटकीय क्षेत्रले आन्तरिक पाहुनालाई स्वागत गर्न थालेका छन्। संघीयताको एउटा सुन्दर पक्ष भनेको स्थानीय स्तरमा आफ्ना गाउँठाउँ, पाटीपौवा, तीर्थस्थल, पर्यटन क्षेत्रको विकासमा ध्यान दिन थालेका छन् । विगतमा संघीय सरकारको मात्र मुख ताक्दा सबै ठाउँमा ध्यान पुग्न सक्दैनथ्यो। पछिल्ला वर्षहरूमा काठमाडौंभन्दा बाहिर विकासले गति लिएको छ। तुलनात्मक रूपमा बाटाघाटा पनि राम्रा बनेका छन् । तिनले आन्तरिक पर्यटनलाई बढावा दिएको छ।


> विदेशी पाहुनाको अभाव हुन थालेपछि पोखराले अढाई दशकअघि आन्तरिक पाहुनाको खोजी गर्न थालेको हो। स्वदेशी पर्यटकले पनि विदेशीले जस्तै खर्च गर्ने र कतिपय अवस्थामा स्वदेशीबाट दिगो तथा निरन्तर आम्दानी हुने बुझेपछि आन्तरिक पाहुनाको महत्त्व बढ्दै गएको हो।

अहिले पोखराको पर्यटन क्षेत्रमा विगतभन्दा कम पर्यटक आएकोमा अतिथिसत्कार व्यवसायमा लागेकाहरू चिन्तित भएका छन् । विगतमा आन्तरिक पर्यटकको हिस्सा ७० प्रतिशतसम्म पुगेकोमा अहिले ४० प्रतिशत पुगेको छ। यस्तो स्थितिमा आन्तरिक पाहुनाको प्रवाह बढाउने पक्षमा ध्यान दिनुपर्ने हुन्छ। कतिपय अवस्थामा प्रतिकूल परिस्थिति, सडक यातायात र अन्य पक्ष जिम्मेवार हुन्छ। त्यसैगरी आन्तरिक पर्यटक बन्नका निम्ति नागरिकको आम्दानी पनि बढ्नुपर्छ । जति धेरै तिनको आम्दानी बढ्छ, तिनले खर्च पनि बढाउँछन् । यसका निम्ति सेवासुविधा बढाउनुका साथै पर्यटन क्षेत्रमा पनि नयाँपन थप्नु उचित हुन्छ।

कुनै पनि नेपालीले घुम्नका निम्ति जानेबारेमा सोच्दा पोखरा पहिलो छनोटमा पर्छ। सुरम्य प्राकृतिक वातावरणले आन्तरिक पाहुनालाई आमन्त्रण गरिरहेको अवस्था छ। पोखराजस्तै अन्य पर्यटकीय सम्भावना भएका ठाउँको पनि प्रचार गरेर अगाडि बढ्न सकिन्छ। पश्चिम नेपालमा पनि यस्तै कतिपय ठाउँको यात्राका निम्ति कार्यक्रम बन्ने गरेका छन्। तर निकटताका कारण पोखराको आकर्षण छ। दुई दिन मात्रै बिदा हुँदा पनि पोखरा जाने धेरै निस्किन्छन्।

खासमा हाम्रो मुलुकमा सातामा दुई दिन बिदा दिने र पाँच दिनको कार्यघण्टा बढाउने हो भने आन्तरिक पर्यटन प्रवर्धनमा मद्दत पुग्छ। यसले अर्थतन्त्रलाई सघाउँछ पनि। दुई दिन लगातार सार्वजनिक बिदा हुने हो भने इन्धन आदिको खर्च घट्छ। पेट्रोलियम पदार्थ यसै पनि हामीले आयात गर्ने गरेका छौं। नयाँ सरकारले सुशासनमा ध्यान दिन थालेको हुनाले अब सरकारी कार्यालयमा पाँच दिनमा धमाधम काम हुने हो भने दुई दिनको सार्वजनिक बिदाले पनि सहज बनाउन सक्छ। यी दिनलाई बिदाका रूपमा आन्तरिक पर्यटकीय गतिविधिमा बिताउन सकिन्छ।


यसै पनि हाम्रो अर्थतन्त्रका निम्ति पर्यटन नै महत्त्वपूर्ण क्षेत्र हो। हामीले तत्कालै कुनै उत्पादन उद्योग सुरु गरेर त्यसका वस्तु विदेशमा निर्यात गरिहाल्न सकिँदैन। हाम्रोजस्तो मुलुकका सबैभन्दा उपयुक्त व्यवसाय भनेको पर्यटन क्षेत्र सम्बन्धित विषय हुन्छन्। यसमा होटल व्यवसायदेखि पदयात्रा, आरोहण आदि गतिविधि समावेश हुन सक्छन्। यससँग हाम्रा प्राङ्गारिक कृषिजन्य उत्पादनलाई जोड्ने हो भने अझ पाहुनाहरूको गतिविधिलाई उत्साहित तुल्याउन सकिन्छ। पर्यटन क्षेत्रमा कतिपय अवस्थामा आवास र उपभोग्य वस्तुमा विविधिकरण देखिएको छैन। त्यसमा विस्तार गर्न सकिन्छ। यसले हाम्रो पर्यटन क्षेत्रलाई नयाँ जीवन दिन सक्छ।



डा. सुभाष पोखरेल

# क्यान्सरको व्यवस्थापन

**परम्परागत फर्मेन्टेड खाना, सन्तुलित आहार, सक्रिय जीवनशैली र दीर्घ स्तनपानले शरीरको 'माइक्रोबायोम' सन्तुलन राख्दै क्यान्सरको जोखिम घटाउन मद्दत गर्छ । जनचेतना र व्यवहार परिवर्तनमार्फत रोगको बोझ घटाउन सकिन्छ ।**




सन् १८४५ मा क्यान्सर सेल (कोष) पत्ता लागेपछि रोग निदान गर्न वैज्ञानिकहरूले अहोरात्र काम गरे, अन्तर्राष्ट्रिय समुदायले धेरै पैसा खर्च गर्‍यो। अथाह धन खर्चेर हजारौं विज्ञहरूले ल्याबमा घोटिँदा पनि अर्बुदरोगको विश्वसनीय औषधी आएन । बेलायतको 'द इन्स्टिच्युट अफ क्यान्सर रिसर्च'मा पाँच दशकदेखि रक्त क्यान्सरसमेत भनिने ल्युकिमिया अन्वेषणमा काम गरेका प्राध्यापक सर मेल्भिन ग्रेभ्सको विचारमा क्यान्सरको इलाज एक जटिल ब्याक्टेरिया अथवा आततायी भाइरस निको पारेजस्तो होइन । अहिलेसम्म दुई सयभन्दा बढी क्यान्सरहरू पत्ता लागेका छन्, अनि ती प्रत्येक महारोगका हाँगाबिँगासमेत रहेकाले अर्बुदरोगको संख्या हजारौंमा देख्छन् डा. ग्रेभ्स। ठुलो संख्यामा रहेका क्यान्सरहरूको इलाज महामारीजन्य हैजा, बिफर र एचआइभी/एड्सभन्दा सयौं गुणा कठिन ठान्छन् उनी । तथ्यांकको विश्लेषण गर्दा स्थापित वैज्ञानिक अनुसन्धानको परिधिमा रहेर महारोगको नियन्त्रण सम्भव देखिएन।

शरीरमा कुनै चोट लाग्दा घाउ भर्नका लागि कोषको विभाजन आवश्यक हुन्छ । त्यस्तै, घाउ भरिएपछि कोषको विभाजन रोकिन पनि त्यतिकै आवश्यक हुन्छ। अन्यथा चोट लागेको ठाउँमा मासुको मुस्लो बन्छ र शरीरको आकृति बिग्रन्छ । प्रकृतिले जीवको अस्तित्वको निरन्तरताका लागि कोषको विभाजन र बन्देजको व्यवस्था गरेको छ । कोषको विभाजनलाई उकास्ने जिनलाई अर्बुदरोगलाई उकास्ने अथवा अन्कोजिन भनिन्छ भने सेलको विभक्तिलाई रोक्नेलाई ट्यूमर सप्रेसन जिन भनिन्छ । आवश्यकताअनुसार कोषको विभाजन गर्न र बन्देज लगाउन अन्कोजिन र सप्रेसन जिनहरू एक आपसमा सन्तुलित हिसाबले काम गर्छन् । यी दुई जिनको सन्तुलन बिग्रिएको अवस्थामा व्यक्ति अर्बुदरोगको सिकार हुन्छ। कोषको विभाजन गराउने जिन अत्यधिक क्रियाशील भए अथवा सेलको विभक्ति रोक्नुपर्ने जिनहरू शिथिल भएको अवस्थामा क्यान्सरले थलाउँछ।

अर्बौं एकाइ मिलेर बनेको आनुवंशिक पदार्थ डिएनएका खण्डहरूलाई जिन भनिन्छ । हाम्रो शरीरमा झन्डै ३० हजार जिन हुन्छन् । त्यसमध्ये झन्डै १२ सय जिनमा खराबी आउँदा व्यक्तिमा अर्बुदरोगको सम्भाव्यता देखिन्छ। यद्यपि हजारौं जिनमध्ये सबै जिनको प्रभाव समान हुँदैन । अथवा एउटा जिनमा कैफियत देखिनेबित्तिकै व्यक्ति महारोगको सिकार हुन्छ भन्ने होइन।

जन्मदेखि मृत्युसम्म शरीरमा कोषको विभाजन अविरत रूपमा चल्छ । त्यस्तै, सेलको विभाजन हुनका लागि डिएनएको विभक्ति पनि आवश्यक हुन्छ। मातापिताबाट आएको आनुवंशिक पदार्थ जीवनकालभरिमा खर्बौं पटक विभाजन हुन्छ। स्वस्थ जीवन बिताउनका लागि व्यक्तिको जिन बेदाग हुनु आवश्यक हुन्छ । तर शारीरिक बायोलोजी अनि बाह्य वातावरणीय प्रभावका कारण समयको बहावसँगै आनुवंशिक तत्त्वमा खराबी आउँछ । डिएनएको बनोट बिग्रँदा जिनहरू कैफियतपूर्ण बन्छन् । क्यान्सरका कारक मानिएका जिनमा खराबी आउँदा व्यक्तिमा अर्बुदरोग लाग्छ।

समयको बढोत्तरीसँगै जिनमा खराबी आउने भएकाले बुढेसकालमा क्यान्सर लाग्नु अस्वाभाविक होइन । तर पछिल्लो समय ठुलो संख्यामा भर्खरका बच्चाहरूलाई समेत अर्बुदरोगले सताउन थालेको देखिन्छ। क्यान्सरका रोगीको संख्या संसारभर नै आकासिएको छ । आवधिक तथ्यांकले भिन्न इलाका र पृथक् जीवनशैलीले अर्बुदरोगको वितरणलाई प्रभावित गरेको देखिन्छ। धनी र गरिब मुलुक अनि सहर र गाउँमा बस्ने मानिसमा लाग्ने अर्बुदरोगको प्रकृति फरक देखिएको छ।

गत महिना फ्रान्सको 'इन्टरनेसनल एजेन्सी फर रिसर्च अन क्यान्सर'का वैज्ञानिक हाना फिडिंक सम्मिलित अनुसन्धान टोलीले संसारमा अर्बुदरोगको प्रभावलाई नवीन ढंगले चिरफार गरी महारोगबाट जोगिने उपाय प्रकाशित गर्‍यो 'जर्नल नेचर मेडिसिन'मा । जीवनशैली परिवर्तन र सरकारी नीति तथा अभ्यासमा परिमार्जन गरे युवा अवस्थामा लाग्ने अर्बुदरोगीको संख्या घटाउन सकिन्छ भन्ने निष्कर्ष रहेको उक्त अनुसन्धानले संसारका विभिन्न भागमा गरिएका क्यान्सरसम्बन्धी अन्वेषणको नतिजालाई तथ्यपरक रूपमा विश्लेषण गरेको देखियो।

अन्यत्रझैं नेपालमा पनि अकालमै अर्बुदरोगबाट मर्नेको संख्या आकासिएको छ भन्ने तथ्यांकले देखिन्छ। पाको उमेरका कारण जिनमा आउने खराबी अनि पुस्तान्तरणबाट आउने कैफियतपूर्ण डिएनएका कारण लाग्ने क्यान्सरको नियन्त्रण काबुभन्दा बाहिरको विषय भएकाले त्यसको चर्चा यहाँ सान्दर्भिक भएन। तसर्थ दिनचर्या परिवर्तनले अर्बुदरोगको सम्भाव्यता घटाउन सकिने विषयमा भएका अनुसन्धानको निचोडलाई यो लेखमा समेट्ने प्रयास गरिएको छ।

प्रकाशित अन्वेषणहरूले क्यान्सरको महामारीका धेरै कारक देखाएका छन् । धूमपान, सूक्ष्माणुको संक्रमण, मद्यपान, मोटोपन, निष्क्रियता, प्रदूषित वायु र सूर्यको विकिरणलाई मात्र क्यान्सरको कारक देखिएको छैन, बरु बच्चालाई छोटो समय मात्र स्तनपान गराउने आमामा समेत अर्बुदरोगको सम्भाव्यता बढ्ने देखिएको छ । यद्यपि उल्लिखित सबै परिवेशको योगदान भने क्यान्सरको भयावहतामा फरक देखिएको छ।

> धूमपान, मद्यपान, प्रदूषण र प्रशोधित खानाले क्यान्सरको जोखिम उल्लेखनीय रूपमा बढाउँछन्। विशेषतः धूमपान मात्रले नै ठुलो प्रतिशत योगदान गर्ने देखिएकाले यसको नियन्त्रण सार्वजनिक स्वास्थ्य सुधारको मुख्य आधार बन्न सक्छ।

वैज्ञानिक हानाले आफ्नो अनुसन्धानको क्रममा सन् २०२२ मा ३६ किसिमका क्यान्सरले संसारका १८५ देशमा पारेको प्रभावको अध्ययन गरिन् । झन्डै दुई करोड अर्बुदरोगीको विश्लेषण गर्दा धूमपान मात्रले नै क्यान्सरको तथ्यांकमा १५ प्रतिशत योगदान गरेको देखियो । साथै, चुरोट पिउनेहरूलाई केवल फोक्सोमा मात्र होइन, बरु घाँटी, प्यान्क्रियाज, पित्तलगायतका अंकहरूमा पनि अर्बुदरोगको सम्भाव्यता बढ्ने देखियो । चुरोटमा सयौं किसिमका रासायनिक पदार्थ रहने र त्यसमध्ये झन्डै ७० केमिकलहरू क्यान्सरका कारक देखिए। चुरोटमा पाइने बेन्जिन, एमिन, ब्युटाडाइनजस्ता क्यान्सरजन्य रासायनिक पदार्थहरूले डिएनएलाई अपरिवर्तनीय रूपमा क्षति पुर्‍याउँछन्। अत्यधिक प्रदूषणका कारण राजधानीको हावा चुरोट सेवनसँग तुलनायोग्य देखिएको छ । विषाक्त हावामा रहेका सूक्ष्म कणहरूले विभिन्न किसिमका क्यान्सरलाई उकास्ने तथ्य बिर्सनुहुँदैन । धूमपानमा निषेध र सहरी वायुलाई विश्व स्वास्थ्य संगठनको सीमाभन्दा बढ्न नदिने हो भने नेपालमा क्यान्सरका रोगीको संख्या २० प्रतिशतले घट्न सक्छ।

चुरोट-बिँडीपछि नेपालमा क्यान्सरको आयतन बढ्नुमा अल्कोहलको प्रभाव देखिन्छ । त्यस्तै, केही भाइरस र ब्याक्टेरियाले पनि क्यान्सरलाई उकास्न भूमिका खेल्छन्। ह्युमन प्यापिलोमा भाइरस, हेपाटाइटिस भाइरस अनि हेलिकोब्याक्टर सूक्ष्माणुले समेत क्यान्सरलाई उकास्छन् । धनी मुलुकले भ्याक्सिनमार्फत जीवाणुजन्य अर्बुदरोगबाट नागरिकलाई जोगाए भने गरिब देशका जनता भने आर्थिक अभावका कारण क्यान्सर खेप्न बाध्य भए।

यसै सन्दर्भमा एक फरक अन्वेषणको चर्चा सान्दर्भिक छ। क्यान्सरको वितरणलाई भौगोलिक, आर्थिक तथा सामाजिक परिवेशले कसरी निर्देशित गर्छ भन्ने विषयमा संयुक्त राज्य अमेरिकाको सियाटलस्थित युनिभर्सिटी अफ वासिङ्टनका प्राध्यापक क्रिस्टफर मुर्रेले सन् २०२२ मा प्रतिष्ठित जर्नल 'द ल्यान्सेट'मा लेख प्रकाशित गरे। उक्त लेखले धूमपान र मद्यपानबाट समाजलाई मुक्त गराउन सकिए विश्वमा क्यान्सरजन्य मृत्यु आधा घट्ने दाबी गरेको छ। यी निष्कर्षहरूले चुरोट र रक्सी त्याग्दा नेपालीको औसत आयुमा उल्लेखनीय वृद्धि हुने देखाउँछन्।

हाम्रो पाचन प्रणाली हजारौं प्रजातिका सूक्ष्म जीवाणुको घर हो । पेटमा पाइने सूक्ष्माणुको समूहलाई माइक्रोबायोम भनिन्छ। पाचन प्रणालीमा केही सूक्ष्माणु खराब हुन्छन् भने केही लाभदायक हुन्छन् । टेक्ससस्थित एमडी एन्डरसन क्यान्सर सेन्टरकी विज्ञ जेनिफर वार्गोका अनुसार पाचन प्रणालीमा रहेका ब्याक्टेरियाको संरचनाले क्यान्सरको दिशा निर्धारण गर्न सक्छ। चिनियाँ अनुसन्धानहरूले सिन्की, गुन्द्रुक, तामाजस्ता फर्मेन्टेड खानाले लाभदायक सूक्ष्माणु बढाउने देखाएका छन् । त्यसविपरीत चाउचाउ, बिस्कुट, चिप्स, कोक-पेप्सीजस्ता प्रशोधित खानाले हानिकारक सूक्ष्माणु बढाउँछन्।

पछिल्ला वर्षहरूमा नेपाली भान्साको स्वरूप परिवर्तन भएको छ। गुन्द्रुक, तामाजस्ता मौलिक परिकार हराउँदै गएका छन्। दाल-भात-तरकारीको सट्टा प्रशोधित खानाको प्रयोग बढेको छ। यसले माइक्रोबायोमलाई नकारात्मक रूपमा असर पार्दै युवा अवस्थामै क्यान्सर बढाएको हुनसक्ने अनुमान गरिएको छ। साथै निष्क्रिय जीवनशैली र मोटोपन पनि जोखिम कारक बनेका छन्।

चुरोट-रक्सी नियन्त्रण गर्ने, परम्परागत फर्मेन्टेड खाना अपनाउने, प्रशोधित खाना घटाउने, सन्तुलित आहार र सक्रिय जीवनशैली अपनाउने तथा दीर्घ स्तनपानलाई प्रोत्साहन गर्ने हो भने क्यान्सरको जोखिम उल्लेखनीय रूपमा घटाउन सकिन्छ। जनचेतना अभिवृद्धिमार्फत रोगको बोझ कम गर्न सकिन्छ।

# ऊर्जा सङ्कटमा हरित औद्योगिक रणनीति

**ऊर्जा संकटलाई अवसरमा रूपान्तरण गर्दै हरित लगानी, समन्वित औद्योगिक नीति र सार्वजनिक हस्तक्षेपमार्फत मुद्रास्फीति नियन्त्रण, रोजगारी सिर्जना र जीवनस्तर सुधार सम्भव छ । यसले दीर्घकालीन आर्थिक रूपान्तरण र सामाजिक न्याय दुवै सुनिश्चित गर्न सक्छ ।**



मारियाना माजुकाटो

अमेरिका-इजरायलद्वारा इरानमाथि गरिएको युद्धले सम्पूर्ण पश्चिम एसियालाई अस्थिर बनाएको छ र ठुलो मानवीय तथा वातावरणीय क्षति पुर्‍याएको छ । यसले इतिहासमै सबैभन्दा ठुलो स्तरमा तेलको मूल्य बढाएको छ। यसको असर विश्वव्यापी सेयर बजारमा फैलिँदै गएको छ र सरकारी ऋण तथा उधारो लागत बढ्दै छ। यस अवस्थामा नीतिनिर्माताले बुझ्नुपर्ने कुरा के हो भने यस्तो प्रकारको ऊर्जा झट्का कुनै पृथक्, छोटो अवधिको संकट होइन-यही अबको हाम्रो नयाँ यथार्थ हो।

भूराजनीतिक उथलपुथलको युगमा आर्थिक सफलता हासिल गर्न हामीले प्रयोग गर्ने ऊर्जाको स्वरूप मात्र होइन, उत्पादन कसरी, कहाँ र कसले गर्छ भन्ने आधारभूत पक्षलाई समेत परिवर्तन गर्नुपर्छ। लक्ष्य-उन्मुख हरित औद्योगिक रणनीति तथा रणनीतिक सार्वजनिक लगानीलाई समर्थन गर्ने व्यापक आर्थिक ढाँचामार्फत सरकारहरूले जीवनस्तरको सुरक्षा र आर्थिक सबलीकरण दुवैलाई एकैपटक सुदृढ बनाउन सक्छन्।

व्यापक आर्थिक लक्ष्य हासिल गर्ने र घरपरिवार तथा व्यवसायलाई आर्थिक चापबाट जोगाउने उपायको तत्काल डिजाइन हुनुपर्छ। कुनै नीतिले केवल जीवाश्म इन्धन उद्योगको नाफा जोगाउने साधन मात्र बन्छ भने त्यस्तो नीतिलाई असफल मानिनुपर्छ।

यो नयाँ दृष्टिकोण अपनाउने समय हो। भूराजनीतिक द्वन्द्वबाट प्रेरित मुद्रास्फीतिजन्य ऊर्जा झट्काहरू दिनानुदिन सामान्य बन्दै गइरहेका छन्। गत जुन महिनाको १२ दिने युद्धका क्रममा इरानले हर्मुज जलडमरु बन्द गर्ने धम्की दिएको थियो र अहिले त्यसलाई कार्यान्वयनमा ल्याएको छ, जसका कारण कच्चा तेलको मूल्य सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेपछि पहिलोपटक प्रतिब्यारेल १०० डलरभन्दा माथि पुगेको छ।

चार वर्षअघि प्राकृतिक ग्यासमा अत्यधिक निर्भरता र भण्डारणको अभावका कारण पश्चिमी युरोपका अन्य देशको तुलनामा सबैभन्दा बढी प्रभावित बेलायत बनेको थियो। बेलायत मात्र होइन, अझै पनि अचानक आपूर्ति झट्काको उच्च जोखिममा रहेका कुनै पनि राष्ट्रका लागि यो चेतावनी हो। बेलायतका ऊर्जा सचिव एड मिलिब्यान्डले विद्युत् प्रणालीलाई कार्बनमुक्त बनाउन 'क्लिन पावर' अभियानमार्फत केही प्रगति गरे पनि ग्यास र बिजुलीको मूल्यबिचको सम्बन्ध तोडिएको छैन । इरान युद्ध सुरु भएदेखि बेलायतको थोक ऊर्जा मूल्य करिब ५० प्रतिशतले बढेको छ।

विकसित अर्थतन्त्रले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका जस्तै जीवाश्म इन्धनमा थप निर्भर हुने गल्ती गर्नुहुँदैन, जसले ऊर्जा मूल्य अस्थिरता बढाउने र सैनिक मोलतोलको साधन बन्ने काम गरिरहेको छ । बेलायत मात्र होइन, विश्वका सबै अर्थतन्त्रहरू त्यतिबेला मात्र बढी सुरक्षित हुनेछन्, जब विद्युत् आपूर्ति स्वदेशी, स्वच्छ स्रोतहरूबाट हुनेछ र यसले विद्युत् प्रणालीभन्दा बाहिर पनि हाम्रो यातायात, निर्माण र जीवनशैलीलाई रूपान्तरण गर्नेछ।

सरकारी लक्ष्यहरूले सबै सम्बन्धित मन्त्रालयहरूले पछ्याउने स्पष्ट 'मुनसट' (अत्यन्त महत्त्वाकांक्षी र रूपान्तरणकारी दीर्घकालीन लक्ष्य) निर्धारण गर्नुपर्छ, किनकि आवश्यक बहुक्षेत्रीय लगानीहरू परिचालन गर्ने यही प्रभावकारी माध्यम हो।

हालको ऊर्जा झट्काका कारण जीवनयापन लागतको संकट पुनः गहिरिने खतरा बढेको छ । उदाहरणका लागि बेलायतको बजेटसँग सम्बन्धित कार्यालयले यस वर्ष मुद्रास्फीति ३.४ प्रतिशतबाट २.३ प्रतिशतमा झर्ने अनुमान गरेको थियो तर त्यो अपेक्षा अब अवरुद्ध भइसकेको छ। बेलायती वित्तमन्त्री राचेल रिभ्समाथि घरपरिवारलाई थप आर्थिक पीडाबाट जोगाउन दबाब बढ्दै गएको छ । सन् २०२२ मा बेलायतमा उपभोक्ता मूल्य ९ प्रतिशतले बढ्दा त्यसको करिब आधा हिस्सा खाद्य र ऊर्जाले ओगटेको थियो । अहिले भूराजनीतिक जोखिम र जलवायु परिवर्तनका कारण कृषि उत्पादन र ढुवानी प्रणालीमा अवरोध बढ्दै जाँदा यसभन्दा अझ शक्तिशाली प्रभाव देखिन सक्छ।

यसका साथै सन् २०२२-२३ को मुद्रास्फीतिमा कर्पोरेट नाफाले ठुलो हिस्सा लिएका प्रमाणहरू प्रशस्त छन् । ऊर्जा झट्काले कम्पनीहरूलाई दुर्लभ सम्पत्तिको स्वामित्वकै कारण अतिरिक्त नाफा असुल्ने अवसर दिएको हो, उत्पादनशीलता बढेकाले यसो भएको होइन। सरकारले यस्तो अवस्था आउनबाट रोक्नुपर्छ, जहाँ संकटको लाभ केही सेयरधनीहरूमा मात्र सीमित हुन्छ र बाँकी समाजले ठुलो भार बेहोर्नुपर्छ। उचित नीतिगत प्रतिक्रिया भएको अवस्थामा संकट पनि वास्तविक आर्थिक गतिविधि र संरचनात्मक रूपान्तरणको अवसर बन्न सक्छ।

बेलायतका प्रधानमन्त्री कियर स्टार्मर र वित्तमन्त्री रिभ्सले मूल्यवृद्धि विरुद्ध 'शून्य सहनशीलता' नीति घोषणा गरेका छन्, जसले पेट्रोलियम खुद्रा बिक्रेतालाई असन्तुष्ट बनाएको छ । तर यस्तो नीतिको प्रभावकारिता यसको कार्यान्वयनमा निर्भर हुन्छ । सन् २०२२-२३ मा बेलायतको ऊर्जा मूल्य ग्यारेन्टीले घरपरिवारको लागत सीमित गर्‍यो तर आपूर्तिकर्तालाई अनुदान दिएर असाधारण नाफामा कर लगाउने प्रयास गरियो । स्पेन र पोर्चुगलले बिजुली उत्पादनमा प्रयोग हुने ग्यासको मूल्य सीमित गरेर मुद्रास्फीति नियन्त्रण गर्ने उपाय अपनाए।

नवीकरणीय ऊर्जामा तीव्र विस्तारसँग तादाम्य राखेर अख्तियार गरिएको दोस्रो दृष्टिकोण बढी सफल साबित भएको छ । सन् २०२२ को दोस्रो ६ महिनाको अवधिमा स्पेनको बिजुलीको मूल्य युरोपेली औसतभन्दा ५७ प्रतिशत कम थियो। अहिले स्पेनमा महँगो ग्यासले केवल १५ प्रतिशत समय मात्रै बिजुलीको मूल्य निर्धारण गर्छ, जबकि इटालीमा यो अनुपात ८९ प्रतिशत छ। दिगो आर्थिक वृद्धि लक्ष्य हो भने सुरुदेखि नै न्यायोचित आर्थिक संरचना निर्माण गर्नु राम्रो हुन्छ। एकाधिकार नाफा बढ्न दिई पछि करमार्फत फिर्ता लिन खोज्नु सही होइन।

ऊर्जा झट्काले सम्पूर्ण अर्थतन्त्रमा प्रभाव पार्छ, किनकि तेल र पेट्रोलियम पदार्थहरू उत्पादन, यातायात र कृषिजस्ता क्षेत्रसँग सम्बन्धित छन्। यसबिच मुद्रास्फीति नियन्त्रणका लागि प्रयोग गरिने केन्द्रीय बैंकको ब्याजदर वृद्धि गर्ने उपायले समस्या झन् बढाउन सक्छ। विशेष गरी उच्च प्रारम्भिक लागत हुने नवीकरणीय ऊर्जा क्षेत्रमा गरिने उच्च ब्याजदरयुक्त लगानीले ऊर्जालाई महँगो बनाउँछ तर यसले आपूर्ति पक्षको मुद्रास्फीतिमा खासै प्रभाव पार्दैन।

हरित लगानीले जलवायु परिवर्तन न्यूनीकरण मात्र गर्दैन, उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र जीवनस्तर उकास्ने सकारात्मक प्रभाव पनि सुनिश्चित गर्छ । यी सबैलाई समेट्दा यस्तो लगानी आफैंमा लाभदायक हुन्छ। हालै बेलायतको स्वतन्त्र जलवायु निकायले देखाएको छ कि नेट-जिरो लक्ष्यतर्फ खर्च गरिएको प्रत्येक पाउन्डले अन्ततः करिब दुईदेखि चार पाउन्ड बराबरको मूल्य सिर्जना गर्छ। साथै स्वच्छ हावा, तातो घर र स्वस्थ आहारजस्ता थप लाभहरू पनि यसले प्रदान गर्छ।

यो ऊर्जा संकट उद्यमशील राज्यका लागि क्षमता, उपकरण र संस्थागत संरचना विकास गर्ने अवसर हो- जसले सस्तो अत्यावश्यक सेवाहरू सुनिश्चित गर्ने, अवसरवादी नाफाखोरी रोक्ने र औद्योगिक रूपान्तरणलाई तीव्रता दिने काम गर्छ। करिब एक शताब्दीअघि अर्थशास्त्री जोन मेनार्ड केन्सले भनेझैं निजी क्षेत्र र उपभोक्ताको विश्वास कमजोर हुँदा राज्यले दिशानिर्देश र लगानी गर्नुपर्छ । विश्वका सरकारले पछिल्लो संकटलाई निष्क्रियताको कारण बन्न दिनुहुँदैन, बरु मानवीय पीडा कम गर्दै दीर्घकालीन आर्थिक सुदृढतामा लगानी गर्नुपर्छ।

*-माजुकाटो युनिभर्सिटी कलेज लन्डनकी प्राध्यापक हुन् ।*
*(प्रोजेक्ट सिन्डिकेटबाट)*



## जातीय विभेद गर्ने महिला प्रहरी नियन्त्रणमा

**गोल्डेन बुढा**
*जुम्ला, चैत १६*

जुम्लाको गुठीचौर गाउँपालिका-३ गज्यांकोट गाउँकी २२ वर्षीया कविता बुढा जातीय विभेद गरेको आरोपमा सोमबार पक्राउमा परेकी छन् । आइतबार बेलुकी चन्दननाथ नगरपालिका- ५ कालेखोलीस्थित एक सार्वजनिक होटलमा सोही गाउँका २७ वर्षीय राजबहादुर सुनारमाथि अपशब्द प्रयोग गर्दै जातीय विभेद गरेको आरोपमा उनलाई नियन्त्रणमा लिइएको हो ।

घटनापछि अपशब्द प्रयोग गरिएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएको थियो । पीडित पक्षले चैत १६ गते जिल्ला प्रहरी कार्यालयमा ठाडो उजुरी दिएपछि आरोपितलाई पक्राउ गरिएको डिएसपी नविनबाबु रेग्मीले बताए । उनका अनुसार घटनाबारे अनुसन्धान भइरहेको छ । आइतबार बेलुका सार्वजनिक भएको एक मिनेट ३४ सेकेन्डको भिडियोमा आरोपितले 'डुम भनेका डुम हुन् । भैंसा मासु खान्छन् । म डुमै भुन्यौं, डुम किन नभुन्या । मेरा घर दसैंमा पुच्छुर लिन आउँछन्' लगायतका अभिव्यक्ति दिएको सुनिन्छ ।

## बञ्चरो प्रहार गरी पत्नीको हत्या



**ललित विष्ट**
*कालीकोट, चैत १६*

कालीकोट जिल्लाको नरहरिनाथ– ३ पाल्तीका २९ वर्षीय काशीराम बुढाले बञ्चरो प्रहार गरी पत्नीको हत्या गरेका छन् । पति काशीरामको बञ्चरो प्रहारबाट २६ वर्षीया पत्नी मनपुरा अधिकारी बुढाको हत्या भएको हो ।

हत्यामा संलग्न मृतकका पति २९ वर्षीय काशीराम बुढालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रहरी प्रमुख डिएसपी हिमबहादुर खत्रीले जानकारी दिए । सोमबार बिहान सवा चार बजेतिर काशीराम आफैं कुमालगाउँ इलाका प्रहरी कार्यालय पुगेर चारजना अपरिचित व्यक्तिले आफ्नी पत्नीलाई कुटपिट गरी हत्या गरेको जानकारी गराएका थिए ।

लगत्तै प्रहरी नायब निरीक्षक (सई) रकवीर केसीको नेतृत्वमा ६ जनाको टोली घटनास्थल गएर प्रारम्भिक अनुसन्धानपछि तत्काल काशीरामलाई पक्राउ गरिएको थियो । पति र पत्नीबिच पहिल्यैदेखि विवाद हुने गरेको वडा नं ३ का अध्यक्ष कटकबहादुर बुढाले बताए । उनले भने, 'यसअघि पनि उनीहरूबिच पटकपटक झगडा हुने गर्थ्यो । पति काशीराम मादक पदार्थ सेवन गरी पटकपटक यातना दिने, कुटपिट गर्ने, घरबाट लखेट्नेसमेत गर्थे ।' हप्ता दिनअघि मात्र कुमालगाउँ इलाका प्रहरी कार्यालयमा पुगेर अब झैझगडा नगर्ने भनी काशीराम र मनपुराले मेलमिलापसमेत गराएका थिए ।

प्रहरीले घटनालाई गम्भीर रूपमा लिएर अनुसन्धान तीव्र बनाएको छ । प्रहरीले सोमबार बिहान घटनास्थलबाट बञ्चरोसमेत फेला पारेको छ । सोमबार दिउँसो स्थानीय र माइतीसँग घटनाको मुचुल्कापछि शवलाई पोस्टमार्टमका लागि जिल्ला अस्पताल मान्म ल्याइएको छ ।

पतिले बञ्चरो प्रहार गरी हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानले जनाएको छ । मृतकका डेढ वर्ष र चार वर्षको छोरा र सात वर्षकी छोरी छन् । जिल्लाबाट प्रहरी निरीक्षक बरमा यादवको नेतृत्वको टोलीले कुमालगाउँ पुगेर मृतकका छिमेकीसँग सोधपुछपछि शवलाई जिल्ला अस्पताल मान्म ल्याएको हो ।

# बाँदरपीडित किसान हलो–कोदालोसहित विरोध प्रदर्शनमा

**महेश्वर चामलिङ राई**
*उदयपुर, चैत १६*



दिक्तेलमा निकालिएको बाँदरपीडित किसानहरूको र्‍याली । *तस्बिर : महेश्वर/नागरिक*

बाँदर आतंकबाट बचाउन माग गर्दै खोटाङका किसान हलो, जुवालगायत घरेलु कृषि औजार बोकेर सडकमा उत्रिएका छन् । बाँदर नियन्त्रण र व्यवस्थापन समिति खोटाङको आयोजनामा बर्सेनि बाँदर आतंकबाट पीडित हुनुपरेको भन्दै दीर्घकालीन छुटकाराको माग गर्दै सोमबार प्रदर्शन गरिएको हो ।

हरेक साल बाँदरबाट पीडित हुनुपरे पनि किसानको समस्या नबुझिदिएको भन्दै राज्यको ध्यानाकर्षण गराउन कृषि औजारसहित प्रदर्शन गर्न बाध्य भएको उनीहरूको गुनासो छ । वर्षौंदेखिको समस्या राज्यले समाधान नगरेका कारण ध्यान खिच्न हलो, जुवा, कोदालो र दाँदे बोकेर प्रदर्शनमा उत्रिएको समुहले सदरमुकाम दिक्तेल बजार परिक्रमा गरेको थियो ।

गाउँगाउँबाट आएका बाँदरपीडित किसानहरूको सहभागिता रहेको प्रदर्शनमा बाँदर आतंकबाट बँच्न सरकारले भरपर्दो र दिगो समाधान खोजिदिनुपर्ने, बाँदर नियन्त्रण गर्न ठोस कदम चाल्नुपर्ने तथा बाँदरको क्षतिको भरणपोषण गर्नुपर्ने माग अघि सारेको समितिका अध्यक्ष दुर्गाप्रसाद घिमिरेले बताए ।

'सबै किसान एक हौं, बाँदर समस्या समाधान गर, हाम्रा माग पूरा गर, राष्ट्रको सान किसानको सम्मान' जस्ता नारा लगाउँदै प्रदर्शनमा उत्रिएको र्‍याली दिक्तेल बजारको हुलाकडाँडादेखि त्रिवेणी चोक-भानु चोक हुँदै जिल्ला प्रशासन कार्यालय खोटाङ पुगेर समापन भएको थियो ।

विरोध प्रदर्शनपछि टोलीले प्रमुख जिल्ला अधिकारी रेखा कँडेललाई भेटेर ज्ञापनपत्र बुझाएको छ । किसानका खेतबारीमा बर्सेनि बितण्डा मच्याउने बाँदर नियन्त्रण गर्न राज्यले ठोस कदम चाल्न ज्ञापनपत्रमा माग गरिएको छ । ज्ञापनपत्रमा बाँदरलाई थुन्न तारजालीको खोर बनाउने या बन्ध्याकरण गर्ने व्यवस्था गर्नेजस्ता उपाय पनि सुझाइएको छ ।

ज्ञापनपत्र बुझ्दै प्रजिअ कँडेलले बाँदर आतंक विषयमा आफूहरू सचेत र गम्भीर रहेको बताइन् । बाँदर समस्याको दीर्घकालीन समाधानका लागि माथिल्लो तह (संघीय सरकार) बाटै योजना बनाउन सम्बन्धित निकायलाई ज्ञापनपत्र पठाउने प्रतिबद्धता जनाइन् । त्यसका लागि स्थानीय र प्रदेश सरकारले पनि उपायको खोजी गर्ने विषयमा छलफल चलाउने उनको आश्वासन थियो । खोटाङबासी बाँदरपीडित किसानले गत माघ २४ मा दिक्तेलमा बृहत् भेला अयोजना गरी 'बाँदरपीडित संघर्ष समिति' गठन गरेका थिए । सोही समितिको निर्णयअनुसार विरोध प्रदर्शन आयोजना गर्दै सरकारको ध्यानाकर्षणका लागि ज्ञापनपत्र बुझाइएको हो । अध्यक्ष घिमिरेले यसअघि बाँदरको 'परिवार नियोजन' को विधि खोजेर दीर्घकालीन रूपमा बाँदर नियन्त्रण गर्ने व्यवस्था मिलाउन दिक्तेल-रूपाकोट मझुवागढी नगरपालिका र विभिन्न निकायलाई सुझाइसकेको पनि जानकारी दिए ।

बाँदरले खेतबारीमा लगाएको किसानका मकै, गहुँ, कोदोलगायत अन्नबाली, अलैंची, आलु, धान, मास, दालजस्ता दलहन र तेलहन तथा करेला, सुन्तला, कागती, केरालगायत फलफुल बर्सेनि खानुका साथै नष्ट गरेर क्षति पुर्‍याउँदै आएको छ । बर्सेनि बाँदरले यसरी हैरान पार्ने गरे पनि सरकारले बाँदर नियन्त्रणको दिगो र भरपर्दो उपाय भने नअपनाउँदा किसान पीडित हुँदै आउनुपरेको छ ।

बाँदर मार्न नहुने कानुनी व्यवस्था रहेकाले बाँदरले बिज्याइँ गरे पनि मार्न नहुने भएपछि खोरमा थुन्ने वा बन्ध्याकरण गर्ने व्यवस्था गर्न सरकारले नै पहल गर्नुपर्ने माग अध्यक्ष घिमिरेको छ ।

यसअघि २०७५ फागुनमा पनि बाँदर नियन्त्रण तथा व्यवस्थापन समिति गठन गरी गाउँमा आउने बाँदर समातेर विभिन्न राष्ट्रिय निकुञ्जमा पुर्‍याउने योजना अघि सारिएको थियो । त्यसका लागि भारतको खुसीनगर उत्तरप्रदेशका पेसेबर बाँदर सिकारी झिकाएर दर्जनौं बाँदर समातेर उता पठाइएको थियो, तर, बाँदर निकुञ्जमा लैजानुअघि नै समातेर राखेको ठाउँमै मर्न थालेको देखेर पशुअधिकारकर्मीले विरोध गरेपछि त्यो योजना लागु हुन पाएन ।

त्यतिबेला दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले १० लाख बजेट विनियोजन गरी बाँदर समाउने अभियानको सुरुवात गरेको भए पनि पशुअधिकारकर्मीको विरोधका कारण त्यत्तिकै योजना सेलाएर गयो ।


## नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको
## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**(नागरीक दैनिक पत्रिकामा तेस्रो पटक प्रकाशित मितिः २०८२/१२/१७)**

यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय **यज्ञपुरी**बाट तपसिलमा उल्लिखित ऋणीले उपभोग गरेको कर्जाको ऋणीले बैंकमा गरेको कर्जा शर्तनामा बमोजिम बैंकलाई समय समयमा तिर्नं बुझाउनु पर्ने साबाँ, व्याज, हर्जाना ब्याज लगाएतका रै रकम चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा ऋणीले कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति २०८२/०९/०३ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्न आउने ३५ (पैतीस) दिने सार्वजनिक सूचना, मिति २०८२/११/१२ का आर्थिक राष्ट्रिय दैनिकमा धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना तथा मिति २०८२/१२/०१ को चितवन पोष्ट दैनिकमा धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणी तथा जमानीकर्ताहरुलाई सूचित गर्दा समेत कर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई पुर्ण बेवास्ता गरि बसेकाले बैंकको लेना रकम असुली गर्न कर्जाको सुरक्षण स्वरुप बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो दास्रो ७ (सात) दिने लिलाम बिक्रीको गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) आव्हान गरिएको छ । तोकिएको समयावधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित बोलपत्र पेश अनुरोध गरिन्छ । यो सूचना प्रकाशित भएको मितिले ८ आठौं दिन (सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) मा यस डेभलपमेन्ट बैंकको प्रधान कार्यालयमा दिउँसो ३:०० (तीन) बजे गोप्य शिलबन्दी बोलपत्रहरु (टेण्डर) खोलिनेछ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नहुने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता रकम असुलीका लागि श्री ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा कर्जा सम्बद्ध सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम यस डेभलपमेन्ट बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । यस अवधिभित्र तपाई ऋणी, जमानीकर्ता तथा कर्जा सम्बद्ध सबैले बैंकलाई तिर्नुबुझाउनु पर्ने बक्यौता रकम चुक्ता भुक्तानी गरि आफ्नो सम्पत्तिको संरक्षण गर्नहुन समेत यसै सूचनाबाट अनुरोध समेत गरिएको छ ।

**तपसिल**

**ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाम ठेगाना/विवरण**

**ऋणी :** मकवानपुर जिल्ला हर्नामाडी गा.वि.स. वडा नं. ०२ (हाल हेटौडा उप-महानगरपालिका वडा नं. ९, मकवानपुर) बस्ने, श्री कृष्ण बहादुर बानियाको बुहारी श्री प्रलाद बानियाको श्रीमती बर्ष ३८ को **अप्सरा बानिया** (ना.प्र.नं. ३११०१४/५१०९४, जारी मिति २०६५/०३/२७ जि.प्र.का. मकवानपुर)

**व्यक्तिगत जमानीकर्ताहरुः**

| | |
|---|---|
| **१. नाम : प्रलाद बानिया**<br>स्थायी ठेगाना : हर्नामाडी गा.वि.स. वडा नं.०२, मकवानपुर ।<br>हालको ठेगानाः हेटौडा उप-महानगरपालिका वडा नं.०९, मकवानपुर (हाल : वैदेशिक रोजगारको लागि संयुक्त अरब इमिरेट्स/UAE)<br>ना.प्र.नं.: ८/८८९, मकवानपुर **(राहादानी नं : ०९७५५३५९)** ।<br>बाबुः कृष्ण बहादुर बानिया<br>बाजेः भैरव बहादुर बानिया | **२. नाम : ओमकार महतो**<br>स्थायी ठेगाना : शुक्रनगर गा.वि.स. वडा नं. ०२, चितवन ।<br>हालको ठेगानाः भरतपुर महानगरपालिका वडा नं.२५, चितवन ।<br>ना.प्र.नं.: ३५३०३८/४५५, चितवन ।<br>बाबु : राजमनी महतो<br>बाजे : मङ्गरा महतो |

**धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण**

कृष्ण बहादुर बानियाको बुहारी प्रलाद बानियाको श्रीमती अप्सरा बानियाको नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला साविक पंचकन्या गा.वि.स. वडा न०६ (हाल, रत्ननगर नगरपालिका वडा नं.१०, चितवन, नक्सा सिट नं. ६/क स्थित कित्ता न २५३६ को क्षेत्रफल २५३.९३ ब.मी.को घर जग्गा तथा सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**नोटः**

१. बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग भरतपुर १०, चितवन/सम्बन्धीत शाखाबाट रु १,०००/- (अक्षेरुपी एक हजार मात्र) तिरी लिन सकिनेछ ।
२. बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि निःशर्त लागू हुनेछन ।
३. बोलपत्र खोलिने स्थानः बैंकको प्रधान कार्यालय, भरतपुर-१०, चितवन ।

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"
Bharatpur-10, Chitwan, Nepal
Tel.: +977-56-590011/590012/590013
www.ndbl.com.np, info@ndbl.com.np



## हरियाली बचत तथा ऋण सहकारी सस्थां लि.
ललितपुर महानगरपालिका -२५, खोकनादोबाटो
फोन नं. ०१५५९१११९/०१५५९१५००
Email: hariyali.sacos@gmail.com


## कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०८२/१२/१७**

यस हरियाली बचत तथा ऋण सहकारी सस्थां लि. ललितपुर महानगरपालिका -२५, खोकनादोबाटो **केन्द्रिय कार्यालय**बाट तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम समेत तिर्न बुझाउनु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन आउनु भनि पटक-पटक तर ताकेता गर्दा समेत कर्जाको सावाँ, व्याज तथा अन्य दै-दस्तुरको रकम समेत चुत्ता भुक्तानी नगरी आलटाल गरी कर्जा चुत्ता गर्ने तर्फ कुनै तत्पर्ता नदेखाएको हुनाले कर्जा चुत्ता गर्न आउनु भनि **३५ दिने** सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

यो सुचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस संस्थालाई बुझाउनु पर्ने सावाँ, व्याज, अन्य दस्तुर समेत बुझाउन आउनु हुन सम्बन्धित ऋणी लगाएत व्यक्तिगत जमानी कर्तालाई समेत सुचित गरिन्छ । सो म्याद भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पुर्ण रकम चुत्ता भुक्तान गर्नु होला अन्यथा ऋण लिदा यस संस्थालाई लेखाई दिएको धितो लिलाम विकी गरी यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर गरि लिने समेत यसै सुचना द्धारा जानकारी गराइन्छ । साथै सुरक्षण वापत दिनु भएको धितो लिलाम विकीबाट यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा वा धितो लिलामबाट समेत ऋण असुल उपर हुन नसके ऋणीको एकाघर संगोल परिवारमा रहेको वा निजहरुको चल अचल सम्पति बाट बैंक तथा वित्तिय संस्था ऐन, सहकारी ऐन नियमावली तथा प्रचलित कानुन बमोजिम असुल उपर गरी लिइने छ । साथै ऋणी तथा व्यक्तिगत जमानीकर्तालाई बैक तथा वित्तिय सघं संस्था सम्बन्धित ऐन बमोजिम कालोसुचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराइन्छ ।

| ऋणीको ठेगाना तथा तिनपुस्ते विवरण | फोटो | कर्जा शिर्षक |
|---|---|---|
| गोरखा जिल्ला गण्डकी गा.पा वडा नं. ०८ जन्म स्थान भई हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १२ ठेचो बस्ने, श्री नरमान श्रेष्ठको नाति अमरलाल श्रेष्ठको छोरा (ना.प्रं नं. ४४१०१३-५२० जारी मिति २०६७/१०/१० जि.प्र.का. गोरखा) वर्ष ३९ को **राम कुमार श्रेष्ठ ।** |  | **धितो कर्जा** |

| व्यक्तिगत जमानत दिनेको ठेगाना तथा तिनपुस्ते विवरण | फोटो |
|---|---|
| **१**. ओखलढुङ्गा जिल्ला सुनकोशी गा.पा. वडा नं. ०७ जन्म स्थान भई हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १२ ठेचो बस्ने, श्री हर्क बहादुर घतालको नातिनी नर बहादुर घतालको छोरी (ना.प्रं नं. ५७०९८/१६०२ जारी मिति २०६१/०५/२२ जि.प्र.का. ओखलढुङ्गा) वर्ष ४४ को **लक्ष्मी घताल ।** |  |

**तपसिल**

**धितो राखिएको सम्पति विवरण**

| क्र.स. | धितो सुरक्षण धनीको नाम | जिल्ला | नगर/गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| १ | राम कुमार श्रेष्ठ | ललितपुर | ठेचो | ९/९ क | ३८६४ | ०-४-०-० |



## सिद्धार्थ बैंक लिमिटेड, तपसिल शाखा कार्यालयका तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/१२/१७ गतेको नागरिक राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीहरुले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**शाखा कार्यालय : बि.पी. चोक, नेपालगंज, बाँके**

**ऋणीको विवरण**

बाँके जिल्ला, नेपालगंज उ.म.न.पा./न.पा. वडा नं. १३ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, नेपालगंज, बाँकेमा मिति २०७१ साल भाद्र महिना १८ गते रोज ०४ मा प्रा.फ.र.नं. २३६६४/०७१/०७२ स्थानीय व्यापार तथा आन्तरिक राजश्व कार्यालय नेपालगंजमा मिति २०७१/०५/२२ मा स्थायी लेखा नम्बर (PAN) ३०२९४७३८८ अन्तर्गत दर्ता कायम भएको **आदर्श युनी फर्म** ।
**प्रोप्राईटर : चन्द्र बहादुर श्रेष्ठ**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. नन्द प्रसाद श्रेष्ठको नाति, डम्बर बहादुर श्रेष्ठको छोरा, चितवन जिल्ला, साविक शुक्रनगर गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १३ बस्ने **चन्द्र बहादुर श्रेष्ठ** (ना.प्र.नं. २८४१, जारी मिति २०४०/०४/३०, जि.प्र.का. चितवन) । | २. डम्बर बहादुर श्रेष्ठको नाति, चन्द्र बहादुर श्रेष्ठको छोरा, चितवन जिल्ला, साविक भरतपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १३ बस्ने **शिर्षक श्रेष्ठ** (ना.प्र.नं. ३५१०२५/७४१०, जारी मिति २०६९/०८/२०, जि.प्र.का. चितवन) । |
| ३. डम्बर बहादुर श्रेष्ठको बुहारी, चन्द्र बहादुर श्रेष्ठको पत्नी, चितवन जिल्ला, साविक भरतपुर म.न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १० बस्ने **रन्जु श्रेष्ठ** (ना.प्र.नं. ४६१००१/४६११ कास्की, जारी मिति २०६५/०७/०४, जि.प्र.का. चितवन) । | ४. चन्द्र बहादुर श्रेष्ठको बुहारी, शिर्षक श्रेष्ठको पत्नी, सिन्धुपाल्चोक जिल्ला, साविक साँगाचोक गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १० बस्ने **सिरजना खड्का** (ना.प्र.नं. २४-०-७०-०५००६, जारी मिति २०७०/१०/०७, जि.प्र.का. सिन्धुपाल्चोक) । |

**धितोको विवरण**

आदर्श युनिफर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शाखा कार्यालय : खाँदबारी, संखुवासभा**

| ऋणी तथा ऋणी २ को व्यक्तिगत जमानतकताको विवरण | ऋणी तथा ऋणी १ को व्यक्तिगत जमानतकताको विवरण |
|---|---|
| **१.** शेर वहादुर गुरुङको नाति, नरेन्द्र वहादुर गुरुङको छोरा, संखुवासभा जिल्ला, साविक सितलपाटी गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ बस्ने **वरुण कुमार गुरुङ्ग** (ना.प्र.नं. ५५५/६१८२३, जारी मिति २०५२/०५/०८, जि.प्र.का. संखुवासभा) । | **२.** नरेन्द्र वहादुर गुरुङ्गको बुहारी, वरुण कुमार गुरुङ्गको पत्नी, संखुवासभा जिल्ला, साविक सितलपाटी गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ बस्ने **कमला गुरुङ** (ना.प्र.नं. ४०५, जारी मिति २०५५/०६/२२, जि.प्र.का. संखुवासभा) । |

**धितोको विवरण**

१. **ऋणी वरुण कुमार गुरुङ र ऋणी सिम्पल स्टोर्सको पक्षमा संयुक्त धितोबन्धकी कायम रहेको** वरुण कुमार गुरुङ्ग (ना.प्र.नं. ५५५/६१८२३, जारी मिति २०५२/०५/०८, जि.प्र.का. संखुवासभा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको संखुवासभा जिल्ला, साविक मनकामना गा.वि.स. वडा नं. ३ नक्सा सिट नं. ३ स्थित कित्ता नं. १००२, ४८७१ र ४८७२ को क्षेत्रफल क्रमशः १५, ६५ र ९० (व.मि.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. **ऋणी कमला गुरुङको पक्षमा धितोबन्धकी कायम रहेको** कमला गुरुङ (ना.प्र.नं. ४०५, जारी मिति २०५५/०६/२२, जि.प्र.का. संखुवासभा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुनसरी जिल्ला, साविक इटहरी उ.म.न.पा. वडा नं. ५ नक्सा सिट नं. ५/क स्थित कित्ता नं. ३३०४ र ३३०६ को क्षेत्रफल क्रमशः ३८.१० र ८०.४३ (व.मि.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

Siddhartha Bank
शाखा कार्यालय
बि.पी. चोक, नेपालगंज, बाँके, फोन नं. ०८१-५३२२३१
खाँदबारी, संखुवासभा, फोन नं. ०२९-५६३१७२
Website : www.siddharthabank.com

# चिनियाँ कम्पनीले नागढुंगा सुरुङमार्ग सञ्चालन गर्ने

सुरुङमार्ग सञ्चालन गर्न विभागले सेवा प्रदायक कम्पनी छान्न नसकेका कारण ९८ प्रतिशतभन्दा बढी काम पूरा भइसक्दा पनि नागढुंगा सुरुङमार्ग अझै सञ्चालन हुन नसकेको हो ।

**भुवन शर्मा**

*काठमाडौं, चैत १६*



जापानी सहयोग नियोग जाइकाले निर्माण गरेको नागढुंगा सुरुङमार्गको सञ्चालन र व्यवस्थापन चिनियाँ कम्पनीले गर्ने भएको छ ।

सुरुङमार्ग सञ्चालन र व्यवस्थापन गर्न सडक विभागले आह्वान गरेको टेन्डरमा चिनियाँ कम्पनी युसिन एराटी जेभी छनोट भएको नागढुंगा सुरुङमार्ग आयोजनाका उपसचिव सञ्जय पन्थीले बताए । उनका अनुसार उक्त कम्पनीले पाँच वर्षमा सरकारलाई एक अर्ब १० करोड रुपैयाँ राजस्व बुझाउने प्रतिबद्धता गरेको छ । यसअघि सुरुङ मार्ग सञ्चालन र व्यवस्थापन गर्न विभागको कार्यालयमा टेन्डर पेस गरेका विभिन्न अन्तर्राष्ट्रिय कम्पनीमध्ये ६ वटा भारतीय र एउटा चिनियाँ कम्पनी प्राविधिक छनोट 'सर्ट लिष्ट' मा परेका थिए । त्यसमध्ये चिनीयाँ कम्पनी छानिएको हो ।

पन्थीका अनुसार आगामी असार महिनादेखि मात्र सुरुङमार्ग व्यावसायिक रूपमा सञ्चालन गर्ने तयारी गरेको छ । 'सुरुमा करिब तीन महिना परीक्षणको रूपमा सञ्चालन हुने छ । त्यसपछि व्यावसायिक रूपमा सञ्चालन हुने छ', उनले भने । निर्माणको काम भने करिब-करिब एक वर्ष अघि नै लगभग पूरा भइसकेको छ तर विभिन्न कारणले उक्त सुरुङमार्ग अझै सञ्चालनमा आउन सकेको छैन । पन्थीका अनुसार छानिएको विदेशी कम्पनीले नेपाली कम्पनीसँग साझेदारी गर्नुपर्ने व्यवस्था राखिएको छ । नेपालको कानुन अनुसार त्यो बाध्यता विदेशी कम्पनीलाई छ ।

भौतिक पूर्वाधार मन्त्रालयका एक इन्जिनियरका अनुसार कुनै पनि भौतिक संरचनाको काम ९० प्रतिशत पूरा भयो भने त्यसलाई काम सकिएको मान्न सकिन्छ । नागढुंगा सुरुङमार्गको ९० प्रतिशत काम सकिएको ८/९ महिना बढी समय भइसकेको छ तर अझै पनि सुरुङमार्ग सञ्चालन भएको छैन । नागढुंगाको जाम घटाएर यात्रा छिटो-छरितो बनाउन ६ वर्ष अघिदेखि सुरुङमार्ग निर्माण गर्न सुरु गरिएको थियो ।

गत दसैंमा परीक्षणकालका रूपमा सुरुङमार्ग सञ्चालन गर्ने भनिएको थियो । मन्त्रालयतहबाट यसको प्रचारप्रसार पनि गरियो तर सरकारले दसैंमा सुरुङमार्ग चलाउन सकेन । त्यसपछि सरकारले अंग्रेजी नयाँ वर्षको अवसर पारेर (पुस १७ गते) बाट व्यावसायिक तवरले सुरुङमार्ग सञ्चालन गर्ने घोषणा गऱ्यो । त्यसबेला अंग्रेजी नयाँ वर्ष समेत परेकाले त्यहीबेला सुरुङमार्ग सञ्चालन गर्ने भनियो तर हुन सकेन । नेपाली नयाँ वर्ष (२०८३ साल) बाट सुरुङमार्ग सञ्चालन गर्ने तयारी सरकारको थियो । त्यो पनि पूरा नहुने भएको छ ।

सुरुङमार्ग आयोजनाले नै सुरुङमार्ग सञ्चालन गर्न अन्तर्राष्ट्रिय कम्पनी छनोट गर्ने विषयमै निकै लामो प्रक्रिया लगाएको छ । यसमै ४/५ महिना समय लागिसकेको छ । सेवा प्रदायक कम्पनी छान्न सडक विभागले पटक-पटक टेन्डरको म्याद थप गरेको थियो । अन्तिम म्याद गत पुस मसान्तसम्म राखिएको थियो । त्यसअघि पुस २ गते र पछि पुस १६ गतेसम्म म्याद राखिएको थियो । विभाग स्रोत भन्छ, 'सेवा प्रदायक कम्पनी छान्ने विषयमा जाइकाले चिनियाँ कम्पनी नछान्न आग्रह गरेका थियो । अन्तिम छनौटमा चिनियाँ कम्पनी नै परेको छ ।

विभागका एक उच्च कर्मचारी भन्छन्, 'जाइकाले सुरुङमार्ग सञ्चालन गर्ने कम्पनी चिनीयाँ हुन नहुने शर्त राखेपछि सुरुङमार्ग सञ्चालन गर्न सेवा प्रदायक कम्पनी छान्ने विषयमा केही समय अन्योल उत्पन्न भएको थियो ।'

ती कर्मचारीका अनुसार जाइकाले विदेशमा कालो सूचीमा परेका कम्पनीलाई पनि नछान्न विभागका उच्च कर्मचारीहरूलाई आग्रह गरेको थियो । ती कर्मचारी भन्छन्, 'हामीले हाम्रो कानुनमा भएको व्यवस्था अनुसार काम गरिरहेका छौं । किनभने हामीले हेर्ने भनेको हाम्रो कानुन हो ।'

नागढुंगा सुरुङमार्ग सञ्चालन, व्यवस्थापन तथा मर्मतको लागि सेवा प्रदायक परिचालन गर्न टनेल सञ्चालन र व्यवस्थापन (टनेल अप्रेसन एन्ड मेनेजमेन्ट) कार्यविधि गत असोजमै पास भइसकेको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका एक उच्च कर्मचारीले भने, 'सुरुङमार्ग सञ्चालन अनुभव नेपालको लागि पहिलो भएकाले पनि यसको सञ्चालन गर्न ढिलो भएको हो । अब हामीलाई अनुभव भइसकेको छ । यसपछि बन्ने नयाँ सुरुङमार्ग सञ्चालन गर्न यति ढिलो हुँदैन ।'

उनका अनुसार तत्कालका लागि सडक डिभिजन काठमाडौंले सञ्चालन गर्न सक्छ भन्ने सडक विभागका कर्मचारीहरूको बुझाइ थियो । 'त्यस्तो अवस्था रहेनछ', उनले भने, 'सुरुङमार्ग सञ्चालन गर्न कम्तीमा एक सय २० जना स्थायी कर्मचारी चाहिने रहेछ । यो कुरा हामीले पछि मात्र बुझ्यौं । सडक विभागमा हाल कार्यरत कर्मचारीहरूको संख्याले यो सम्भव हुँदोरहेनछ। थप दरबन्दी सिर्जना गर्नुपर्ने झन्झटिलो काम रहेछ । त्यसैले सुरुङमार्ग सञ्चालन गर्न सेवा प्रदायक कम्पनीबाट मात्र सम्भव छ ।'

सुरुङमार्ग सञ्चालन गर्न विभागले सेवा प्रदायक कम्पनी छान्न नसकेका कारण ९८ प्रतिशतभन्दा बढी काम पूरा भइसक्दा पनि नागढुंगा सुरुङमार्ग अझै सञ्चालन हुन नसकेको हो । उपसचिव पन्थीका अनुसार करिब डेढ महिनाअघि नै सुरुङमार्गको निर्माण कार्य ९८ प्रतिशत पूरा भइसकेको हो । यो भनेको निर्माण कार्य पूरा भएकै अवस्था हो।

सुरुङमार्ग सञ्चालनमा आएपछि काठमाडौंबाट बाहिरिने र बाहिरबाट काठमाडौं भित्रिने सवारी साधनलाई थानकोट/नागढुंगामा घण्टौंसम्म जाममा बस्नुपर्ने बाध्यता हट्ने छ । सुरुङमार्ग प्रयोग गर्ने सवारी साधनले उक्त दूरी आधा घण्टामै पार गर्नेछन् । विभागका अनुसार सुरुङमार्गले साढे दुई किमि बाटो छोट्याउने छ । हाल बलम्बुदेखि सिस्ने खोलासम्मको दूरी ७.५ किमि छ । सुरुङमार्ग सञ्चालनमा आएपछि बलम्बुबाट सिस्ने खोलासम्मको दूरी पाँच किमिमा सीमित हुनेछ ।

मन्त्रिपरिषद्‌बाट पास भएको निर्देशिकामा नागढुंगा-सिस्नेरी सुरुङमार्ग प्रयोग गर्ने सवारी साधनलाई ५० रुपैयाँदेखि पाँचसय रूपैयाँसम्म शुल्क लगाउन प्रस्ताव गरिएको छ । विभागका एक कर्मचारीका अनुसार सुरुङमार्ग प्रवेश गर्नुअघि साना चारपांग्रे र १२ देखि १४ चक्केसम्मका ठुला गाडीले शुल्क बुझाउनुपर्ने व्यवस्था राखिएको छ । मोटरसाइकल र डिजेल, पेट्रोललगायत प्रज्वलनशील इन्धन बोक्ने गाडीले भने सुरुङमार्गमा प्रवेश गर्न पाउने छैनन् । ती कर्मचारीका अनुसार सुरुङमार्ग भएर हिँड्ने साना सवारी साधनलाई ५० रूपैयाँ, बसलाई दुई सय रूपैयाँ र ठुलाठुला ट्रकलाई पाँच सय रूपैयाँसम्म शुल्क लगाउन प्रस्ताव गरिएको छ । सुरुङमार्गबाट भित्रिएर र सुरुङमार्गबाटै फर्कन चाहने सवारी साधनलाई भने फरक-फरक शुल्क लगाउन प्रस्ताव गरिएको छ । निर्देशिकामा सुरुङमार्ग प्रयोग गर्ने सवारी साधनको आवागमन ढाँचाका विषयमा विभिन्न शीर्षकमा व्याख्या गरिएको छ । सुरुङमार्ग भएर गुड्ने सवारी साधनबाट शुल्क उठाएपछि भित्र अक्सिजन, अग्नि नियन्त्रक, सुरक्षा, सञ्चारलगायतका सुविधा शुल्क उठाउने कम्पनी/निकायले नै मिलाउनुपर्ने छ । सुरुङमार्गभित्र बिजुलीको व्यवस्था पनि शुल्क उठाउने कम्पनी/निकायले नै गर्नुपर्ने छ । मन्त्रालयका एक कर्मचारीले यो सुरुङमार्ग नेपालको पहिलो अनुभव भएकाले कानुनको मस्यौदा बनाउन केही समय अलमल भएको बताए । ती कर्मचारीले भने, 'यसबाट हामीले शिक्षा लिइरहेका छौं । अब नयाँलाई सजिलो हुने छ ।'

# पोखराका होटलमा आन्तरिक पाहुनालाई २५ प्रतिशत छुट

**नागरिक संवाददाता**

*पोखरा, चैत १६*

नेपाली नयाँवर्षका अवसरमा पोखरा आउने आन्तरिक पाहुनालाई यहाँका होटल व्यवसायीले २५ प्रतिशत छुट दिने भएका छन् । आन्तरिक पाहुनालाई आकर्षित गर्न होटलले प्रकाशित गरेको दररेटमा छुट दिने घोषणा व्यावसायीले गरेका हुन् ।

होटल संघ पोखराले आन्तरिक पाहुनालाई पोखरामा आकर्षण गर्न छुटको प्याकेज ल्याएको बताएको छ । संघका अध्यक्ष लक्ष्मण सुवेदीले आन्तरिक पाहुनालाई पोखरामा तान्नका लागि छुटको प्याकेज ल्याएको र छुट दिएको बताए । 'पोखरामा आन्तरिक पाहुना बढाउने उद्देश्य अनुसार छुट घोषणा गरेका हौं । छुटले पाहुनाको बसाइ अवधि र आगमन संख्या पनि बढाउनेछ', उनले भने ।

नेपाली नयाँवर्षको अवसरमा यही चैत २९ देखि वैशाख १ गतेसम्म पोखराको लेकसाइडमा आयोजना हुन लागेको २१ औं फेवा नववर्ष महोत्सवमा सहभागिता बढाउन छुट दिएको उनले बताए । 'हामीले 'जाऊँ है पोखरा' अभियान सञ्चालन गरेर पूर्वी क्षेत्रका आन्तरिक पाहुनालाई पोखरा घुम्न बोलाएका छौं,' उनले भने, 'हामीले छुटबाहेक अरु प्याकेज पनि सार्वजनिक गरेका छौं । आन्तरिक पाहुनालाई पोखरा घुम्न बोलाएका छौं । हाम्रो निम्ता स्वीकार गरेर पाहुना आउनेछन् ।'



पर्यटकीय क्षेत्र लेकसाइड र त्यहाँ सञ्चालित होटल । *तस्बिर : नागरिक*

होटल संघ पोखरामा आवद्ध सदस्य होटलले पाहुनालाई छुट दिनेछन् । पाहुनालाई दिइने छुटले पोखराका होटलमा पाहुना आकर्षित हुने उनले बताए । संघका अनुसार पोखराका करिब पाँच सय होटल संघमा आवद्ध छन् । पोखरामा भित्रिने आन्तरिक पाहुनाले सहरभित्र मात्र नभई आसपासका क्षेत्रका होटल क्षेत्रलाई पनि फाइदा दिलाउने उनले बताए ।

पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले पोखरालाई पहिलो रोजाइको पर्यटकीय गन्तव्य बनाउने गरी बोर्डले निजी क्षेत्रसँग सहकार्य गरिरहेको बताए । 'पोखरामा आन्तरिक पाहुनाले यहाँको पर्यटन क्षेत्रका कम्तिमा ५० प्रतिशत योगदान दिएका छन्,' उनले भने, 'आन्तरिक पाहुनाले पोखराको पर्यटन क्षेत्रमा ठूलो योगदान दिइका छन् । आन्तरिक पाहुनाकै कारण पोखराको पर्यटन क्षेत्रले राहत महसुस गरेको छ ।'

मध्यपूर्वमा जारी तनावका कारण नेपालको पर्यटन क्षेत्र निकै नै प्रभावित भएको पनि उनले बताए । 'यो बेला विदेशी पाहुनाको समय हो तर मध्यपूर्वको तनावका कारण अहिले सिजनको मुखमा पनि पर्यटन क्षेत्रले सोचेजस्तो गति लिन सकेको छैन । त्यसैले यो बेला आन्तरिक पाहुना नै जरुरी छ,' उनले भने, 'जल, जमीन र आकाश सबै क्षेत्रका गतिविधिमा पर्यटकीय पोखराले आफ्नो पहिचान बनाएको छ ।'


**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/१२/१७**

तपसिलमा उल्लिखित तपाईँ ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न शीर्षक अन्तर्गत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईँ तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको **मितिले ३५ (पैंतिस) दिनभित्र** यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा/सवारी साधन) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईँहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईँहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै, तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धितो/धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| **१. डाइमण्ड ब्युटी पार्लर**<br>**उद्योग दर्ता नं. :** ७५८/४६/१८८७५<br>ठेगाना :बिर्तामोड ०१, झापा (बिर्तामोड १, झापा) ।<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर,झापा<br>स्थायी लेखा नं.: ६०९४६०५६८<br>**प्रोप्राईटर/धनजमानीकर्ता : दुर्गा राई**<br>**ना.प्र.नं. :** ०४१०१२/२२८१<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा<br>पति : सचिन राई<br>ससुरा : बसन्त कुमार राई<br>ठेगाना : झापा जिल्ला बिर्तामोड न.पा वडा नं.०४ । | **सचिन राई**<br>**ना.प्र.नं. :** ०४१०३३/१७३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय,झापा<br>बाबु : बसन्त कुमार राई<br>बाजे : नर बहादुर राई<br>ठेगाना : झापा जिल्ला शिवगंज गा.वि.स/उ.म.न.पा वडा नं.०३, हाल बिर्तामोड न.पा वडा नं.०४ ।<br>**शाखा : बिर्तामोड**<br>**कर्जा शीर्षक : सजिलो व्यवसाय कर्जा आवधिक ।** |
| **२. दुर्गा राई**<br>**ना.प्र.नं. :** ०४१०१२/२२८१<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय,झापा<br>पति : सचिन राई<br>ससुरा : बसन्त कुमार राई<br>ठेगाना : झापा जिल्ला बिर्तामोड न.पा वडा नं.०४ ।<br>**शाखा : बिर्तामोड**<br>**कर्जा शीर्षक : सजिलो लघु कर्जा आवधिक ।** | **सचिन राई**<br>**ना.प्र.नं. :** ०४१०३३/१७३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय,झापा<br>बाबु : बसन्त कुमार राई<br>बाजे : नर बहादुर राई<br>ठेगाना : झापा जिल्ला शिवगंज गा.वि.स/उ.म.न.पा वडा नं.०३,हाल बिर्तामोड न.पा वडा नं.०४ । |
| **३.उत्तरायणी कृषि फर्म**<br>**प्रा.फ.दर्ता नं. :** ७५१/०७७/०७८<br>ठेगाना : स्वाठी ९क कि.न २७ सुनवल नगरपालिका वडा नं.२,नवलपरासी ।<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय,नवलपरासी (ब.सु.प.)नेपाल<br>स्थायी लेखा नं.: ६०८९७५४६५<br>**प्रोप्राईटर/धनजमानीकर्ता : बिमला राना मगर**<br>**ना.प्र.नं. :** ३६१०७४/८३१<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>पति : नारायण मगर<br>ससुरा : भिम बहादुर मगर<br>ठेगाना : नवलपरासी जिल्ला स्वाठी गा.वि.स वडा नं.०३,हाल सुनवल न.पा वडा नं.०१ । | **नारायण मगर**<br>**ना.प्र.नं. :** ४२३८९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय,नवलपरासी<br>बाबु : भिम बहादुर मगर<br>बाजे : सुकुम्मर<br>ठेगाना : नवलपरासी जिल्ला स्वाठी गा.वि.स वडा नं.०३,हाल सुनवल न.पा वडा नं.०१ ।<br>**शाखा : बासावसही**<br>**कर्जा शीर्षक : सजिलो व्यवसाय कर्जा आवधिक ।** |
| **४. बिमला राना मगर**<br>**ना.प्र.नं. :** ३६१०७४/८३१<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>पति : नारायण मगर<br>ससुरा : भिम बहादुर मगर<br>ठेगाना : नवलपरासी जिल्ला स्वाठी गा.वि.स वडा नं.०३, हाल सुनवल न.पा वडा नं.०१ ।<br>**शाखा : बासावसही**<br>**कर्जा शीर्षक : व्यक्तिगत ईक्विटी कर्जा ।** | **नारायण मगर**<br>**ना.प्र.नं. :** ४२३८९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय,नवलपरासी<br>बाबु : भिम बहादुर मगर<br>बाजे : सुकुम्मर<br>ठेगाना : नवलपरासी जिल्ला स्वाठी गा.वि.स वडा नं.०३,हाल सुनवल न.पा वडा नं.०१ । |
| **५. राजु दमाई**<br>**ना.प्र.नं. :** ४६३०३९/१२१<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय,कास्की<br>बाबु : आश बहादुर दमै<br>बाजे : शंखर<br>ठेगाना : कास्की जिल्ला रिभान गा.वि.स/उ.म.न.पा वडा नं.०३, हाल माछापुच्छे गा.पा वडा नं.०५ ।<br>**शाखा : दिप**<br>**कर्जा शीर्षक : सजिलो लघु कर्जा आवधिक ।** | **प्रिया दमाई**<br>**ना.प्र.नं. :** ४६-०१-७९-०४२९८<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय,कास्की<br>पति : राजु दमाई<br>ससुरा : आश बहादुर दमै<br>ठेगाना : कास्की जिल्ला माछापुच्छे गा.पा वडा नं.०५ । |
| **६. उमा के.सी.**<br>**ना.प्र.नं.:** २४३६०/३५०७/१७६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय,तेह्रथुम<br>बाबु : नर बहादुर खड्का<br>बाजे : जय बहादुर खड्का<br>ठेगाना : तेह्रथुम जिल्ला म्याङलुङ गा.वि.स वडा नं.०४, हाल सुनसरी इटहरी न.पा/उ.म.न.पा वडा नं.२० ।<br>**शाखा : मुख्य शाखा**<br>**कर्जा शीर्षक : घर कर्जा ।** | **अश्वीन खत्री**<br>**ना.प्र.नं.:** ०८-०१-७४-००४४४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय,तेह्रथुम<br>बाबु : मोहन कुमार खत्री<br>बाजे : जित बहादुर खत्री<br>ठेगाना : तेह्रथुम जिल्ला म्याङ्गलुङ्ग न.पा वडा नं.०४,हाल सुनसरी इटहरी न.पा/उ.म.न.पा वडा नं.२० । |
| **७. पञ्च माया गुरुङ**<br>**ना.प्र.नं. :** ४४१०२२/४२९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय,गोरखा<br>पतिः राम बहादुर गुरुङ<br>ससुरा : लाल बहादुर गुरुङ<br>ठेगाना : गोरखा जिल्ला मिरकोट गा.वि.स वडा नं.०५ हाल कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.१६<br>**शाखा कार्यालय : दिप**<br>**कर्जा शीर्षक : विपन्न वर्ग सामुहिक कर्जा**<br>**धनजमानीकर्ताहरुको विवरण**<br>**कोपिला माया गुरुङ**<br>**ना.प्र.नं. :** ९९९६८<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, गोरखा<br>पतिः सुक बहादुर गुरुङ<br>ससुरा : केवते गुरुङ<br>ठेगाना : गोरखा जिल्ला मान्बु गा.वि.स वडा नं.०४ हाल कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.१६<br>**सुस्मिता गुरुङ**<br>**ना.प्र.नं. :** ४४१०५३/६२४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय,गोरखा<br>पतिः रस बहादुर गुरुङ<br>ससुरा : केवते गुरुङ<br>ठेगाना : गोरखा जिल्ला मान्बु गा.वि.स वडा नं.०४ हाल कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.१६ | **बिमला गुरुङ**<br>**ना.प्र.नं. :** ४६१००२/३४०१<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>पतिः अर्जुन बहादुर गुरुङ<br>ससुरा : वुद्धि बहादुर गुरुङ<br>ठेगाना : कास्की जिल्ला लेखनाथ गा.वि.स/उ.म.न.पा वडा नं.१३ हाल पोखरा महानगरपालिका वडा नं.१६<br>**लक्ष्मी पौडेल**<br>**ना.प्र.नं. :** ४६३००१/१३३७<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>पतिः गन्ज बहादुर पौडेल<br>ससुरा : हरिमान पौडेल<br>ठेगाना : कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.१६<br>**सम्झना घले**<br>**ना.प्र.नं. :** १३०१३४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, गोरखा<br>पतिः रस बहादुर घले<br>ससुरा : गंगा बहादुर घले<br>ठेगाना : गोरखा जिल्ला मान्वु गा.वि.स वडा नं.०५,हाल आरुघाट गा.पा वडा नं. ०२<br>**सबुना गुरुङ**<br>**ना.प्र.नं. :** ६९९७४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, गोरखा<br>पतिः मान बहादुर गुरुङ<br>ससुरा : मन सिह गुरुङ<br>ठेगानाः गोरखा जिल्ला मनबु गा.वि.स/उ.म.न.पा वडा नं.०५, हाल कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.१६ |

**नोट** : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ । अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ ।



## वर्गीकृत विज्ञापन/डिस्प्ले

**घरजग्गा**

धुम्बाराहीमा फ्ल्याटसिस्टमको 0-7-3-0

नयाँघर विशालनगरमा 0-6-0-0 जग्गा

बिक्रीमा: 9841420589

कीर्तिपुर-६, थापागाउँ मेनरोडबाट १ कित्ता भित्र ०-४-१-० जग्गा सुपथ मूल्यमा बिक्रीमा: ९७६७२४२३५४

ज्ञानेश्वर मेनरोडमा २ आना १ दाम जग्गा सुपथ मुल्यमा: ९७६७२४२३५४

Ktm हाँडीगाउँ नेपालबैंक नजिकै विशालनगरमा ०-६-०-० जग्गा

बिक्रीमा: 9841420589

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

पहिलो पटक प्रकाशन मिति २०८२।१२।१७

यस कालिका सामुदायिक वन उपभोक्ता समुह बारबर्दिया न. पा. ०७, सोनपुर, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको विभिन्न ग्रेडको साल गोलिया थान ८४ को ६७२.३९घ.फि काठ तथा साल दाउरा ३.५० चट्टाजे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समुहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री कालिका सामुदायिक वन उपभोक्ता समुह,**
बारबर्दिया न.पा. ०७ सोनपुर, बर्दिया ।
मो.नं. ९८४८०८०९८२

**सम्पर्क**

**फ्लेक्स प्रिन्ट सम्बन्धी सम्पूर्ण कामहरु गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस्: ९८४९३३३५९०**

**माईग्रेसन सर्टिफिकेट हरायो**

मिति २०८२/१२/०९ गते बालाजु नयाँबजार बाट ठमेल स्थित कोठामा आउने क्रममा मेरो निम्न व्यहोरा भएको माईग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।
नामः सनिप गाहा मगर
र. नं.: ८०३२७००३०७५४
सि.नं.: २२७००७९१
क्याम्पसको नामः नेशनल स्कुल अफ साईन्सेस सेकेन्डरी स्कुल, लैनचौर, काठमाण्डौ ।
सम्पर्कः ९८६२२८५६८९

**मोटरसाईकल हरायो**

मिति २०८२/१२/१२ गते अं. २२:०० बजेदेखि २०८२।१२।१३ गते अं. बिहान ०७:३० बजेको समयमा ल.पु.जि.ल.पु.म.न.पा. ०४ बागडोल ईनारचोकस्थित पार्किङ्गबाट मेरो निम्न ब्यहोरा भएको मोटरसाईकल हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।
**सवारी साधनको विवरण:**
बजाज कम्पनीको पल्सर १५० सि.सि.
मोटरसाईकल नं.: मधेश प्र. ०३-०४२प ९०९७
मोटरसाईकल रङ्ग: Spark Net Blk Blue
ईन्जिन नं.: DHXPSG44699
च्यासिस नं: MD2A11CX1SPG83365
सवारीधनीको नामः हुलास अटो क्राफ्ट
ऋणी: रमेश कुमार महतो
सम्पर्क नं: ९७०७९१५००९



**सिद्धार्थ म्युचुअल फण्ड**
**अन्तर्गत संचालित**
**सिद्धार्थ व्यवस्थित लगानी योजना (खुलामुखी योजना)**
**को**

## इकाईहरु हितग्राही (Demat) खातामा जम्मा गरिएको सूचना

सिद्धार्थ बैंक लिमिटेड कोष प्रवर्द्धक रही सिद्धार्थ क्यापिटल लि. योजना व्यवस्थापक रहेको सिद्धार्थ म्युचुअल फण्ड अन्तर्गत संचालनमा रहेको खुलामुखी योजना **सिद्धार्थ व्यवस्थित लगानी योजना (Siddhartha Systematic Investment Scheme-SSIS)** को इकाई बाँडफाँड मिति २०८२ चैत्र २ गतेको कारोबार समय पश्चात् स्थगित गरिएकोमा नेपाल धितोपत्र बोर्डबाट मिति २०८२ चैत्र ५ गते हाल कायम योजनाको आकार रु.२ अर्ब ५० करोड रुपैयाँबाट बृद्धि गरी रु.२ अर्ब ८० करोड रुपैयाँ कायम गर्न स्वीकृति प्राप्त भएको हुदाँ पुनः इकाई बाँडफाँड सूचारु गरि **यही मिति २०८२ चैत्र १६ गतेदेखि** इकाईहरु हितग्राही (Demat) खाता जम्मा गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराउँदछौं । साथै, इकाईधनीहरुले अद्यावधिक इकाईको विवरण आफ्नो हितग्राही (Demat) खाता वा Meroshare मार्फत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

इकाई बाँडफाँड स्थगनबाट इकाईधनी महानुभावहरुमा हुन गएको असहजता प्रति क्षमाप्रार्थी छौं ।

**योजना व्यवस्थापक**

Siddhartha Capital Limited
Investing happiness

**सिद्धार्थ क्यापिटल लिमिटेड**
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोन: ५९७०७४७ फ्याक्स: ४५२०९२९
वेबसाईट: www.siddharthacapital.com
इमेल: scl@siddharthacapital.com

# निजी क्षेत्रलाई अर्थमन्त्रीको ढाडस

नागरिक संवाददाता

काठमाडौं, चैत १६

नवनियुक्त अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले निजीक्षेत्रलाई ढाडस दिँदै लगानीमैत्री वातावरण निर्माण गर्न सरकार प्रतिबद्ध रहेको स्पष्ट सन्देश दिएका छन् । सोमबार अर्थ मन्त्रालयमा नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधिहरूसँग भएको भेटवार्तामा उनले निजीक्षेत्रले अब अनावश्यक झन्झट, धरपकड र भ्रष्टाचारको दबाब सामना गर्न नपर्ने बताएका हुन् ।

उनले व्यवसायीहरूलाई नआत्तिन आग्रह गर्दै लगानी विस्तार गर्न आह्वान गरे । 'लगानी बढाउनुस्, रोजगारी सिर्जना गर्नुस्, देश बनाऔँ', उनले भने, 'म घुस खान आएको होइन र कसैलाई खान पनि दिन्न । अब काम गराउन लाइन बस्नुपर्दैन, अनावश्यक रूपमा थुनिनुपर्दैन ।' अर्थमन्त्री वाग्लेले राज्य निजीक्षेत्रको बाधक नभई सहयात्री बन्ने स्पष्ट प्रतिबद्धता व्यक्त गरे ।

भेटका क्रममा उनले विगतमा निजी क्षेत्रले भोग्दै आएका प्रशासनिक, नीतिगत र कानुनी जटिलता अन्त्य गरिने बताए । साना व्यावसायिक त्रुटिमा व्यवसायीलाई फौजदारी मुद्दामा फसाउने प्रचलन अन्त्य गर्दै आर्थिक बेइमानीका विषयलाई जरिवानामार्फत समाधान गर्ने नीति अपनाइने उनको भनाइ थियो । 'व्यवसायीलाई अपराधी जस्तो व्यवहार गरिने छैन', उनले भने, 'तर नियतवश राज्यलाई ठग्न खोज्नेप्रति सरकार कडा हुनेछ ।'

अर्थमन्त्री वाग्लेले सरकारको 'दोस्रो चरणको आर्थिक सुधार' कार्यक्रममार्फत निजी क्षेत्रमा विश्वासको वातावरण निर्माण गरिने जानकारी दिए । उनका अनुसार प्रक्रियागत झन्झट हटाउने, व्यवसाय सञ्चालन सहज बनाउने, कर प्रणाली सुधार गर्ने र लगानीमैत्री नीतिहरू कार्यान्वयन गर्ने तयारी भइरहेको छ । प्रधानमन्त्रीको समेत निजी क्षेत्रप्रति सकारात्मक धारणा रहेको सन्देश उनले व्यवसायीहरूलाई सुनाए ।



सरकारले हालै निजी क्षेत्र संरक्षण तथा प्रवर्द्धनसम्बन्धी रणनीति कार्यान्वयन गर्ने निर्णय गरेको उल्लेख गर्दै उनले यसलाई आर्थिक पुनरुत्थानतर्फको महत्त्वपूर्ण कदमका रूपमा प्रस्तुत गरे । आगामी बजेटलाई पूर्वानुमान गर्न सकिने बनाइने, व्यवसाय लागत घटाउने र बाझिएका कानुनहरू परिमार्जन वा खारेज गर्ने तयारीसमेत भइरहेको उनले बताए ।

उनका अनुसार कच्चा पदार्थ आपूर्ति समस्याको समाधान, उच्च सम्भावना भएका क्षेत्र पहिचान र 'गेम चेन्जर' आयोजनामा लगानी केन्द्रित गर्ने सरकारको योजना छ । कार्यभार सम्हाले लगत्तै १५ वटा ऐन खारेज गर्ने निर्णय र सरकारको १०० दिने कार्यसूचीमा निजी क्षेत्रलाई उच्च प्राथमिकता दिइनुले सुधारको स्पष्ट संकेत दिएको उनले बताए ।

भेटमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले सरकारले सुरुआतमै निजी क्षेत्रका माग सम्बोधनतर्फ पहल गरेकोमा स्वागत गरे । उनले लगानीमैत्री वातावरण, कर सुधार र नीतिगत स्थिरता आवश्यक रहेकोमा जोड दिए । साथै आन्तरिक तथा बाह्य पुँजी परिचालनमार्फत आर्थिक विकासलाई तीव्रता दिनुपर्ने धारणा राखे ।

ढकालले महासंघको नेतृत्वमा १० अर्ब रुपैयाँ पुँजीसहित नेपाल डेभलपमेन्ट कम्पनी स्थापना गरी आन्तरिक लगानी परिचालनको प्रयास भइरहेको जानकारी पनि दिए । साथै मुलुक अझै आर्थिक संक्रमणमा रहेको बताउँदै अन्तर्राष्ट्रिय सन्दर्भलाई ध्यानमा राखी स्तरोन्नतिको समयबारे सरकार सचेत हुनुपर्ने सुझाव दिए ।

भेटवार्तामा महासंघका निवर्तमान अध्यक्ष शेखर गोल्छा, वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ, उपाध्यक्षहरू हेमराज ढकाल र ज्योत्स्ना श्रेष्ठ, कोषाध्यक्ष भरत आचार्य तथा महानिर्देशक गोकर्णराज अवस्थी सहभागी थिए । उनीहरूले सरकारसँग सहकार्य गर्दै आर्थिक गतिविधि चलायमान बनाउन निजी क्षेत्र तयार रहेको बताएका थिए ।

समग्रमा अर्थमन्त्री वाग्लेले निजी क्षेत्रलाई भरोसा दिलाउँदै पारदर्शी, सरल र लगानीमैत्री आर्थिक वातावरण निर्माण गर्ने प्रतिवद्धता दोहोर्‍याएका छन् । सरकार र निजी क्षेत्रबीच सहकार्य सुदृढ गर्दै आर्थिक सुधारलाई नयाँ चरणमा लैजाने संकेत यस भेटले दिएको छ ।

# महिला उद्यम प्रवर्धनमा मिडिया

नागरिक संवाददाता

काठमाडौं, चैत १६

महिला उद्यमका कथा सही ढंगले मिडियामा प्रस्तुत गर्नुपर्ने सरोकारवालाले बताएका छन् । महिला उद्यमशीलता प्रवर्धनमा मिडियाको भूमिका विषयमा सञ्चारिका समूहद्वारा सोमबार आयोजित छलफल कार्यक्रममा सहभागी सम्पादक, नागरिक समाजका प्रतिनिधि, मानवअधिकारकर्मी तथा पत्रकारले उक्त कुरा बताएका हुन् ।

यसैगरी कार्यक्रममा मूलधारका सञ्चारमाध्यमले महिला उद्यमीका विषयलाई कति प्राथमिकता दिएका छन् र आगामी दिनमा यसलाई थप प्राथकिता दिन के के गर्नुपर्छ भन्ने विषयमा विस्तृत छलफल भएको थियो ।

जिआइजेड नेपालको सहयोगमा सञ्चारिका समूहले देशभरका महिला उद्यमीहरूको संघर्ष र सफलताका कथामा आधारित 'उद्यमी महिला' शीर्षकका २१ वटा फेलोसिप स्टोरी प्रकाशन गरेको छ ।

कार्यक्रममा पत्रकार हरिबहादुर थापाले राजनीतिक विषयले मात्र प्राथमिकता पाइरहेको वर्तमान अवस्थामा महिला उद्यमीका प्रेरणादायी कथालाई मूलधारमा ल्याउनु सकारात्मक कदम भएको बताए । उनले साना भए पनि प्रेरणादायी विषय उजागर गर्दा अन्य महिलालाई उद्यमशीलतामा लाग्न हौसला मिल्ने बताए ।



कार्यक्रममा महिला उद्यमी श्यामवदन श्रेष्ठले आफ्नो अनुभव सुनाउँदै महिला उद्यमीहरूले परिवारको जिम्मेवारी निर्वाह गर्दै बचेको समय प्रयोग गरेर व्यवसाय गरिरहेको भए पनि मिडियाले पर्याप्त स्थान नदिएको गुनासो गरिन् । उनले मिडियाबाट हौसला र बजार प्रवर्द्धनमा सहयोग आवश्यक रहेको बताइन् ।

मानवअधिकारकर्मी चरण प्रसाईले महिला उद्यमसँग सम्बन्धित विषयलाई मानवअधिकारको दृष्टिकोणबाट उठान गर्नुपर्ने बताए । उनले साना व्यवसायमा संलग्न महिलाप्रति सरकारको संवेदनशीलता बढाउन मिडियाले भूमिका निर्वाह गर्नुपर्ने धारणा राखे ।

सञ्चारिका समूहकी सल्लाहकार तथा पूर्व अध्यक्ष बबिता बस्नेतले डिजिटल माध्यममार्फत महिला उद्यमको प्रचार-प्रसारलाई प्राथमिकता दिनुपर्नेमा जोड दिइन् । उनले साना उद्यमका संघर्षका कथा डिजिटल प्लेटफर्मबाट व्यापक रूपमा फैलाउन सकिने बताइन् ।

अधिवक्ता पुनदेवी महर्जनले सफलताका कथासँगै कानुनी पक्षलाई पनि मजबुत बनाउन मिडियाले ध्यान दिनुपर्ने उल्लेख गरिन् । जिआइजेड नेपालकी कम्पोनेन्ट म्यानेजर बिनिजा नेपालले महिला उद्यमशीलता प्रवर्द्धनमा मिडिया र विभिन्न निकायबिच सहकार्य आवश्यक रहेको बताइन् ।

कार्यक्रममा प्रस्तुत गरिएको ६ महिनाको अध्ययन प्रतिवेदन अनुसार सुदूरपश्चिम र कर्णाली प्रदेशमा छाउपडी र स्वास्थ्यसम्बन्धी विषय बढी उठाइएका छन् भने अन्य प्रदेशमा उद्यमशीलता, डिजिटल व्यवसाय र राजनीतिक सहभागितासम्बन्धी समाचारलाई प्राथमिकता दिइएको पाइएको छ ।

सञ्चारिका समूह नेपालकी अध्यक्ष कमला पन्थीले अझै पनि सञ्चारमाध्यममा महिलाका सफलताभन्दा हिंसा, बलात्कार र आरोपजस्ता नकारात्मक विषयलाई बढी प्राथमिकता दिइएको बताइन् । कार्यक्रममा २१ जना फेलो, सम्पादक, मेन्टर, नागरिक समाजका प्रतिनिधि, अधिवक्ता तथा महिला उद्यमीहरूको सहभागिता रहेको थियो ।

# सामसङको 'स्मार्ट घर स्मार्ट सुरुवात'




काठमाडौं, चैत १६ (नागरिक)- सामसङ नेपालले नयाँ वर्ष २०८३ को अवसर पारेर 'स्मार्ट घर, स्मार्ट सुरुवात' अभियान सार्वजनिक गरेको छ । कम्पनीले २४ महिनासम्मको एक्स्टेन्डेड इएमआई सुविधा, पक्का उपहार तथा आकर्षक छुटसहित यो योजना ल्याएको हो ।

कम्पनीले २०२६ अप्रिल १ देखि मे १४ सम्म लागु हुने यस अफरअन्तर्गत सामसङका भिजन एआई टिभी तथा बेस्पोक एआई होम अप्लायन्स खरिदमा विशेष लाभ उपलब्ध गराउने बताएको छ । कम्पनीका अनुसार टिभीमा २५ प्रतिशतसम्म, वासिङ मेसिनमा २३ प्रतिशतसम्म र रेफ्रिजरेटरमा १७ प्रतिशतसम्म छुट प्रदान गरिएको छ ।

अफरलाई थप आकर्षक बनाउन चुनिएका टिभी मोडेल खरिदमा तीन हजार रुपैयाँ बराबरको १२ महिनासम्मको एनइटिटिभी प्याकेज निःशुल्क उपलब्ध हुनेछ । त्यस्तै केही वासिङ मेसिन खरिदमा ६ केजी सर्फ एक्सेल मेटिक पनि उपहारस्वरूप प्रदान गरिनेछ ।

# अनरको 'दिपाल एस फाइब' मेगा गिभअवे अभियान




काठमाडौं, चैत १६ (नागरिक)- अनरले आफ्नो 'दिपाल एस फाइब' मेगा गिभअवे अभियान अन्तिम चरणमा प्रवेश गरेको घोषणा गर्दै अब ३० दिन मात्र बाँकी रहेको जनाएको छ । कम्पनीका अनुसार अनर एक्स नाइन एम खरिद गर्ने ग्राहकले प्रिमियम इलेक्ट्रिक एस युभी दिपाल एस फाइब जित्ने विशेष अवसर पाउनेछन् ।

स्मार्टफोन खरिदलाई थप आकर्षक बनाउने उद्देश्यले ल्याइएको यस अभियानप्रति देशभरका ग्राहकको उल्लेखनीय सहभागिता देखिएको कम्पनीले जनाएको छ । अनर एक्स नाइन डी मजबुती (२.५ मिटर ड्रप रेसिस्टेन्स),आइपी सिक्स्टीनाइन के वाटर रेसिस्टेन्स र ८३०० एम ए एच ब्याट्रीका कारण बजारमा लोकप्रिय बन्दै गएको कम्पनीले बताएको छ ।


## हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रिको ७ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने, साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५(पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सुचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिन्छ । साथै ऋणी, ऋणी कम्पनी, सोका संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवम सम्बद्ध सबैलाई धितो दिएको सम्पत्ति लिलाम बिक्री हुने व्योहोरा यसै सूचनाद्वारा सुचित गरिन्छ । प्रकाशित सूचनाको म्यादभित्र ऋणी, व्यक्ति, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रकिया अगाडि बढाइनेछ । बोलपत्र खोलिने दिन ऋणी बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिक्रिको प्रकृया अगाडि बढाउन कुनै बाधा पर्ने छैन । साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैंकले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सुचित गरिन्छ ।

### तपसिल

| ऋणी/ऋणीहरुको विवरण | धितोको विवरण |
|---|---|
| **शाखा कार्यालय: बौद्ध शाखा, काठमाण्डौं** | |
| कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता नं. २४४४७०/०७७/०७८ कायम भई मिति २०७७/०६/२१ मा दर्ता भएको **के.एस.आर. एग्रो फार्म प्रा.लि. (ऋणी)**<br>**संचालक तथा व्यक्तिगत जमानी दिने: जगत बहादुर तामाङ र रिता श्रेष्ठ (तामाङ)**<br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८२।०६।२८ को नागरिक राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना ।<br>मिति २०८२।१०।१४ को कारोबार राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । | साईला तामाङकी बुहारी तुलाराम श्रेष्ठकी छोरी जगत बहादुर तामाङकी पत्नी काभ्रेपलाञ्चोक जिल्ला तेमाल गा.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ८ बस्ने **रिता श्रेष्ठ (तामाङ)को** नाममा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला जोरपाटी गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित गोकणेश्वर न.पा. वडा नं. ८) सिट नं. १०२१०३००१ स्थित कित्ता नं. १७८ को क्षेत्रफल १११.२६ वर्ग मिटर घर/जग्गा समेत । |
| **शाखा कार्यालय: खुरखुरे शाखा, चितवन** | |
| १. घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर चितवनमा प्रा.फ.र.नं. ७१४/२०७७/०७८, स्थानीय व्यापार कायम भई मिति २०७७/०६/२७ मा दर्ता **भएको खुरखुरे फल सिलिङ्ग हाउस (ऋणी)**<br>**प्रोप्राइटर: पवित्रा न्यौपाने (पौडेल)**<br>**व्यक्तिगत जमानी दिने: विमला पौडेल, कृष्ण प्रसाद पौडेल र रामचन्द्र पौडेल**<br>२. कृष्ण प्रसाद पौडेलको बुहारी श्याम प्रसाद न्यौपानेको छोरी रामचन्द्र पौडेलको पत्नी चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित खैरहनी न.पा. वडा नं. ११) बस्ने **पवित्रा न्यौपाने (पौडेल) (ऋणी)**<br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८१।०८।२३ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना ।<br>मिति २०८२।०८।१० को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । | १. कलाघर पौडेलको नाति हरिलाल पौडेलको छोरा काठमाण्डौं जिल्ला तीनथाना गा.वि.स.वडा नं. ८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ११ बस्ने **कृष्ण प्रसाद पौडेलको** नाममा दर्ता कायम रहेको चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ५ख (हाल परिवर्तित खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ६७६ को क्षेत्रफल ४४०.२२ वर्ग मिटर जग्गा समेत ।<br>२. हरि लाल पौडेलको नाति कृष्ण प्रसाद पौडेलको छोरा चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ११ बस्ने **राम चन्द्र पौडेलको** नाममा दर्ता कायम रहेको चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ५ख (हाल परिवर्तित खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ६८४ को क्षेत्रफल ३३८.६४ वर्ग मिटर जग्गा समेत । |
| ३. घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर चितवनमा प्रा.फ.न. १५३/२०६६/०६७ कायम भई मिति २०६६।०९।२१ मा दर्ता **भएको पुन स: मिल (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: कविता पुन**<br>**व्यक्तिगत जमानी दिने: चक्र बहादुर पुन र निश्चल पुन**<br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८१।१२।११ को कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना।<br>मिति २०८२।०८।१० को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । | यम वहादुर पुनकी बुहारी किसन वहादुर पुनकी छोरी चक्र बहादुर पुनकी पत्नी चितवन जिल्ला विरेन्द्रनगर गा.वि.स.वडा नं. २ (हाल परिवर्तित राप्ती न.पा वडा नं. ७) बस्ने **कविता पुनको** नाममा दर्ता कायम रहेको चितवन जिल्ला विरेन्द्रनगर गा.वि.स. वडा नं. ३ख (हाल परिवर्तित राप्ती न.पा वडा नं. ७) स्थित कित्ता नं. १०६६ र १०६४ को क्षेत्रफल क्रमश: १७७७.८० र १४३९.१७ वर्ग मिटर जग्गा समेत । |
| ४. तपेश्वर ठाकुरको नाति शिव नारायण ठाकुर हजामको छोरा चितवन जिल्ला बिरेन्द्रनगर गा.वि.स. वडा नं. ०३ (हाल परिवर्तित राप्ती न.पा. वडा नं. ८) बस्ने **नागेश्वर ठाकुर (ऋणी)**<br>**व्यक्तिगत जमानी दिने: शिव नारायण ठाकुर हजाम र दर्वी ठाकुर**<br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८१।०५।०६ को कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना ।<br>मिति २०८२।०३।१६ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । | **ऋणी नागेश्वर ठाकुरको** नाममा दर्ता कायम रहेको चितवन जिल्ला, बडहरा गा.वि.स. वडा नं. ७क (हाल परिवर्तित राप्ती न.पा. वडा नं. ८) स्थित कित्ता नं. ७४५ को क्षेत्रफल ०–०–१०–० (विघा) घर/जग्गा समेत । |
| **शाखा कार्यालय: आईटि प्लाजा शाखा, कमलादी, काठमाण्डौं** | |
| कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २१७८६५/७५/०७६ कायम भई मिति २०७६/०३/०८ मा दर्ता भएको **मेडिओन नेपाल प्रा. लि. (ऋणी)**<br>**संचालक तथा व्यक्तिगत जमानतदिने: गोविन्द कुमार झा र राजेश झा**<br>**व्यक्तिगत जमानी दिने: अर्चना झा**<br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८२।०८।१९ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना ।<br>मिति २०८२।१०।२५ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । | हरिस चन्द्र झाको बुहारी गोविन्द कुमार झाको पत्नी महोत्तरी जिल्ला सुगाभवानीपट्टी गा.वि.स. वडा नं. ४ बस्ने **अर्चना झाको** नाममा दर्ता कायम रहेको ललितपुर जिल्ला सानागाऊ गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. ११०३ को क्षेत्रफल १११.२९ वर्ग मिटर घर/जग्गा समेत । |
| **शाखा कार्यालय : न्यूरोड नेपालगञ्ज, बाँके** | |
| बरखत अलीको नाति हविव अहमद जसगढको छोरा बाँके जिल्ला जैसपुर गा.वि.स. वडा नं. ५ (हाल परिवर्तित नेपालगञ्ज उप म.न.पा. वडा नं. १६) बस्ने **अयाज अहमद जसगढ (ऋणी)**<br>**व्यक्तिगत जमानी दिने: प्रवीन बानो जसगढ**<br>**यस अघि प्रकाशित सूचना:**<br>मिति २०८०।०७।०२ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना ।<br>मिति २०८०।१२।२१ को कारोवार दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना ।<br>मिति २०८१।०३।२७ को कारोवार दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।<br>मिति २०८२।११।११ को आर्थिक अभियान दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । | हविव अहमद जसगढको बुहारी अजिज जसगढको छोरी अयाज अहमत जसगढको पत्नी बाँके जिल्ला जैसपुर गा.वि.स. वडा नं. ५ (हाल परिवर्तित नेपालगञ्ज उप म.न.पा. वडा नं. १६) बस्ने **प्रवीन बानो जसगढको** नाममा दर्ता कायम रहेको बाँके जिल्ला नेपालगञ्ज न.पा. वडा नं. ४ (हाल परिवर्तित नेपालगञ्ज उप म.न.पा. वडा नं. ११) स्थित कित्ता नं. १४५ को क्षेत्रफल ०–०–९.७५ (विघा) घर/जग्गा समेत । |
| **शाखा कार्यालय: न्युरोड शाखा, काठमाण्डौं** | |
| कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १६९९८८/७३/०७४ कायम भई मिति २०७४/०३/०६ मा दर्ता भएको **आवर कन्स्ट्रक्सन प्रा.लि. (ऋणी)**<br>**संचालक तथा व्यक्तिगत जमानी दिने: बिन्दु श्रेष्ठ, सम्राट श्रेष्ठ, रिता श्रेष्ठ, रबिकर प्रसाद घिमिरे, सत्य नारायण श्रेष्ठ**<br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८१।०७।२६ को कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना ।<br>मिति २०८२।०१।०९ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना ।<br>मिति २०८२।०२।२२ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।<br>मिति २०८२।०९।०२ को नागरिक राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना । | जोग बहादुर श्रेष्ठको नाति बिल बहादुर श्रेष्ठको छोरा काठमाण्डौं जिल्ला पलीफल गा.वि.स. वडा नं. ३ (हाल किर्तिपुर न.पा. वडा नं. १०) बस्ने **सत्य नारायण श्रेष्ठको** नाममा दर्ता कायम रहेको:<br>क) काठमाण्डौं जिल्ला किर्तिपुर न.पा. वडा नं. ३ सिट नं. १०२११८२१२ स्थित कित्ता नं. ५ र ६ को क्षेत्रफल क्रमश: २८३.२०, १२१.६० (घर) वर्ग मिटर जग्गा समेत ।<br>ख) काठमाण्डौं जिल्ला किर्तिपुर न.पा. वडा नं. ३ सिट नं. १०२११८२२२ स्थित कित्ता नं. १५७ को क्षेत्रफल ८९.२० वर्ग मिटर घर/जग्गा समेत । |
| **शाखा कार्यालय: दमक २, झापा** | |
| १. कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएको दर्ता नं. २२५०२५।०७६।०७७ कायम भई मिति २०७६/०६/०२ मा दर्ता भएको **टिका डेगराज इन्भेष्टमेन्ट एण्ड हाउजिङ्ग प्रा.ली. (ऋणि)**<br>**संचालक तथा व्यक्तिगत जमानी दिने: हिमालय दाहाल र जानुका दाहाल**<br>२. लक्ष्मी प्रसाद दाहालको नाति हरिप्रसाद दाहालको छोरा झापा जिल्ला दमक न.पा. वडा नं. ५ बस्ने **हिमालय दाहाल (ऋणि)**<br>**व्यक्तिगत जमानी दिने: जानुका दाहाल**<br>**यसअघि प्रकाशित सुचना:**<br>मिति २०८१।१२।१३ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सुचना ।<br>मिति २०८२।०१।३० को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना ।<br>मिति २०८२।०३।१७ को नागरिक राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।<br>मिति २०८२।०९।२१ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । | हरिप्रसाद दाहालको बुहारी हिमालय दाहालको पत्नी झापा जिल्ला दमक नगरपालिका वडा नं. ५ बस्ने **जानुका दाहालको** नाममा दर्ता कायम रहेको:<br>क) झापा जिल्ला दमक न.पा. वडा नं. १० सिट नं. १७९००१६०७ स्थित कित्ता नं. ९६ को क्षेत्रफल १०३.८२ र कित्ता नं. ८० को क्षेत्रफल १०८.४० वर्ग मिटर जग्गा समेत ।<br>ख) झापा जिल्ला दमक न.पा. वडा नं. ५ स्थित कित्ता नं. ८९२१ को क्षेत्रफल ०–०–१६ (विघा) जग्गा समेत । |
| **शाखा कार्यालय: चपुर शाखा, रौतहट** | |
| वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (जारी गर्ने कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट) मा प्रा.फा.र.नं. ६९४८/६४८/२८४/१६५ चन्द्रपुर कायम भई मिति २०७५/१०/२० मा दर्ता भएको **पुजा ट्रेडर्स (ऋणी)**<br>**प्रोप्राईटर: पुजा पराजुली**<br>**व्यक्तिगत जमानी दिने: चुडा बहादुर पराजुली र मनु पराजुली**<br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८२।०४।१९ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना ।<br>मिति २०८२।०७।१९ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । | १. बाल कृष्ण पराजुलीकी नातिनी चुडा बहादुर पराजुलीकी छोरी बारा जिल्ला निजगढ न.पा. वडा नं. ९ बस्ने **पुजा पराजुलीको** नाममा दर्ता कायम रहेको:<br>क) रौतहट जिल्ला सन्तपुर (म) गा.वि.स. वडा नं. ३ (हाल परिवर्तित चन्द्रपुर न.पा. वडा नं. ८) स्थित कित्ता नं. ६५२, ६५३, ६५४ र ७४८ को क्षेत्रफल क्रमश: ०–०–१०–०, ०–०–१०–०, ०–४–०–० र ०–०–७–० (बिघा) जग्गा समेत ।<br>ख) रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ५ (हाल परिवर्तित चन्द्रपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ३५५९ को क्षेत्रफल ०–०–७–० (बिघा) घर/जग्गा समेत ।<br>ग) रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ (हाल परिवर्तित चन्द्रपुर न.पा. वडा नं.४) स्थित कित्ता नं. ५१५३ र ५१५८ को क्षेत्रफल क्रमश: ०–०–८–० र ०–०–२–० (बिघा) जग्गा समेत ।<br>२. धर्म प्रसाद पराजुलीको नाति बाल कृष्ण पराजुलीको छोरा बारा जिल्ला निजगढ न.पा. वडा नं. ९ बस्ने **चुडा बहादुर पराजुलीको** नाममा दर्ता कायम रहेको बारा जिल्ला निजगढ गा.वि.स. वडा नं. ९घ (हाल परिवर्तित निजगढ न.पा. वडा नं.९) स्थित कित्ता नं. ३४ को क्षेत्रफल ०–४–१६–० (बिघा) जग्गा समेत । |
| **शाखा कार्यालय: निजगढ शाखा, बारा** | |
| १. वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (जारी गर्ने कार्यालय घरेलु तथा साना उद्योग कार्यालय गौर, रौटहट)मा प्रा.फ.र.नं. ८१०६।७६३ कायम भइ मिति २०७६।०६।२९ मा दर्ता भएको **शंकर किराना पसल (ऋणी)**<br>**प्रोपाइटर तथा व्यक्तिगत जमानी दिने: रामकली देवी**<br>**व्यक्तिगत जमानी दिने: प्रबिन कुमार चौरसिया, शंकर राउत बरै, शान्ति सुवेदी र नविन प्रसाद चौरसिया**<br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८१।०४।२२ को कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना ।<br>मिति २०८२।०१।०४ को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । | धरिछन राउत बरैको नाति जोखु राउत बरैको छोरा रौतहट जिल्ला प्रेमपुर गोनाही गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित देवाही गोनाही न.पा. वडा नं. ८) बस्ने **शंकर राउत बरैको** नाममा रौतहट जिल्ला प्रेमपुर गोनाही गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित देवाही गोनाही न.पा. वडा नं. ८) स्थित कि.नं. २६० को क्षेत्रफल ०–२–१८–० (विघा) को जग्गा समेत । |
| २. घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा उद्योग दर्ता नं. ८८४९।११४७।२९५।९६८ कायम भई मिति २०७७।११।१३ मा दर्ता भएको **सुभाष पशु फार्म (ऋणी)**<br>**प्रोपाइटर तथा व्यक्तिगत जमानी दिने: जितेन्द्र सहनी**<br>**व्यक्तिगत जमानी दिने: विश्वनाथ सहनी, समतीया देवी, पानो देवी, अनिल सहनी र सोविता देवी**<br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८१।०९।०५ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना ।<br>मिति २०८२।१०।१८ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । | खेलावन सहनीको नाति सुखाडी सहनीको छोरा रौतहट जिल्ला गरुडा न.पा. वडा नं.३ बस्ने **विश्वनाथ सहनीको** नाममा दर्ता कायम रहेको मलाही गा.वि.स. वडा नं. ३क (हाल परिवर्तित मधेश गरुडा न.पा. वडा नं. ३) स्थित कि.नं. ६०७ र ६०८ को क्षेत्रफल क्रमश: ०–०–१५–० र ०–०–१५–० (विघा) को जग्गा समेत । |
| ३. घरेलु तथा साना उद्योग कार्यालय, रौतहट गौरमा दर्ता भएको प्रा. फ. नं. ७८९९।१९८।१०५।१६ कायम भइ मिति २०७७।०६।१६ मा दर्ता भएको **विशाल गेट ग्रिल उद्योग (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: राम वावु सहनी**<br>**व्यक्तिगत जमानी दिने: विन्देशवर सहनी र लालवती देवी**<br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८१।१०।१४ को कारोवार दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना ।<br>मिति २०८२।०२।०४ को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । | गोसैं सहनीको बुहारी रमेश्वर सहनीको छोरी विन्देशवर सहनीको पत्नी रौतहट जिल्ला बरियारपुर गा.वि.स. वडा नं. ४ (हाल परिवर्तित गढिमाई न.पा. वडा नं. ८) बस्ने **लालवती देवीको** नाममा दर्ता कायम रहेको रौतहट जिल्ला बरियारपुर गा.वि.स. वडा नं. ५क (हाल परिवर्तित गढिमाई न.पा. वडा नं. ८) स्थित कि.नं. ५५७ को क्षेत्रफल ०–४–५–० को (विघा) जग्गा समेत । |
| **शाखा कार्यालय: ओखलढुङ्गा शाखा, ओखलढुङ्गा** | |
| वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग (दर्ता गर्ने कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय ओखलढुङ्गा)मा प्रा.फ.दर्ता नं. १०७५/०७६/०७७ कायम भइ मिति २०७६।०८।१२ मा दर्ता भएको **पासाङ डोल्मा कस्मेटिक पसल (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: पासाङ डोल्मा शेर्पा**<br>**व्यक्तिगत जमानी दिने: काजी शेर्पा**<br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८०।११।१३ को कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना ।<br>मिति २०८२।१०।२५ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । | फुर्वा शेर्पाको नातिनी कर्मा लाक्पा शेर्पाको छोरी काजी शेर्पाको पत्नी ओखलढुङ्गा जिल्ला बर्नालु गा.वि.स वडा नं. ७ (हाल परिवर्तित सिद्धिचरण न.पा. वडा नं. ११) बस्ने **पासाङ डोल्मा शेर्पाको** नाममा दर्ता कायम रहेको ओखलढुङ्गा जिल्ला ओखलढुङ्गा गा.वि.स. वडा नं. २ (हाल परिवर्तित सिद्धिचरण न.पा. वडा नं. ११) स्थित कित्ता नं. १५८५ को क्षेत्रफल १६६.९३ वर्ग मिटर जग्गा समेत । |

**बोलपत्रका शर्तहरू :**

१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र खरिद गरी लिन सकिनेछ ।

२. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | बोलपत्र पेश गर्ने स्थान | बोलपत्र खोलिने स्थान |
|---|---|---|---|
| २०८२/१२/२३ कार्यालय समय सम्म | २०८२/१२/२६ अपरान्ह २:०० बजे | यस बैंकको कुनै पनि शाखा, कार्यालय | सम्बन्धित शाखा, कार्यालय |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६५१५०, पो.ब.नं. २०५९० काठमाडौं

# सदस्यसचिव रवीन्द्रले लिए शपथ



सुर्खेत, चैत १६ (नागरिक)- कर्णाली प्रदेश खेलकुद परिषद्का सदस्यसचिव रवीन्द्र चन्द 'रोबिन' ले सोमबार नियुक्तपत्र लिँदै पद तथा गोपनीयताको शपथ लिएका छन् ।

सुर्खेतस्थित सामाजिक विकास मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच मन्त्री घनश्याम भण्डारीले सदस्यसचिव चन्दलाई नियुक्तिपत्र हस्तान्तरण गर्दै शपथ ग्रहण गराएका हुन् । यससँगै करिब १५ महिनादेखि रिक्त कर्णाली प्रदेश खेलकुद परिषद्ले सदस्यसचिव पाएको छ । उनीसँगै बोर्डले पनि पूर्णता पाएको हो । उपाध्यक्षसहित पाँच सदस्यले पनि सोमबार नै नियुक्तिपत्र पाएका छन् । उनीहरूको पनि सोही कार्यक्रममा शपथ भएको थियो । गत चैत १२ गते बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले चन्दलाई परिषद्को दोस्रो सदस्यसचिवका रूपमा नियुक्त गरेको थियो । गत २०८१ पुस ४ गतेदेखि कर्णाली खेलकुद परिषद्मा सदस्यसचिवसहित बोर्ड रिक्त थियो ।

लामो समयपछि सामाजिक विकास मन्त्रालयले बोर्डलाई पूर्णता दिएको छ । परिषद्को सदस्यसचिवमा नियुक्त चन्द क्रिकेट र फुटबलका राष्ट्रिय खेलाडी हुन् । तत्कालीन मध्यपश्चिमाञ्चलको उमेरसमूहबाट उनले क्रिकेटका राष्ट्रिय प्रतियोगिता खेलेका थिए । रवीन्द्रले फुटबलबाट भने राष्ट्रिय प्रतियोगिता खेलेका थिए । उनी अहिले अखिल नेपाल फुटबल संघ (एन्फा) को केन्द्रीय कार्यसमिति सदस्य पनि हुन् । नियुक्त भएपछि चन्दले कर्णाली क्षेत्रमा सम्भाव्य देखिएको खेलविधालाई विशेष प्राथमिकतामा राखेर अघि बढ्ने बताए ।

'खेलाडी हुँदै आज खेल विकास र व्यवस्थापनका लागि खेलकुद परिषद्मा काम गर्ने जिम्मेवारी पाउँदा धेरै खुसी छु । यहाँ चुनौती र अवसर दुवै छन् । कर्णाली क्षेत्रमा आवश्यक पूर्वाधारहरू छैनन् । त्यसमा काम गर्नुपर्ने मेरो प्रमुख जिम्मेवारी हुनेछ,' चन्दले भने, 'कर्णालीमा दशौं राष्ट्रिय खेलकुद सकेसम्म छिटो आयोजना गर्न भूमिका खेल्नेछु । यो केन्द्रको अधिकारको विषय भए पनि प्रदेशबाट दबाब दिनेछौं । यस क्षेत्रमा अन्य प्रतियोगिता आयोजना गर्न पनि प्रोत्साहित गर्नेछु ।' उनी नेपाली राष्ट्रिय फुटबल टोलीका महत्त्वपूर्ण सदस्य रोहित चन्दका आफ्नै दाजु पनि हुन् । यसअघि सदस्यसचिव छनोटका लागि गठित समितिले गत माघ ३ गते अन्तर्वार्ता लिएर तीन जनाको नाम प्रदेश सरकारसमक्ष सिफारिस गरेको थियो । चन्दसँगै दीपक हमाल र प्रमोद हमाल सिफारिसमा परेका थिए ।

दीपक नेपाली राष्ट्रिय उसु टोलीका सदस्य र प्रमोद कर्णाली प्रदेश फुटबल संघका अध्यक्ष पनि हुन् । दीपक १३औं सागका स्वर्ण विजेता पनि हुन् । प्रमोद यसअघि कार्यकालमा पनि प्रदेश उपाध्यक्ष थिए । सदस्यसचिव पदका लागि मूल्यांकन हुँदा चन्दले सर्वाधिक ६७.१७ अंक प्राप्त गरेका थिए । दीपक हमालले ६०.६३ र प्रमोद हमालले ५२.३७ अंक पाए । सदस्यसचिव पदका लागि सुरुमा २१ जनाले आवेदन दिएका थिए, जसमध्ये १० जनालाई अन्तर्वार्ताका लागि छनोट गरिएको थियो । पछि प्रमोद हमालले परिषद्को उपाध्यक्ष पदमा फेरि जिम्मेवारी पाए । बोर्डका सदस्यहरू पवनकुमार थापा, पंखबहादुर मल्ल, भीमाकुमारी भुसाल, गोर्खबहादुर शाही र किरणकिशोर सापकोटाले पनि शपथ लिएका छन् । उनीहरूले मंगलबार कार्यभार समाल्ने तयारीमा छन् ।

परिषद्को सदस्यसचिवमा नियुक्त रवीन्द्र चन्द क्रिकेट र फुटबलका राष्ट्रिय खेलाडी हुन् । तत्कालीन मध्यपश्चिमाञ्चलको उमेरसमूहबाट उनले क्रिकेटका राष्ट्रिय प्रतियोगिता खेलेका थिए । रवीन्द्रले फुटबलबाट भने राष्ट्रिय प्रतियोगिता खेलेका थिए ।

# हाई अल्टिच्युट ट्रेनिङ सेन्टरका लागि जुम्लामा जग्गा

काठमाडौं, चैत १६ (नागरिक)- कर्णाली हाई अल्टिच्युट ट्रेनिङ सेन्टरका लागि जुम्लामा जग्गा प्राप्त भएको छ । राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रामचरित्र मेहतालाई जुम्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख कविदत्त न्यौपानेले सोको लालपुर्जा सोमबार हस्तान्तरण गरे । पातारासी गाउँपालिका-३, लोठचौरमा रहेको उक्त जग्गा लाउरो बोहरा, गोरबहादुर बोहरा र कुम्भर बोहराले उपलब्ध गराएको प्रमुख न्यौपानेले जनाएका छन् । जग्गाको क्षेत्रफल ६ हजार १ सय २० वर्ग मिटर रहेको छ ।

# काजल सर्वोत्कृष्ट महिला रेफ्री



काठमाडौं, चैत १६ (नागरिक)- तेक्वान्दोकी अन्तर्राष्ट्रिय निर्णायक काजल श्रेष्ठ अस्ट्रेलियाको सिड्नीमा भएको ओसेनिया तेक्वान्दो च्याम्पियनसिप (जि-४) मा सर्वोत्कृष्ट महिला रेफ्री घोषित भएकी छन् । काजलले यो उपलब्धि प्राप्त गर्नु आफ्नो लागि अझ विशेष र अर्थपूर्ण रहेको बताइन् ।

नेपालमा भएको १३औं दक्षिण एसियाली खेलकुदकी स्वर्ण विजेता काजलले यसअघि विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि निर्णायकको भूमिका निर्वाह गरेकी थिइन् ।




# अरनिकोको अलराउन्ड प्रदर्शन

काठमाडौं, चैत १६ (नागरिक)- अरनिको यादवको उत्कृष्ट अलराउन्ड प्रदर्शनमा मधेस प्रदेशले जारी प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा आफ्नो अपराजित यात्रा जारी राखेको छ ।

जनकपुरमा सोमबार सम्पन्न खेलमा मधेसले कर्णाली प्रदेशलाई पाँच विकेटले हराउँदै लगातार तेस्रो जित हात पारेको हो । रामजानकी बहुउद्देश्यीय क्रिकेट मैदानमा कर्णालीले १३० रनको झिनो लक्ष्य दिएको थियो । तर, मधेसले २४.५ ओभरमा पाँच विकेट गुमाएर लक्ष्य पूरा गर्‍यो । मधेसका नीरज यादवले ३८ रन बनाए । पहिलो विकेटका लागि मधेसले ५० रनको साझेदारी गर्दै राम्रो सुरुआत दिलायो । ओपनरद्वय मायन र नीरजले राम्रो सुरुआत दिलाएका हुन् । मायन २४ रनमा आउट भए । अरनिको यादव ३२ रनमा अविजित रहे । अरनिकोले २५ बलमा ६ चौका प्रहार गरे । पवन सरार्फले १७ रनको योगदान दिँदा कप्तान अनिल साह १ रन र आदिल आलम शून्यमा नै आउट भए ।

कर्णालीको बलिङमा दीपेन्द्र रावतले तीन तथा दिवान पुन र सुनील धमलाले समान एक विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको कर्णाली ३१.२ ओभरमा एक सय २९ रनमै समेटिएको थियो । कर्णालीले तेस्रो ओभरमा नै दुई विकेट गुमाएपछि खराब सुरुआत गर्‍यो । ओपनर रवीन्द्र शाहीले ४० रन जोडे । यो नै सर्वाधिक ठूलो व्यक्तिगत रन रह्यो । अर्जुन घर्तीले २४ रन जोडे । मधेसको बलिङमा आशिक बैथाले चार तथा अरनिकोले दुई विकेट लिए । चार खेलबाट मधेसले सात अंक जोडेको छ ।

वीरगन्जमा भएको अर्को खेलमा सुदूरपश्चिम प्रदेशले लुम्बिनी प्रदेशलाई १२ रनले हरायो । वीरगन्जको नारायणी क्रिकेट मैदानमा सुदूरपश्चिमले १६९ रनको सामान्य लक्ष्य दियो । लुम्बिनी ४०.२ ओभरमा एक सय ५६ रनमा अलआउट भयो । मध्य क्रमका ब्याटर सन्तोष यादवले ६७ रन र ध्रुव सुनारले ३६ रन बनाए । सन्तोषले ८४ बलमा सात चौका र एक छक्का प्रहार गरे । रञ्जित खड्काले ११ रन जोडे । अन्य खेलाडी चल्न नै सकेनन् र लुम्बिनीले हार बेहोर्‍यो । सुदूरपश्चिमको बलिङमा कप्तान शेर मल्ल र खडक बोहोराले समान तीन विकेट लिए । हेमन्त धामीको दुई तथा नारायण जोशी र लोकेन्द्र चन्दको नाममा एक विकेट रह्यो । पहिले ब्याटिङ गरेको सुदूरपश्चिम एक सय ६८ रनमै समेटिएको थियो । दीपक बोहोराले ३० रन र तल्लो क्रमका ब्याटर हेमन्त धामीले २९ रन बनाए । कुनै पनि ब्याटरले ठूलो इनिङ खेल्न सकेनन् ।

लुम्बिनीको बलिङमा सन्तोष यादव र अजय चौहानले समान चार विकेट लिँदै सुदूरपश्चिमको इनिङ धराशयी बनाए । सन्देश थापाको नाममा एक विकेट रह्यो । यस जितसँगै सुदूरपश्चिमको ६ अंक र लुम्बिनीको तीन अंक छ ।



# लक्ष्मी सन्राइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/१२/१७**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी लाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्वारा सूचित गराइन्छ ।

उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानून बमोजिम कर्जाको धितो सुरक्षणको रुपमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति लगायत ऋणी लगायत सम्बन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण**

**शाखा कार्यालय : भोजपुर**

**संयुक्त ऋणीको नाम :**

**क.** केदारनाथ गोलेको बुहारी, मनी कुमार तामाङ्गको छोरी तथा सुर्य कुमार गोलेको पत्नी, भोजपुर जिल्ला, साङपाङ गा.वि.स. वडा नं. ७ भई हाल भोजपुर न.पा. वडा नं. ७ बस्ने **तारा देवी तामाङ्ग** (ना.प्र.नं. ११०५/२४२६/१८१२, जि.प्र.का. भोजपुर, जारी मिति २०४४/११/२७) ।

**ख.** धन बहादुर गोलेको नाति, केदारनाथ गोलेको छोरा, भोजपुर जिल्ला, भोजपुर न.पा. वडा नं. ७ बस्ने **सूर्य कुमार गोले** (ना.प्र.नं. ०९१०२४-८५, जि.प्र.का. भोजपुर, जारी मिति २०६७/०३/१५) ।

**व्यक्तिगत जमानतकर्ता :** केदार नाथ गोलेको नतिनी, सूर्य कुमार गोलेको छोरी, भोजपुर जिल्ला, भोजपुर न.पा. वडा नं. ३ भई हाल भोजपुर न.पा. वडा नं. ७ बस्ने **सेलिना गोले** (ना.प्र.नं. ०९१०२४/१९२, जि.प्र.का. भोजपुर, जारी मिति २०६७/१२/३०) ।

**धितो सुरक्षणको विवरण : संयुक्त ऋणी मध्ये धितो जमानतकर्ता तारा देवी तामाङ्ग**को नाममा मालपोत कार्यालय भोजपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको भोजपुर जिल्ला, बोखिम गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ४७४ र ४५६ को क्षेत्रफल क्रमश: २-०-०-० र १-०-०-० (रोपनी) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : गौर, रौतहट**

**१. ऋणीको नाम :** शेख फेकुको नाति, शेख गनी महम्मदको छोरा, रौतहट जिल्ला, पिप्रा भगवानपुर गा.वि.स. वडा नं. ४ भई हाल राजपुर न.पा. वडा नं. १ बस्ने **मोहम्मद आरिफ** (ना.प्र.नं. ३२३०५१-८२, जि.प्र.का. रौतहट, जारी मिति २०६३/१०/०३) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** शेख फेकुको बुहारी, गनी महम्मदको पत्नी, रौतहट जिल्ला, पिप्रा भगवानपुर गा.वि.स. वडा नं. ४ भई हाल राजपुर न.पा. वडा नं. १ बस्ने **नाजदा शेखिन** (ना.प्र.नं. ६९२, जि.प्र.का. नेपाल सरकार गृह मन्त्रालय, नेपाली अङ्गीकृत नागरिकता, जारी मिति २०४१/०३/१४) ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** शेख फेकुको नाति, गनी महम्मदको छोरा, रौतहट जिल्ला, पिप्रा भगवानपुर गा.वि.स. वडा नं. ४ भई हाल राजपुर न.पा. वडा नं. १ बस्ने **सदाम हुसैन** (ना.प्र.नं. ३२१०५१-५३७६, जि.प्र.का. रौतहट, जारी मिति २०६७/१२/२७) ।

**ख.** गनी महम्मदको बुहारी, मोहम्मद आरिफको पत्नी, रौतहट जिल्ला, पिप्रा भगवानपुर गा.वि.स. वडा नं. ४ भई हाल राजपुर न.पा. वडा नं. १ बस्ने **फुल जहा** (ना.प्र.नं. ३२३०५१-१२२, जि.प्र.का. रौतहट, जारी मिति २०७०/०२/१६) ।

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता नाजदा सेखीन**को नाममा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता कायम रहेका रौतहट जिल्ला, पिप्रा भगवानपुर गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ४५ को क्षेत्रफल ०-१-१८-० (विगाहा) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. ऋणीको नाम :** शेख गफुरको नाति, शेख मंजुरको छोरा, रौतहट जिल्ला, पिप्रा भगवानपुर गा.वि.स./न.पा. वडा नं. ८ भई हाल राजपुर न.पा. वडा नं. १ बस्ने **शेख असलम** (ना.प्र.नं. ११०८, जि.प्र.का. रौतहट, जारी मिति २०५५/०७/२५) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** शेख दशैको नाति, शेख गफुरको छोरा, रौतहट जिल्ला, पिप्रा भगवानपुर गा.वि.स./न.पा. वडा नं. ७ भई हाल राजपुर न.पा. वडा नं. १ बस्ने **शेख मंजुर** (ना.प्र.नं. ७३९०११५२, जि.प्र.का. रौतहट, जारी मिति २०३८/०५/०८) ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** शेख मंजुरको बुहारी, शेख असहाबको पत्नी, रौतहट जिल्ला, राजपुर न.पा. वडा नं. १ बस्ने **समसा खातुन** (ना.प्र.नं. ३२-०१-७४-०९२३२, जि.प्र.का. रौतहट, जारी मिति २०७४/१०/२१) ।

**ख.** शेख मंजुरको बुहारी, शेख असलमको पत्नी, रौतहट जिल्ला, पिप्रा भगवानपुर गा.वि.स./न.पा. वडा नं. ७ भई हाल राजपुर न.पा. वडा नं. १ बस्ने **खुसनमा बेगम** (ना.प्र.नं. ३२१०५१/३६, जि.प्र.का. रौतहट, जारी मिति २०६३/१०/०४) ।

**ग.** शेख गफुरको बुहारी, शेख मंजुरको पत्नी, रौतहट जिल्ला, पिप्रा भगवानपुर गा.वि.स./न.पा. वडा नं. ७ भई हाल राजपुर न.पा. वडा नं. १ बस्ने **सगिरा सेखीन** (ना.प्र.नं. ७३९०११५४, जि.प्र.का. रौतहट, जारी मिति २०३८/०५/०८) ।

**घ.** शेख गफुरको नाति, शेख मंजुरको छोरा, रौतहट जिल्ला, पिप्रा भगवानपुर गा.वि.स./न.पा वडा नं. ७ भई हाल राजपुर न.पा. वडा नं. १ बस्ने **शेख असहाब** (ना.प्र.नं. २१५८, जि.प्र.का. रौतहट, जारी मिति २०६२/०८/०८) ।

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता शेख मंजुर**को नाममा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, पिप्रा भगवानपुर गा.वि.स./न.पा. वडा नं. ८ र ९ स्थित कित्ता नं. १६० र १८१९ को क्षेत्रफल ०-०-१५-० र ०-०-४-० र रौतहट जिल्ला, झुनखुनवा गा.वि.स./न.पा. वडा नं. ४ नक्सा सिट नं. ४ ग स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-१-०-० (विगाहा) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : मुसिकोट**

**संयुक्त ऋणीको नाम :**

**क.** झुप्रा रोकाको नाति, बलजित रोकाको छोरा, रुकुम पश्चिम जिल्ला, सिम्ली गा.वि.स. वडा नं. ५ भई हाल सानिभेरी न.पा./गा.पा. वडा नं. ७ बस्ने **चाम्रे रोका** (ना.प्र.नं. १५३५/२४८, जि.प्र.का. रुकुम, जारी मिति २०४३/०९/०५) ।

**ख.** बलजित रोकाको नाति, चाम्रे रोकाको छोरा, रुकुम पश्चिम जिल्ला, सिम्ली गा.वि.स. वडा नं. ५ भई हाल सानिभेरी न.पा./गा.पा. वडा नं. ७ बस्ने **सन्तोष रोका** (ना.प्र.नं. ५४२ (००४)/२२५८, जि.प्र.का. रुकुम, जारी मिति २०६१/०९/२१) ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** बलजित रोकाको नाति, चाम्रे रोकाको छोरा, रुकुम पश्चिम जिल्ला, सिम्ली गा.वि.स. वडा नं. ५ भई हाल सानिभेरी न.पा./गा.पा. वडा नं. ७ बस्ने **हेमन्त रोका** (ना.प्र.नं. ५६१०३३/३२, जि.प्र.का. रुकुम, जारी मिति २०६४/०८/०७) ।

**ख.** चाम्रे रोकाको बुहारी, काशीराम खत्रीको छोरी तथा सन्तोष रोकाको पत्नी, रुकुम पश्चिम जिल्ला, सिम्ली गा.वि.स. वडा नं. ५ भई हाल सानिभेरी न.पा./गा.पा. वडा नं. ७ बस्ने **कल्पना के.सी. (रोका)** (ना.प्र.नं. ५६१०३३/३४२, जि.प्र.का. रुकुम जारी मिति २०६७/१२/०९) ।

**धितो सुरक्षणको विवरण : संयुक्त ऋणीमध्येको धितो जमानतकर्ता चाम्रे रोका**को नाममा मालपोत कार्यालय रुकुम पश्चिमको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुकुम पश्चिम जिल्ला, सिम्ली गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. १२५ र १४० को क्षेत्रफल क्रमश: ०,०२५५ र ०,०१७५ (ब.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : गरुडा, रौतहट**

**ऋणीको नाम :** राम औतार सहनीको नाति, विलास राम सहनीको छोरा, रौतहट जिल्ला, मलाही गा.वि.स. वडा नं. ६ भई हाल गरुडा न.पा./गा.पा. वडा नं. ३ बस्ने **श्याम कुमार सहनी** (ना.प्र.नं. ५००, जि.प्र.का. रौतहट, जारी मिति २०६३/०४/२२) ।

**व्यक्तिगत जमानतकर्ता :** विलास राम सहनीको बुहारी, श्याम कुमार सहनीको पत्नी, रौतहट जिल्ला, मलाही गा.वि.स. वडा नं. ६ भई हाल गरुडा न.पा./गा.पा. वडा नं. ३ बस्ने **जिर्मला कुमारी** (ना.प्र.नं. ३२३०९४-०१, जि.प्र.का. रौतहट, जारी मिति २०६३/१०/०१) ।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता श्याम कुमार सहनी**को नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, मलाही गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. १८३ को क्षेत्रफल ०-३-३ (वि.क.धु.) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणी तथा जमानतकर्ताको विवरण**

**शाखा कार्यालय : धरान, सुनसरी**

**१. संयुक्त ऋणीको नाम :**

**क.** सुरज मान अग्रवालको नाति, ओमकार मल अग्रवालको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा./न.पा. वडा नं. १३ भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ९ बस्ने **शिव शंकर अग्रवाल** (ना.प्र.नं. बं. ०५३०७८/६५, जि.प्र.का. मोरङ्ग, जारी मिति २०६३/११/०९) ।

**ख.** ओमकार मल अग्रवालको नाति, शिव शंकर अग्रवालको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा./न.पा. वडा नं. १३ भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ९ बस्ने **अंकित अग्रवाल** (ना.प्र.नं. ८४९६७, जि.प्र.का. मोरङ्ग, जारी मिति २०६४/०२/२७) ।

**व्यक्तिगत जमानतकर्ता :** दाताराम अग्रवालको छोरी, ओमकार मल अग्रवालको बुहारी, शिव शंकर अग्रवालको पत्नि, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा./न.पा. वडा नं. १३ भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ९ बस्ने **कान्ता अग्रवाल** (ना.प्र.नं. ८५९३, जि.प्र.का. मोरङ्ग, जारी मिति २०६४/०२/२८) ।

**धितो सुरक्षणको विवरण : संयुक्त ऋणी मध्ये धितो जमानतकर्ता शिव शंकर अग्रवाल**को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा./गा.वि.स. वडा नं. १० स्थित कित्ता नं. ५७ को क्षेत्रफल ०-१-१३-० (विगाहा) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. ऋणीको नाम :** ओमकार मल अग्रवालको नाति, शिव शंकर अग्रवालको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा./न.पा. वडा नं. १३ भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ९ बस्ने **अंकित अग्रवाल** (ना.प्र.नं. ८४९६७, जि.प्र.का. मोरङ्ग, जारी मिति २०६४/०२/२७) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** सुरज मान अग्रवालको नाति, ओमकार मल अग्रवालको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा./न.पा. वडा नं. १३ भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ९ बस्ने **शिव शंकर अग्रवाल** (ना.प्र.नं. बं. ०५३०७८/६५, जि.प्र.का. मोरङ्ग, जारी मिति २०६३/११/०९) ।

**व्यक्तिगत जमानतकर्ता :** दाताराम अग्रवालको छोरी, ओमकार मल अग्रवालको बुहारी, शिव शंकर अग्रवालको पत्नि, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा./न.पा. वडा नं. १३ भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ९ बस्ने **कान्ता अग्रवाल** (ना.प्र.नं. ८५९३, जि.प्र.का. मोरङ्ग, जारी मिति २०६४/०२/२८) ।

**धितो सुरक्षणको विवरण : धितो जमानीकर्ता शिव शकंर अग्रवाल**को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा./गा.वि.स. वडा नं. १० स्थित कित्ता नं. ५७ को क्षेत्रफल ०-१-१३-० (विगाहा) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : दमौली, तनहुँ**

**ऋणीको नाम :** औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिती, घरेलु तथा साना उद्योग कार्यालय मुख्य शाखा कार्यालय, तनहुँमा दर्ता नं. ६१८०/०७४/०७५ मिति २०७४/०५/२९ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय पोखरा, पान नं. ६०६९६४०४५ भएको तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ५ स्थित **युग पोल्ट्री फर्म** ।

**प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ता :** भक्तु थापाको नाति, मन वहादुर थापाको छोरा, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ७ भई हाल व्यास न.पा. वडा नं. ५ बस्ने **कृष्ण थापा** (ना.प्र.नं. २११४२, जि.प्र.का. तनहुँ, जारी मिति २०५३/०६/२३) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** भक्तु थापाको बुहारी, मन वहादुर थापाको पत्नी, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ७ भई हाल व्यास न.पा. वडा नं. ५ बस्ने **दुर्गी सरा थापा** (ना.प्र.नं. ५००, जि.प्र.का. तनहुँ, जारी मिति २०४४/१०/२७) ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** मन वहादुर थापाको बुहारी, कृष्ण थापाको पत्नी, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ७ भई हाल व्यास न.पा. वडा नं. ५ बस्ने **दिपु थापा** (ना.प्र.नं. ४३१००१/१०२७४१, जि.प्र.का. तनहुँ, जारी मिति २०६४/०८/०७) ।

**ख.** भक्तु थापाको नाति, मन वहादुर थापाको छोरा, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ७ भई हाल व्यास न.पा. वडा नं. ५ बस्ने **होम बहादुर थापा** (ना.प्र.नं. ८७३९३, जि.प्र.का. तनहुँ, जारी मिति २०६२/१०/१३) ।

**ग.** मन वहादुर थापाको बुहारी शिशिर थापाको पत्नी, धादिङ्ग जिल्ला, क्षेत्रदेउराली गा.वि.स. वडा नं. ९, भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ५ बस्ने **सुषमा पाठक** (ना.प्र.नं. ८२०/६१८०, जि.प्र.का. काठमाडौं, जारी मिति २०५२/०९/१९) ।

**धितो सुरक्षणको विवरण :**

**१. धितो जमानतकर्ता दुर्गी सरा थापा**को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, गुणादी गा.वि.स./न.पा. वडा नं. २, नक्सा सिट नं. २ क स्थित कित्ता नं. ११७२ को क्षेत्रफल ०-३-१-२ (रोपनी) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु ।

**शाखा कार्यालय : बिराटचोक, मोरङ्ग**

**ऋणीको नाम :** कलकतु चौधरी थारुको बुहारी, परशुराम माझी थारुको छोरी, मदन कुमार चौधरी थारुको पत्नी, मोरङ्ग जिल्ला, बनिगामा न.पा/गा.पा. वडा नं. ५ भई हाल ग्रामथान गा.पा. वडा नं. ६ बस्ने **रिता कुमारी माझी** (ना.प्र.नं. १३२, जि.प्र.का. मोरङ्ग, जारी मिति २०४४/१२/२६) ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** सुरेसिहं चौधरी थारुको नाति, कलकतु चौधरी थारुको छोरा, मोरङ्ग जिल्ला मोतिपुर न.पा./गा.पा. वडा नं. ३ भई हाल ग्रामथान गा.पा. वडा नं. ६ बस्ने **मदन कुमार चौधरी थारु** (ना.प्र.नं. २७, जि.प्र.का. मोरङ्ग, जारी मिति २०४४/१२/१७) ।

**ख.** कलकतु चौधरी थारुको नाति, मदन कुमार चौधरी थारुको छोरा, मोरङ्ग जिल्ला, बनिगामा न.पा./गा.पा. वडा नं. ५ भई हाल ग्रामथान गा.पा. वडा नं. ६ बस्ने **चन्द्र नारायण चौधरी थारु** (ना.प्र.नं. ५/२२३५, जि.प्र.का. मोरङ्ग, जारी मिति २०६२/०५/२०) ।

**ग.** मदन कुमार चौधरी थारुको बुहारी, भगरु भगत थारुको छोरी, चन्द्र नारायण चौधरी थारु पत्नी, मोरङ्ग जिल्ला, बनिगामा न.पा./गा.पा. वडा नं. ५ भई हाल ग्रामथान गा.पा. वडा नं. ६ बस्ने **शुशिला कुमारी चौधरी** (ना.प्र.नं. ०५-०१-६९-०९९८३, जि.प्र.का. मोरङ्ग, जारी मिति २०६९/१२/०७) ।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता रिता कुमारी मार्झी**को नाममा मालपोत कार्यालय विराटनगरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, मोतिपुर न.पा./गा.पा. वडा नं. ४, नक्सा सिट नं. १७८-०३५१, स्थित कित्ता नं. १३४ को क्षेत्रफल ४०४० (व.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : डुम्रे, तनहुँ**

**ऋणीको नाम :** होम वहादुर गाघा मगरको बुहारी, जिवन गाघा मगरको पत्नी, तनहुँ जिल्ला, जामुने गा.वि.स. वडा नं. ९ भई हाल बन्दिपुर गा.पा. वडा नं. २ बस्ने **सुमिना गाघा मगर** (ना.प्र.नं. ४३३००४/४५७, जि.प्र.का. तनहुँ, जारी मिति २०६३/११/१२) ।

**धितो जमानतकर्ता :** धन वहादुर गाघा मगरको नाति, होम वहादुर गाघा मगरको छोरा, तनहुँ जिल्ला, म्याग्दे गा.वि.स. वडा नं. १ भई हाल बन्दिपुर गा.पा. वडा नं. २ बस्ने **जिवन गाघा मगर** (ना.प्र.नं. ६५७०२, जि.प्र.का. तनहुँ, जारी मिति २०५७/०५/११) ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** चमन वहादुर गाघा मगरको नाति, धन वहादुर गाघा मगरको छोरा, तनहुँ जिल्ला, जामुने गा.वि.स. वडा नं. ९ भई हाल म्याग्दे गा.पा. वडा नं. १ बस्ने **होम वहादुर गाघा मगर** (ना.प्र.नं. ३४२, जि.प्र.का. तनहुँ, जारी मिति २०४६/०३/१५) ।

**ख.** धन वहादुर गाघा मगरको बुहारी, होम वहादुर गाघा मगरको पत्नी, तनहुँ जिल्ला, म्याग्दे गा.पा. वडा नं. १ बस्ने **मिन कुमारी गाघा मगर** (ना.प्र.नं. ४३-०१-७९-००२११, जि.प्र.का. तनहुँ, जारी मिति २०७९/०१/०८) ।

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता जिवन गाघा मगर**को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, जामुने गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९ ञ स्थित कित्ता नं. १४४ र १४७ को क्षेत्रफल क्रमशः ०-१२-०-० र ०-९-२-० (रोपनी) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**नोट :** ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो । जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com



नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, अध्यक्ष : शोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुइँटेल